CC-0. In Public Domain. Digitization by eGangotri

माघमास माहात्म्य ज्ञानसागर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक/सम्पादक : रङ्गनाथ (हरि) उपाध्याय नेपाल
भाषा सम्पादन : नारायणप्रसाद नेपाल

व्यवस्थापक : शम्भुप्रसाद नेपाल
कम्प्युटर डिजाइन : राम खड्का
चित्र : शिशिर अधिकारी

संस्करण २०६३

प्रकाशक
राजेन्द्रप्रसाद नेपाल
नयाँ वस्ती, जोरपाटी, काठमाडौं

मुद्रक : एभरेष्ट प्रिन्टिङ्ग प्रेस
धोवीधारा, काठमाडौं
फोनः ४४४४२०५

मूल्य रूः १२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान सागर स्वस्थानी गंगा

मलाई यो महात्मा तयार गर्न सहयोग गर्नुहुने महानुभावहरूलाई धन्यवाद दिन चाहान्छु । विशेषगरी पण्डित नारायणप्रसाद न्यौपाने, (काठमाडौं), पं. भवनी शंकर अधिकारी, (मकवानपुर), पं. ज्ञानप्रसाद पौडेल, (पर्वत) र पं. रामप्रसाद ढकाल, (रसुवा), यहाँहरूको महत्वपूर्ण सल्लाह, सुझाव र सहयोगबाट यो पुस्कत प्रकाशमा ल्याउन सफल भएको छु । मेरो घर परिवारबाट पनि ठूलो सहयोग पाएकोमा उनीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । त्यसैगरी मलाई सहयोग गर्नुहुने तारा देवकोटालगायत *नौलो शैक्षिक विहानी* राष्ट्रिय मासिक परिवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

पं. रङ्गनाथ (हरि) उपाध्याय नेपाल
सम्पर्क फोन : ४४६८६७४, ०१६२०८०३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक/सम्पादक : रङ्गनाथ (हरि) उपाध्याय नेपाल
भाषा सम्पादन : नारायणप्रसाद नेपाल

व्यवस्थापक : शम्भुप्रसाद नेपाल
कम्प्युटर डिजाइन : राम खड्का
चित्र : शिशिर अधिकारी

संस्करण २०६३

प्रकाशक
राजेन्द्रप्रसाद नेपाल
नयाँ वस्ती, जोरपाटी, काठमाडौं

मुद्रक : एभरेष्ट प्रिन्टिङ्ग प्रेस
धोवीधारा, काठमाडौं
फोनः ४४४४२०५

मूल्य रूः १२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान सागर स्वस्थानी गंगा

मलाई यो महात्मा तयार गर्न सहयोग गर्नुहुने महानुभावहरूलाई धन्यवाद दिन चाहान्छु । विशेषगरी पण्डित नारायणप्रसाद न्यौपाने, (काठमाडौं), पं. भवनी शंकर अधिकारी, (मकवानपुर), पं. ज्ञानप्रसाद पौडेल, (पर्वत) र पं. रामप्रसाद ढकाल, (रसुवा), यहाँहरूको महत्वपूर्ण सल्लाह, सुझाव र सहयोगबाट यो पुस्कत प्रकाशमा ल्याउन सफल भएको छु । मेरो घर परिवारबाट पनि ठूलो सहयोग पाएकोमा उनीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । त्यसैगरी मलाई सहयोग गर्नुहुने तारा देवकोटालगायत *नौलो शैक्षिक विहानी* राष्ट्रिय मासिक परिवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

पं. रङ्गनाथ (हरि) उपाध्याय नेपाल
सम्पर्क फोन : ४४६८६७४, ०१६२०८०३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

हाम्रा पूवर्ज ऋषि महर्षिहरूले दिनुभएका दिव्य उपदेशहरू अध्यापि शास्त्र पुराणहरूमा पाइन्छ ती दिव्य उपदेश ज्ञान, धर्म, कर्म, नीतिनियमको पालना गरी सुमार्ग हिड्न सम्पूर्ण मानवको परम कर्तव्य हो । अहिले कालान्तर भएर कलियुग आएर मानिसहरूले धर्म, शास्त्र, पुराण, कुलाचार छाड्दै आएको धेरै पाइन्छ, जब धर्म, कर्म छुट्दछ तब मानिसमा आसुरी भाव उत्पन्न हुन्छ । यसको निराकरण गर्नको लागि धर्ममा दृढ विश्वास गर्नु नै एक ठूलो उपाय हो । यो उपाय बराबर अर्को दोश्रो उपाय त्यति उपयोगी देखिँदैन । तसर्थ हाम्रा पूर्वजले मान्दै आउनुभएका गङ्गा स्नान तीर्थको फल महिमा अहिंसाको ब्रत महिमा शिवपूजा विष्णु पूजाको फल तुलसी रोपण पूजा ब्रत महिमा त्यस्तै सालिक राम शिला पूजा महिमा एकादशी ब्रत उपवास महिमा अतिथी सेवा प्राण याम विशेष गरेर तीर्थ राज प्रयागको फल वर्णन कुकर्म गर्ने जनहरूलाई नरकको यातना एवं प्रेत पिशाच राक्षस भई दुःख दरीद्र धेरै जन्मसम्म व्यहोर्न परेको इतिहाससहितका कथाहरू यो माघमास माहात्म्यमा पाइन्छ । यो माहात्म्य पच्चीस अध्याय मात्र भएपनि यो माहात्म्य अध्ययन पालना गर्नाले मानिसहरू ज्ञानी भई सुमार्गमा अवश्य लाग्ने छन् भन्ने आत्म साथ गरी सर्वसाधारण जनहरूको पनि ज्ञान हवोस् भन्ने विचार गरी थप नाम ज्ञान सागर गरी विश्व शान्तिको कामना राखेर मेरो जो वुद्धि विवेकले देखेको प्रकाशमा ल्याएको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पण्डित रङ्गनाथ नेपालजीले यो माघमास माहात्म्य पद्मपुराणको उत्तरखण्डको वशिष्ठ ऋषि र दिलीप राजाको संवादबाट बनेको र प्राचीनकालदेखि लुकीरहेको माहात्म्यलाई सभक्ति श्रद्धाले जनसमक्ष प्रचार प्रकाश गर्न लाग्नु भएकोले उहाँलाई श्रद्धासुमन अर्पण गर्दै धन्यवाद दिन चाहान्छु । उहाँको अथक प्रयासले गद्य/पद्य भाषा र लोकमा पनि बुझाउने प्रयास गर्नु भएको छ । यसको पद्मपुराणको साथसाथै कन्दपुराण स्वस्थानी ब्रत माघमाहात्म्य एउटै माघस्नानसँगै यो कथा पूजा गर्न अति उत्तम हुनेछ । अन्तमा यस पुस्तिका (पुराणको) सम्पूर्ण धार्मिक समाज, सज्जनभक्त, विद्धान वर्गहरूमा प्रेरणा मिलोस् भन्दै शुभकामना दिन चाहान्छु ।

दैवज्ञ ज्यो. दिन्यपुरुष ढकाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गणेशाय नमः

पौष शुक्ल पूर्णिमा आरभ्य माघ शुक्ल पूर्णिमायां उध्यापनं कुर्यात् अथ माघस्नान संकल्प हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत् ॐ विष्णु ॐ विष्णु ॐ विष्णु ।। श्रीमत् भगवतो माहापुराण पुरुषस्य विष्णोराज्ञया सृष्टि प्रर्वर्तमानस्य ब्रम्हणो द्वितीयपरावर्द्धे श्री स्वेतवराह कल्पे सत्य त्रेता द्वापरान्ते कलियुगस्य कलि प्रथम चरणे वैवस्वत मन्वन्तरे अष्टाविंशति युगे भारत वर्षे भरतखण्डे जम्वुद्विपे आर्यावर्तान्तगत नेपालदेशे माहाँकाली पूर्वे काशी विश्वनाथ उत्तरे हिमाञ्चल दक्षिणे श्री पशुपतिनाथ प्रधान देवस्थले अमुक जिल्ला ग्रामे अमुक नगरे अमुक पुण्यभुमौ अमुक अयने अमुक ऋतौ अमुक मासे अमुक पक्षे अमुक तिथौ अमुक वासरे अमुक राशी स्थिते श्रीसूर्ये अमुकराशी स्थितेदेवगुरु अमुक राशीस्थिते चान्द्रमसि अन्येषुग्रहेषुयथा यथास्थान स्थितेषु एवं ग्रहगणा विशेषेण विशिष्ठायां अमुक गोत्रोत्पन्न अमुक नाम शर्मणो वा अमुक नाम वर्मणो अमुक नाम गुत्पो अमुक नाम्नी देव्या अहं मम मनोवाक् काय कर्म जनितः माहापातक उपपातक नैसर्गिक भक्ष्या भोज्य पेयापेय ज्ञात्वाज्ञात्वा आजन्मोपार्जितम् पापं एवं पूर्व साप्तजन्म कृत पापशेषोशमनार्थं दुःख दरिद्र दुस्वप्नदुर्भाग्योपशनार्थं श्री विष्णो तोषणाय अमुक तीर्थे माघस्नानमहं करिष्ये ।। यति संकल्प पढेर स्नान गर्नु ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजाविधी

नित्य, कृत्य, कर्म, समाप्य धौत नवीन वाससि परिधाय पूजास्थानमागत्य आशने उपविश्य त्रिराचम्य पवित्री धारणम् शिखावन्धनम् नूतन यज्ञोपवित धारण पूर्वक प्रायश्चित्त गोदान पूवोक्त संकल्पमुच्चार्य कूर्यात् अर्धस्थापना कृत्वा स्वस्तिवाचन पूर्वक सर्षपादि विकिर्य दीप कलश गणेशादि संस्थाप्य ब्राम्हणवरण पुण्यावाचन दीप कलश गणेश पूजायित्वा रक्षावन्धन पूजा कृत्वा कलशस्य कन्धप्रदेशे गणपत्यादि वनस्पति पर्यन्त देवतादि पूजा कृत्वा धूप दीप नैवेधं शंख धण्टबादयेत् तदपश्चात्मध्ये नवीन ताम्रकलशोपरी थाल्यां कमलरूप अष्टकोण विलिख्य सुर्वण प्रतिमा बन्हौ तापयित्वा पंचामृतेन स्नात्वा हस्तजलं गृहित्वा कनीष्टाङ्गुलेन षोडष वारं ॐ जपित्वा षोडष संस्कार कृत्वा पुनः स्पेशनंप्राण प्रतिष्ठा ॐ मनोजुति जुषता माज्यस्य कृत्वा पूर्वादि क्रमेण ।

पंचोपचारेण दिग्पालान् देवता पूजयेत् ॐ पूर्वे इन्द्राय नमः ॐ अग्नेये अग्नेये नमः दक्षिणे ॐ यमाय नमः नैत्रृत्ये नित्रृत्ये नमः ॐ पश्चीमे वरुणाय नमः ॐ वायब्ये कोणे ॐ वायब्यायै नमः उत्तरे ॐ कुवेराय नमः इशाने ॐ इशानाय नमः उर्धे ॐ विष्णवेनमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधोदले ॐ अनन्ताय नमः इति पूजयित्वा धूप दीप नैवेध्य शंख घण्टवाद्येत् पुनः पूर्वादि क्रमेण पूजयेत् पूर्वे ।। ॐ काल्यैनम ॐ सरस्वत्यै नमः ॐ उमायै नमः ॐ विन्ध्यवासिन्यै नमः ॐ मनकामनायै नमः ॐ अन्न पूर्णायै नमः ॐ ग्रामदेब्यै नमः ॐ उर्धे आकाश देब्यै नमः अधो ॐ वनदेब्यै नमः धूप, दीप, नैवेद्य, शंख, धण्टवाद्येत ।। तत्रैव ।। लोमश ऋषि वेदनिधी ऋषि अग्नीप ऋषि यमदूत श्री कुण्डल विकुण्डलादि गन्धर्वकन्यादि पूजयेत अथ कमल पुष्प गृहित्व सहस्रशीर्षेन आवाहन कृत्वा भो लक्ष्मी सहित माधव नारायण यागच्छ यातिष्ठ मम पूजा गृहाण युष्माभ्यां यावत् पूजां करोमी तावतत्वम् सुस्थिरो भव प्रशन्न वरदो भवः स शक्ती काय ।। लक्ष्मी सहिताय माधवाय नमः ।। ध्यानं ।।

वैकुण्ठे कमनीय रत्न खचिते कल्पद्रु मुले स्थितम् ।।
निलेन्दीवर कान्ति । सुन्दर तनुं लक्ष्मी समालिङ्गीतम् ।।
गंगा निर तरङ्ग भूषित पदा नन्दं कृपा सागरम् ।।
किरिटी कृत वर्हि पिच्छमनिशं लक्ष्मी पतिमावहे ।।
ध्यानं स. लक्ष्मी माधवाभ्याम नम् ।।१।।

अवाहन् ।। मायासमेतम् शाशिना प्रभु त्वामावामहे पूजन मन्दिरेश्मिन् ।।विलोक्य भक्ति मम किंकरस्य लक्ष्मी पते सन्निधिमाश्रायाय ।।२।। आवाहनम् समर्पयामी ।।

आशनम ।। स्फुरत्प्रभं कांचन पुरपुरितम् शशाङ् माविन्दु समेत मेतम् ।। हत्पद्ममेतं विधिवन्मयाहृतं लक्ष्मीपते तुभ्यमिदं वराशनम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आशनं स. ।।३।। पाद्यम् ।। औदुंवरे सुन्दर भाजनेऽमले रेवाङ्किते पद्म दलानु कारिणी ।। संस्थापितं पाद सुखावहं शुभम् । मायार्पितम् पाद्य मिदं गृहाण ।। पाद्यं स. ।।४।।

अर्घ्य ।। जातिर पुरितमनेक विधै शुभैश्च, दुर्वा दलैश्च परिभूषितमेतद्दिश ।। लक्ष्मी पतेर्ननुगृहाण कारार्धमेही ।। भक्ताय पूरय निकाम सकाम कामै ।। अर्घ्य स.।। ५।।

आचमनीयम् ।। आनित माचमन वारिपरं पुनितं नाथ तदर्थ मिदमस्तीं दयानिधान लक्ष्मेश भक्त जनमोद निधान दत्त ।। आचम्य पूरय भक्तजना भिलाषम् ।। आचमनीयम् स. ।।६।।

पंचामृतं ।। दघ्नाघृतेन पययासा मधुनाम्वु मिश्रम् । गंगोदकेन तुलसी सहितेन रम्यम् । पंचमृतानी भुवानाधिप देह सुध्यै स्नानर्हमेतदति पुततम् गृहाण ।। पंचामृत स. ।।७।।

स्नानियम ।। यतत्तमालदल नील कलिन्दजातः ।। आनितमम्वु नितराम् तवमोदकारी ।। हे वैनतेय भुज संस्थित लक्ष्म घिश ।। निर्णेजनाय दयया भगवन्गृहाण ।। स्नान स. ।।८।।

अथ पुरुष सूक्तेन जलधारा कूर्यात् ।। अथ बस्त्रम ।। सुवास वास इति मन्त्र पूर्वकम् । तडित् प्रभं नूतनमम्वरं प्रभो ।। हिरणमयैर्त्तन्तु ततै विनिमितम् ददामि लक्ष्मीपतये समर्पितम् ब्र. स. ।।

यज्ञोपवतिम् ।। प्रजापते रेव समं गृहीत जन्माति पुतम् द्विज चिन्ह भूतम् ।। यज्ञोपवितम् भव दर्थमिश सम्पादितम् धारय मोदयस्मात् ।। यज्ञो पवीत स. ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्दनम् ।। पाटीर सम्भुतमभूत पूर्व सौगन्ध्य सम्वन्धुर मेतदिश ।। लक्ष्मीपते चन्दनमर्चितं ते मोदाय आलेपितमस्तु वस्तु । चंनदम् समर्पयामी

यव तिल ।। धान्य राजा स्वभक्त्या विष्णु प्रिति करायवा, तस्मादेतत् प्रदानेन ममस्त्व विकलम्फलम् ।। यवतिला स.

पुष्पमाला ।। वहुविधं कमलावर सुन्दरं समुचितं मकरन्द समन्वितम् ।।

विकशितम् कुसुमम् विनिवेदितम् कुरु सदा सफलं नयनान्जलै पुष्प माला स. ।।

अथ अङ्ग पूजा ।। ॐ केशवाय नमः चरणौ पुजयामी ॐ माधवाय नमः गुल्फौ पु. ॐ नारायणाय नमः जानुनी पु. ॐ श्रीधराय नमः कटीं पुं

ॐ पद्मनाभाय नमः नभिम् पु ।। ॐ दामोदयानमः वक्षस्थल पु. ॐ नीलकण्ठाय नमःकण्ठं पु. । ॐ ऋषि केशाय नमः कपोलौ पु. ॐ लक्ष्मीपतये नमः वाहौ पु. ॐ पुरुषोत्तमाय नमः ललाटं पु.

ॐ सर्वात्मने नमः सर्वाङ्ग पु.

धूपं ।। सौरम्य मानन्द करं मदियं यदीय धूपोपि विधूप धूपितम् ।। गन्धोस्ति धूपोज्वलते मयाविभो मोदावहे केशव जिघ्र जिघ्र ।। धूपं स.

दीपम ।। सद्वर्ति संपुरितमेस दीप आलोक्कारी तमस विदारि ।। प्रज्वालित स्नेहमये सुपात्रे लक्ष्मीपते चन्द्रमसं गृहाण दीपं स.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तौ प्रक्षल्य ।। नैवेध्यम् ।। न्यतितमाया. नवनीत मेत, द्राक्षादि रम्भासित
सर्करास्च ।। विधाय रम्ये कनकस्य पात्रे, दत्तंतु नैवेध्य मिदं गृहाण । नैवेध्यं स.
पुनः जलं ।। फलं ।। कर्पूर देव कुसुमै ऋमुकैर्लिकाभिः ।। संपूरिता मति
सुधा सुधयासुपुरम् ।। फलादिकं सुरजनेन सेवितम् कृत्वा अनेन भव मंगल मोद दाता ।। फलं स. ।।
ताम्वूलम् ।। पुङ्गि सुधैलाधनसार देव पुष्पैरपेतम् मुख मुण्डनं स्यात् । विहार हार्यम् नवरङ्ग गन्धम् गृहाण ताम्वुल मिदं मदर्पितम् ।। ताम्वुल स. ।।
दक्षिणमा ।। तत्देह संस्थानी जगन्निवास, तद्रोम कुपेषु चदेव संस्था प्रदक्षिण दक्षिणयो गृहाण कूर्वन्तु पापोध विनाशनाय ।। दक्षिणा स.।।
पुष्पाञ्जली चराचरं व्याप्तमिदं त्वयैव त्ववैव मायास्ती जगत् सभासम् ।। त्ववैव पुष्पाञ्जली रर्पितम् मया मोदाय लोकास्ती तथापि चास्तु ।। पुष्पाञ्जली स. ।।
नमस्कार ।। सशंख चक्रं सकिरिटि कुण्डलं सपीत बस्त्र सरसी रुहे क्षणं ।। सहार वक्षस्थल कौस्तुभ श्रीया नमामि विष्णु शिरमा चतुर्भुजम् ।।
अनया पूजया सपरिवाराप्रति भगवान् माधव पृयन्ताम् ।।
अग्नीस्थापना विधिले हवन पूर्णपात्र यथाशक्ति दानदक्षिणा आरती आदि गरिसकेपछि विसर्जन अभिशेष प्रसाद ग्रहण गर्नु ।। इति माधस्नान माधव पूजा विधी सम्पूर्णम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको नम्र निवेदन

आयो घोर कलि सबैतिर बली मानिस भए घेर्छली
मायाप्रेम भने भएन जनमा गर्छन् कति मनपरि

भ्रष्टाचार चल्यो जगत् विचमाहाँ हत्यार हिंसा बढ्यो
बाँच्नैलाई कठिन भयो जगतमा स्व धर्म नाशी गयो

अर्थ खोजी माँहा कति जनहरू अन्यायमा कुद्दछन् ।
लोग्ने स्वास्नी पनि धनै बीचमाँहा संग्राम् कति गर्दछन् ।

छोरा बाबु र दाजु भाइ बीचमा नाताहरूमा पनि
नाता तोडी जमान छोडी हिड्छन धनै ठुलो हो भनि

व्यवहार गर्न भनेर अर्थ बनि गो संसारको खातिर
छाडी जानु अवश्य पर्छ सबले सम्पूर्ण धन आखिर

यस्तो ज्ञान बुझ्रेर ज्ञानी हुन गै छाडेर लोभ हो जति
हिड्नु पर्छ सुमार्गमा सबजना सुधार गरी सब मति

हाम्रा पूर्वज जो महर्षिहरूले शास्त्रादीहेरू माँहा
दिएका कति छन् ती दिव्य उपदेश जानुन् सबैले यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने केही विचार भयो मनमांहा कृपा प्रभुको भई
माघमास माहात्म्य पंकज पुराण अध्याय पच्चीस ली

लेखे गद्य र पद्य मिश्रित गरी जानून् सबैले भनि ।
यत्तीमात्र पढे पनि जनहरू होलान्की ज्ञानी भनि ।।

माघमासमाँहा प्रत्येक घरमा स्वस्थानी खुब चल्दछ ।
त्यसका साथ माँहा माहात्म्य पनि यो चलाउँन ठीक पर्दछ ।।

यो जात् यो थर क्यै भनेर यसमा पर्देन गर्नु विचार ।
साझा हुन भगवान् मनुष्यहरूको सबलाई गर्छन स्वीकार ।।

दाजु भाइ र दिदी वैन्हीहरूले महात्म्य यो पढ्नु होस् ।
सार्थक पारी लिएर जिन्दगी पछि बैकुण्ठमा पाल्नुहोस् ।।

हे नारायण हे दयालु भगवान् बिन्ती म यो गर्दछु ।
इच्छा पूर्ण गराई बक्सनु हवस् पाउविषे पर्दछु ।।

जाहाँसम्म यी चन्द्र सूर्य पृथ्वीवि बग्दछन् नदी सागर ।।
ताहाँसम्म माहात्म्य यो चलिरहोस् बिन्ती छ हे माधव ।।

विद्धान् वर्गमाहा विनम्र निवेदन गर्छु म यो लेखको ।
मेरा गल्ती समस्त माफ गरियोस् बिन्ती छ यो विप्रको ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

नेपालदेखि लिएर पश्चिम तरर्फ् अन्दाजि नौ कोशमा
हाम्रो गाउँ रमाईलो छ बहुतै सुन्दर बनेको त्यहाँ ।

जिल्ला हो नुवाकोट,सदरमुकाम विदुर, भिल्टुङ् रातमाटे गाउँ
त्रिशुली नदी बग्दछिन् सलसली पवित्र पारी त्यो ठाउँ ।।

ठूला फाँट र टारहेरूपनि छन् बस्ती छ चार वर्णको ।।
फाँट्को माभ्क माँहा भीमेश्वर महादेव रक्षा गरि बस्नुभो ।।

उच्चा शिखरमा भिल्केश्वर माहाँदेव कुमारीमाई अनि ।
पाहाड्को फेदीमा शिलास्वरूपकी छिन् शिला देवी पनि ।।

त्रिशुली नदीको किनार तटमा सुन्दर छ यौटा गुफा ।
बस्छन् रूप शिला लिएर त्यसमा तेत्तीस कोटी, देवता ।।

यस्तो पूण्य भूमि भिल्टुङ्ग गाउँको रातमाटे गा.वि.स.मा
ब्राम्हण कुलका नेपाल थरका पिता रेवती रमण

माता रेणुका नाम देवी उनको कोख्मा गई बास गरे
कर्मैको गतिनै प्रधान हुन गई भवाटवीमा परे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विक्रम सम्वत् दुई हजार अनि चार साल जेष्ठ मैना माहा १
शुल्क पक्ष तिथी एकादशी पऱ्यो नाम निर्जलाको दिन

चित्रा नाम नक्षत्र पाउ तिनमा आएँछु जन्मै लिन
गुरु पंडित ज्योतिषीहरू सबै आएर हेरी लिए
शुभाशुभ बताई फल गुरुजीले नाम रङ्गनाथ राख्दिए ।

पिताले घरमा बोलाउनु हुँदा हरि भनि भन्नु भो
उमेर केही भयो केही पढिलिया हरि पंडित नाम रह्यो

मेरा यी दुई नाम बराबरी गरि प्रख्यात छ गाउँ घर्माहाँ
मैले गर्न सकिन केही अझ तक् चिन्ता छ यो मन्माहाँ

त्रिशुली नदीको दक्षिण तटमा मेरो थ्यो यौटा कुटी
दर्शन त्रिशुलीको गरेर बस्दथ्ये किसान हो मेरो स्थिति

कर्मैको गतिले गरेर अहिले छाडेर घर खेत उसै
सारै दुःखी भई जाहान परिवार बास गर्छौं काठमाण्डु गै

सारा देश विदेश वासी दाजु भाइ दिदी बहिनी माँहा
भक्तिपूर्वक प्रेमले म गर्दछु सब्लाई यो प्रार्थना

मैले दिन सकिन क्यै तर पनि इच्छा छ क्यै मागिलनु
संसारदेखि हरि विदा भाको सुने राम राम यति भन्दिनु ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुमा प्रार्थना



हा राम राम हे राम हे कृष्ण कृष्ण हे हरि ।
आँए चौरासीमा घुम्दै मनुष्य देह यो घरी ।।
जानु पर्ला काँहा फेरि थाहा छैन यहाँ भनि ।
नबिर्सु प्रभुको नाम जहाँ जन्म लिए पनी ।।

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गला चरणम्

यं ब्रम्हा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।

ध्यानावस्थितद्गतेन मनसा पश्यन्ति यं योगीनो
यस्याऽन्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ।।१।।

श्रीमच्चन्दनचर्चितोज्ज्वलवपुः शुक्लाम्बरा मल्लिका-
माला लंकृतकुण्डला प्रविलसन्मुक्तावलीशोभिता ।

सर्वज्ञाननिदानपुस्तकधरा रुद्राक्ष मालाकरा
वाक्देवी वदनाम्बुजे वसुत मे त्रैलोक्यमाता चिरम् ।।२।।

मूकं करोति वाचालं पङ्गुलङ्घयते गिरम् ।
यत्कृपातमहं वन्दे परमानन्द माधवम् ।।३।।

नमो भगवते तस्मै व्यासायामिततेजसे ।
यस्य प्रसादाद्वक्ष्यामि नारायणकथामिमाम् ।।४।।

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ।। ५ ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री माघमास माहात्म्य ज्ञानसागर



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गणेशाय नमः

श्री सरस्वत्यै नमः श्री गुरु वेदव्यासाय नमः
अथमाघमहात्म्य ज्ञानसागर मङ्गला चरणम्

हे लम्वोदर हे विनायक गुरु हे सिद्धिदाता प्रभो
हे गौरी सुत हे प्रभो गणपते कोटी नमस्कार यो

सारा विघ्न हटाई सिद्धि दिनुहोस् बिन्ती म यो गर्दछु
इच्छा पूर्ण गराई बक्सनु हवस् पाऊ विषे पर्दछु

हे माताभुर्वनेश्वरी भगवती हे शारदे भारती
कोटी कोटी प्रणाम गर्छु जननी पाउँविषे शिर्धरी

भाषा गध्य र पध्य लेख्न महिले माघमास माहात्म्यको
यसको पूर्ण गराई बक्सनु हवस् इच्छा मलाई भयो

अथ प्रथमोऽध्याय

नैमिषराण्य नाम अतिपावन क्षेत्रमा ८८ हजार शौनकादि ऋषिश्वरहरूले सुतजीसँग यो प्रशन गर्नुहुन्छ । हे सुतजी हजुरले हाम्रो र सम्पूर्ण लोकको लागि भुक्ति मुक्ति दिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



(शिव पार्वती : सम्वाद) (सुत शौनक : सम्वाद)

कार्तिक महात्म्य हामीहरुलाई सुनाउनु भयो । जुन कार्तिक महात्म्य सुन्नाले हामीहरु कृतकृत्य भयौं पुनः हजुरको कृपा भएमा माघमाहात्म्य पनि श्रवण गर्ने थियौं । जो माघमहात्म्य

(राजा सेनासहित)

सुन्नाले सम्पूर्ण लोकहरूको विभिन्न शंका जान्छ । सो माघमाहात्म्य पहिले कोद्धारा प्रकाशमा आएको हो सो उपर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माघस्नान व्रत विधि इतिहाससहित बताउनु होस् भनि नैमिषारण्य निवासी ऋषिश्वरले प्रश्न गर्दा सुतजी शौनकादी ऋषिश्वरहरूलाई बताउन लाग्नुभयो । हे ऋषिश्वर तपाईहरूले उत्तम प्रश्न गर्नुभयो किनकी तपाईहरू कृष्णभक्तिमा पारायण हुनुहुन्छ ।



(ऋषि राजा : सम्वाद)

भगवान् कृष्णका लिला कथा सोध्नुहुन्छ म तपाईहरूलाई माघमहात्म्य पुण्य बढ्ने पापको नाश गर्ने प्रातः कालमा स्नान गर्नाले जो पुण्यफल मिल्दछ सो माघमहात्म्य बताउँदछु सुन्नुहोस् । कुनै एक दिन माता पार्वतीले शिवजीका समीपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नम्रतापूर्वक बिन्ती गर्नुभयो । हे देवदेव हे महाँदेव हे भक्तवत्सल हे अभयदाता मेरा उपमार प्रशन्न हुनु हवस् ।। मैले हजुरले बताउनु भएको धर्मकथा धेरै सुनिसके अझै पनि तृप्त छैन फेरि पनि मेरा उपमार कृपाराखी माघमाहाम्य पनि सुनाई बताई बक्सियोस् । जुन माघमहात्म्य पहिले कसले, कसलाई सुनाएको हो सो महात्म्य सुनेर कस-कसले ब्रत गरेका थिए । ब्रतविधी केहो तथा कुन देवता अधिष्ठता हुन्छन् भनि माता पार्वतीले सोध्दा श्रीमहादेव आज्ञा गर्नुहुन्छ- हे पार्वती तिमी एक चित्त भएर सुन पैल्हे कालमा दिलीप नाम गरेका राजाले यज्ञ गरेर यज्ञ पूर्ण गरी सम्पूर्ण शहरवासीहरूको अभिवादन सन्मान स्वीकार गरी अङ्गमा सुगन्धी चन्दन लेपन पनि गरी उत्तम सुन्दर बस्त्र पैरेर पाउमा जूत्ता लगाई शीरमा नील पगडी लगाई हातमा धनुर्वाण लिई ठोत्रो काधँमा बोकी मृग शिकारमा उत्सुक भई सेनासमेत साथमा लिएर वन शिकारमा जाँदा भए ।। सिंहका समान पराक्रम भएका सुन्दर युवा राजा विशाल वनखोला नाल झर्ना नाँघी जाँदामा केही टाढाबाट अति उत्तम एक मृग देखियो ।। त्यो मृग देखेर फौजहरूले राजालाई महाराज वाण हान्नुहओस् वाण हान्नु हओस् मृग भाग्न लाग्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दथे । राजा आफै वाण हान्नुहुन्थ्यो । यस्ता प्रकारले राजा त्यस वनको शोभा र वन जनावरलाई हेर्नुहुन्थ्यो ।

देखिन्थे मृगका बथान डरले मानिसको शब्द भै
ठाडो मुख गरेर शीघ्र गतिले भाग्थे दिशा दश सबै

ठूला शेर र सिंह बाघ चितुवा गर्जेर थर्काउँथे
भालु चित्तल अन्य जातीहरूले कोलाहलै गर्दथे

तिन्को शब्द ध्वनि मिलेर वन त्यो गुञ्जायमान् भै सबै
देखिन्थ्यो विकराल भयावह स्थिति जानै नसक्ने कतै

टोड्कामा खुशीले बसेर अनि त्यो लाटोकोरो पनि
मिठा शब्द निकाली गान गरद्थ्यो उन्मत्त साह्रै बनी

बँदेलले खनी खोर्सदा वनमहाँ खाडलहरू थे अति
लागि वाण मृगहेरू भागी हिँड्दा रक्तै थिए मार्ग ती

सिंहैले मृगलाई मार् गरिदिंदा रक्तै बगी भूमि त्यो
देखिन्थ्यो अति लाल ती स्थलहरू पाइला पनि सिंहको

अर्ना भैंसीहरू पनि घुमदथे स्तनको ठूलो भारली
हेर्दामा रणभूमि झैं प्रतित त्यो हुन्थ्यो मनैमा कति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्षैबोट माहाँ लतादीहरूले बेरेर झाँडी बन्या
राम्रा फूलहरू फूलेर वनमा सुगन्ध छाई दिया

भगवान् शङ्कर आज्ञा गर्नुहुन्छ । हे पार्वती यस्तो चित्र विचित्र वनमा फूलको रस लिन आएका भमराहरूले भूँभूँ शब्द गर्दथे ।। कतै ठूला खाडलमा सर्पका काँचुली आधा निस्केको देखिन्थ्यो, काँही वन डढेलो लागि रहेको थियो । अग्नी ज्वालाज्योति सुन्दर शिलामा टलकन्थ्यो, कहीँ सिंह ब्याघ्र मृगहरू कराएको शब्दले वनजङ्गल गुञ्जायमान हुन्थ्यो । कतै कुकुरको बथानले खरायोहरूलाई खुब दपेटदथ्यो ।। यस्तो घनघोरको जंगलमा राजा शितल छाहारीमा विश्राम गर्दै जानुहुन्थ्यो । सेनाहरू भने कोलाहल शब्द गर्दथे ।। अर्कोतर्फ ब्याधाहरूको जमात पनि शिकार गर्न कोलाहल शब्द गर्दथे । त्यो शब्द सुनेर आत्तिएको एक ठूलो सुन्दर मृग जंगलबाट फुत्त निस्कियो । त्यो मृगलाई राजाले देख्नुभयो त्यो मृग चार पाऊ शीघ्र गतिले चालेर ठाडो मुखगरी कहिले उडेसमान देखिन्थ्यो, कहिले भूमिमा देखिन्थ्यो, कहिले झाँडीमा छेकिन्थ्यो, राजा त्यही मृगको पछि लागरे दपेट्दै जाँदा भए ।। जाँदा-जाँदा एक वनबाट अर्को वन पुगेपछि मृग अदृश्य भयो ।। राजा परिश्रम थकाईले गर्दा आकुलब्याकुल हुनुभयो । प्यासले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि साह्रै बाधा गर्‍यो, घामले गर्दा मुख तालु रातो भयो, पसिनाले शरीर भिज्यो, मध्य दिन भयो, त्यसपछि राजा घोडाबाट ओर्लिएर यताउता हेर्दा अगाडि अपूर्व एक मनोहर सरोवर देख्नुभयो ।। सरोवर किनारामा बोटवृक्षहरूले भरिएको थियो । वृक्षका छहारीले शीतल-शीतल भएको जल भरिपूर्ण थियो । जलमा कमल फूलहरू प्रफूल्ल थिए ।। भमराहरू फूलको रसलोभले आएर आफ्नो शब्द ध्वनि गरेर कमल फूलहरूमा बस्दथे ।। मानौं फूलहरूको चमत्कार देख्दामा मारकतमणिको समान भान पर्न जान्थ्यो, त्यस सरोवर जलमा मत्स्य कच्छप स्व-छन्दताले चल्दथे, जस्तै साधुहरूको मन स्वच्छ हुन्छ । त्यस्तै थियो अन्तर भित्र क्रूर स्वभाव भएका ग्राह गोही पनि थिए । जस्तै पापीहरूको भित्री मन दुष्ट हुन्छ । त्यस्तै धेरै जातका पंक्षीहरूको अहोरात्र निवासस्थल पनि त्यहिँ नै थियो ।। त्यससरोवरमा अगामन गर्ने सम्पूर्ण प्राणीहरूको दुःख चिन्ता हरण गर्ने । वृक्षहरूलाई आफ्नो जलले तृप्त पार्दथ्यो जस्तै आफ्नो पितृहरूलाई छोरा नातीहरूले जल तर्पण गरेर तृप्त पार्दछन् ।। चन्द्रमाको किरणले शीतल छाएको थियो । त्यस्तो सरोवर देखेर राजाको श्रम थकाई नाश भयो ।। जस्तै काकाकुललाई मेघको गर्जना सुनेर ग्लानी जान्छ । त्यस्तै राजाको ग्लानी नाश भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्दले छायो ।। त्यस सरोवरमा राजाले आफ्नो मध्यान्हिक क्रिया कर्म गरेर जलपान गर्नुभयो ।। सरोवर किनारमा वास गरी सेनाले सहित भएर मृगमांस भोजन गरेर राम्रा-राम्रा मनोहर कथा भन्नुभयो ।। तत्पश्चात सैनिकहरू वृक्षका फेदमा धनुर्वाण लिएर पाले पहार गर्दा भए । त्यस वन जङ्गलमा रात्री भएपछि ब्याधाहरू आएर बँदेलको शिकारको लागि मार्ग रोके । ब्याधाले मार्ग निरोध गरेपछि बँदेलका बथान सरोवरमा कमल फूल खान आए ब्याधाहरूले बँदेल मार्दा भए ।। तिनको शब्द सुनेर सेनाले पनि कति बँदेल मारे राजाको सेना देखेर ब्याधाहरू जाई लागे । सेनाहरूले ब्याधाहरूलाई छिन्न भिन्न पारी मारे । त्यसपछि प्रातःकालमा राजा सेनाले सहित सरोवरबाट निस्किएर आफ्नो दरबार जानको लागि प्रस्थान गर्नुभयो । बाटामा एक तपश्वी बृद्ध ब्राम्हण हारित नाम गरेका शंख चक्रको चिन्हले सुशोभित भएका वैखानस धर्ममा रहेका ब्राम्हणलाई देख्नुभयो । ती ब्राम्हण ठूलो कठोर नियममा रहेका, शरीर दुब्लो भएका, केलब हाड र छाला मात्र रहेका, शान्त स्वरूपका, मृगचर्म धारण गरेका, नरम बल्कलाई अङ्गमा लगाएका, नखजटा पालेका, वेदपाठ गर्ने भएका यस्ता वनाश्रमी ब्राम्हणलाई देखेर राजाले बाटो छाडेर यथाशीघ्र दुईहात जोडेर शीरले प्रणाम गर्नुभयो ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राम्हणले पनि यी पुरुष अलङ्कार हेर्दामा अवश्य नै राजा हुन् भन्ने चिनेर परोपकार श्रेयको चाहना राखेर भन्नुभयो । हे राजन् यो पुण्य समय माघमास प्रातःस्नान सरोवर छाडेर के कारण जानुहुन्छ भनेर ब्राम्हणले सोधे ।।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये ज्ञानसागेर दिलीप मृगयायां गमनोनाम प्रथमोऽध्याय ॥

अथ द्वितीयोऽध्याय

श्री सुतजीशौनकादी ऋषिश्वरहरूलाई बताउनु हुन्छ ।। हे ऋषित्र्वर यस्ता प्रकारले सोधिएका राजा दिलीप भन्नुहुन्छ हे ऋषित्र्वर मलाई माघस्नान पुण्य फल कस्तो हुन्छ केही ज्ञान छैन । विस्तारपूर्वक बताई बक्सियोस् भनेर विनम्रपूर्वक सोध्नुभयो । सोधिएका वैखानस बननिवासी वृद्ध हारित ब्राम्हण आज्ञा गर्नुहुन्छ ।। हे राजन् अन्धकारलाई नाश गर्ने भगवान् श्री सूर्योदयको यो समय स्नान गर्ने समय हो, कथा सुनाउँने मलाई अवसर छैन, यसै सरोवरमा स्नान गरेर आफ्ना कुलका आचार्य गुरु वशिष्ट समक्ष गएर सोध्नुहोस् भनेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि सरोवरमा स्नान गर्न जानुभयो ।। दिलीप राजा पनि त्यहाँबाट फर्की सरोवरमा गएर स्नान जप गरेर फिर्ता भई दरवारमा आएर वन शिकार जाँदामा वानप्रस्थि ऋषिले बताउनु भएको माघमास स्नान महत्व मन्त्रीहरूलाई सुनाएर सल्लाह लिई उत्तम बस्त्र पैरी सुन्दर श्वेत अश्वहरू सजाएर उत्तम रथमा बसी छत्र चामरले सुशोभित भई अलंकार समेत पैही मन्त्रीहरू साथमा लिई बन्दी जनहरूले यस गाउँदै जय जयाकार गर्दै वानप्रस्थी ऋषिको वाक्य सम्झी वसिष्ठ गुरुको आश्रममा जानुभयो ।। गुरु आश्रममा गई नम्र पूर्वक नमस्कार प्रणाम गर्नुभयो ।। गुरुले पनि शुभ आशिर्वाद दिनुभई आशन दिलाई कुशल प्रश्न गर्नुभयो ।। गुरुबाट कुशल प्रश्न पाएर राजा दिलीप वानप्रस्थ ऋषिको वाक्य सम्झी गुरुको मन आनन्द हुनेगरी मधुर स्वरले बिन्ति चढाउनुहुन्छ ।। हे गुरु, हजुरको कृपाले गर्दा मैले धेरै धेरै आचार, धर्म, दण्ड, नीति, राजधर्म अरु चार वर्णहरूले गर्नुपर्ने क्रिया, कर्म, दान, यज्ञको विधान ब्रतको विधि भगवान् विष्णुको आराधाना धर्म, कर्म हजुरबाट धेरै सुने, तर पनि अहिले मलाई माघमास स्नान गरेको पुण्य के-कस्तो हुन्छ के विधान छ, माघस्नान गर्न कुन-कुन तीर्थहरूमा उत्तम फल मिल्दछ । सो पनि सुन्नाको अति इच्छा भइरहेछ यदि गुरुबाट कृपा भए सुन्न सक्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएँ भनेर राजा दिलीपले बिन्ती चढाएपछि गुरु वशिष्ठ आज्ञा गर्नुहुन्छ हे राजन् तपाईंले उत्तम प्रश्न गर्नुभयो किनभने यो प्रश्नले गर्दा तीनै लोक भूर्भूव स्वर्गको कल्याणकारी छ ।। शुद्ध चित्त भएर वनमा कुटी गरिरहेका ऋषिमुनीहरूलाई पनि कल्याणकारी छ ।। कामिनी स्त्रीहरूको कटाक्षले हेर्दामा



(वशिष्ठ आश्रममा राजा जानुभएको: सम्वाद)

जो जनहरूको मन धीर भई खण्डित हुँदैंनन्, ती जनहरू माघमासमा पुण्य तीर्थमा स्नान गर्न इच्छा गर्दछन् । अग्नीमा हवन विना अरु धर्मकर्म विना सद्गतिको यदि चाहना राख्छन् भने ती जनहरूले माघमासमा घरबाहिर प्रातः कालमा स्नान गरुन् । जो मनुष्यले गाई सुवर्ण मणी माणिक्यादि दान गर्न नसके पनि दानादिको पुण्यफल इच्छा राख्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनहरूले माघमासमा प्रातः कालमा पुण्य तीर्थमा स्नान गरुन् ।। एक्काईस दिनसम्म शरीरलाई सुकाएर कठोर चान्द्रायण ब्रत नगरी स्वर्गको इच्छा राख्ने जनहरुले नित्यमाघस्नान गरुन ।। बैशाखमासमा हरि भगवान्को पूजा उत्तम मानिएको छ । कार्तिक मासमा तपस्या उत्तम बताएको छ ।। माघमासमाता तपस्या, दान, स्नान, होम अति उत्तम मानिएको छ । यी कर्महरू निरन्तर गर्ने मनुष्यहरू भुपति हुन जान्छ । यस्ता पुरुषको बुद्धि मोक्ष प्राप्त गर्ने प्रकारको हुन्छ ।। दिव्य दृष्टि भएका माहात्माहरूले भनेको छ । माघमासमा स्नान, दान, जप, तप गर्नाले अनन्त पुण्य फल मिल्छ । ऐश्वर्यादिको कामनाले होस् वा सन्तानको कामनाले होस् वा भगवान् नारायणको निमित्त होस् अथवा अरु कुनै कामनादिको लागि होस् शुद्ध देहले दत्त चित्त भई स्नान ब्रत गर्नाले मनुष्यले साष्टि, सारुप्य, सामिप्य, सालोक्य चार प्रकारको गति प्राप्त गर्दछन् ।।

माघस्नान पुण्यले नपाईले केही छैन ।
बाह्रै वर्ष निरन्न भै आदितिले स्नान् गर्नु भो माघमा
छोरा बाह्र आदित्य जन्मनगए तीनलोक प्रकाश पारन्या

सुभगार अरन्धती दान शीला रोहिणी देवी शची
माघस्नान्को फलले ठूला महलमा पाए सबैले पति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोभा भारी विचित्र प्राङ्गणमाहा हुन्थ्यो सधैं नाच गान
रङ्गी चङ्गी दीपावली बलदथे स्त्री बस्दथे रूपवान्

पूजा पाठले मनोरथ थियो शोभा अतिथी थिए
हर्षैमन गरिबस्दथे सबजना माघस्नान जति गर्दथे

स्नान् गर्छन् जतिले मकर रवि हुँदा गर्छन पूजा जो जति
इष्ट चिजहरू त्याग गरेर ब्रत जोगर्छन् नियममा बसी

धर्मैको प्रशव गराउने माघ हो पापलाई नाश पारने
इच्छा पूर्वक फल दिने ब्रत गरे निष्कामले ज्ञान हुने

जो जो ज्ञानी र बन्माहाँ तपगरि बस्छन् निरन्तर सधैं
पूजा गर्दछ जो सदा हरिजी को माघस्नान गरुन् ती सबै

स्वर्गैदेखि खसेर मर्त्य भूमिमा आँउछन् अरु पुण्य भै
माघस्नान पुण्य लिएर जानीहरूता बैकुण्ठ बस्छन् सधैं

माघस्नान गरेर जो मनुष्यले लहिनु गाई दान गर्दछ भने गाईको अङ्गमा जति रौं हुन्छ त्यति नै हजार वर्ष सुखपूर्वक स्वर्गमा रहन्छन् । माघस्नान गरेर तिल गुँड दान गर्नाले सम्पूर्ण पापहरू पखाली मनुष्यहरू शुद्ध निर्मल हुन्छन् । सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धान्यराशिहरूमा तिल दान पापलाई नाश गर्ने दान हो । तसर्थ विषेश माघमा तिलदान उत्तम कहिएको छ । तिलदान अनिवार्य गर्नुपर्छ ।। माघस्नान गरेर शुद्ध चित्तले ब्राम्हण भोजन गराउनाले पितृहरूको तर्पण गर्नाले पितृहरू विष्णु भगवान्को बैकुण्ठ लोकमा जान्छन् । यस कारणले माघमास स्नान दानले पार गर्नुपर्छ । स्नान दान नगरी माघमास न्यतित् गरे जन्म निष्फल हुन्छ ।। दान भनेको आफ्नो वित्तको अनुसार गर्नुपर्छ ।। माघस्नान गरेर ब्राम्हणलाई जूत्ताबस्त्र जसले दिन्छन् ती मनुष्यहरूको स्वर्गलोकमा निवास अवश्य हुन्छ । वशिष्ठ गुरु बताउनुहुन्छ ।। हे राजन् दिलीप माघमासमा स्नान, दान, तपस्या उत्तम छ । त्यसै नगुमाउनुहोस् ।। दान गर्नाले नै स्वर्ग प्राप्त हुन्छ, दानले नै सुख सम्पति हुन्छ, दानले नै ठूला ठूला माहा पातक पनि नाश हुन्छ, दान विना तपस्या पनि त्यति प्रकाश हुन सक्दैन । जस्तै सूर्यविना आकाश भूमि प्रकाश हुन सक्दैन् त्यस्तै हो, सन्तान नभएको कुल शोभा प्रकाश हुँदैन, आचार नभएको घरशोभा हुँदैन, त्यस्तै दानविना तपस्या आदि पनि त्यति उज्ज्वल हुन सक्तैन, पापलाई विनाश गर्ने यो भन्दा अरु कुनै अधिक छैन, यहि महिमा भृगुऋषिले मणिनाम पर्वतमा विद्याधरलाई बताउनुभएको थियो ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमाहात्म्ये ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादो नाम द्वितीयोऽध्याय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तृतीयोऽध्याय

राजा दिलीप वशिष्ठ गुरुलाई बिन्ती चढाउनुहुन्छ ।। हे गुरु कुन समयमा भृगुऋषिले मणि पर्वतमा विद्याधरलाई कस्तो धर्म उपदेश दिनुभएको थियो । सो धर्म उपदेश मलाई कौतुहलको लागि बताई बक्सियोस् भनेर राजा दिलीपले बिन्ती चढाएपछि गुरु वशिष्ठ आज्ञा गर्नुहुन्छ ।। हे राजन् दिलीप पहिले कुनै समयमा बाह्र वर्षसम्म मेघले वर्षा गरेनन् खडेरीको कारणले गर्दा अन्न, फलफूल सम्पूर्ण मासियो । जलरहित भूमि भईन । वर्षा नभएको कारणले गर्दा प्रजाहरू पीडित भएर दश दिशा लाग्दा भए ।। हिमाल पर्वतदेखि विन्ध्याचल पर्वतसम्म रहने आर्य हिन्दुहरूले गर्ने धर्मकर्म स्वाहा-स्वधा वषट्कारवेद पाठ आदि धर्मकर्महरू सम्पूर्ण मासियो । अन्नजल फलफूल शून्य भएपछि संसारमा उपद्रव मच्चियो शक्तिहीन निस्तेज जनहरू भए ।। यसै समयमा भृगु ऋषि आफ्नो आश्रम रेखानदी तट छाडेर शिष्यले सहित भई हिमालतर्फ प्रस्थान गर्नुभयो । जो हिमाल हो कैलाश पर्वतदेखि पश्चिमतर्फ पर्दथ्यो । जसको नाम मणिकुट थियो जो मणिकुट पर्वत हो त्यो सुवर्ण र धेरै रत्नहरूले युक्त भएको थियो । जसको फेदमा स्फटिक मणि अर्थात् श्वेत शिलाले युक्त थियो । मध्ये भागमा निलमणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिलाले युक्त थियो । विभूतीहरूले युक्त हुँदा नीलकण्ठ भगवान् समान शोभा झल्कन्थ्यो । सर्वत्र जग्गामा निल शिलाले पूर्ण थियो । शिलाको मध्ये भागमा सुवर्ण समान पहेंलो रेखा भएकाले बादलमा बिजुली चम्के समान शोभा भल्कन्थ्यो ।। शिरमा निल शिलाले युक्त भएको तल्लो भागमा सुवर्ण शिला भएको हुँदा नारायण भगवान्ले बस्त्र अलंकार पैरेको समान भान पर्न जान्थ्यो । अर्थात् शरद्कालको आकाशमा तारागणको माझमा पूर्ण चन्द्र समान शोभा झल्कन्थ्यो अर्थात् जुन पर्वतको शोभा हेर्दामा मनचिन्ते मनले जस्तो कल्पना गऱ्यो । उस्तै हुन जान्थ्यो । त्यो मणिकुट पर्वत सुन्दर रूप पाएर दिव्य औषधीले भरिपूर्ण थियो । दोस्रो पूर्ण चन्द्र समान शोभायमान थियो ।।

किन्नरी युवतीहरू खुसी भई आएर पर्वतमा
गर्थे गान विचित्र पूर्वक अति मुग्दै भई मन्माहाँ
केराका फल पातहेरू चलदा ध्वजै समानको भई
देखिन्थ्यो वन त्यो मनोहर अति शोभा बहुतै दिई

पद्मैराग हरित श्वेत मणि झैं शोभा भएको वनै
तिन्को कान्ति प्रकाश पर्न कनगै देखिन्थ्यो इन्द्रिणी झैं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै रत्न सुवर्ण धातुहरूले शोभा बहुतै दिने
ज्वाला अग्नी समानका शिखरले सर्वत्र झल्काउने

कामदेवले अति विह्वलै हुन गई विद्याधरी सुन्दरी
प्रेमी साथ लिएर झाडीहरूमा गर्थे शयन्मग्न भै

पर्वतका बीचका गुफाहरू माहा योगी र वैरागी जो
अन्तर्वायु खिचेर कष्ट खपी धेर्ध्यान् गर्दथे ब्रम्हको

ठूला शिद्धहरू अधोनयन भै, रुद्राक्ष हातमा लिई
गर्थे ध्यान सदा श्री शङ्करजीको सुन्दर गुफामा रही

मन्दार फूलको सुवास् पवनले सर्वत्र फैलाउँथ्यो
झर्ना पानी झरेर टक्कर दिंदा छड्छड् आवाज बन्दथ्यो ।

वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ, हे राजन् दिलीप यस्तो सुन्दर मणि कुट पर्वतको पानीको झर्नामा शीतल पानीको लागि हात्तीहरू छावासमेत लिएर आई जलपान गरी बिहार गर्दथे । त्यसै पर्वत वनमा कस्तुरी मृगको बथानहरू एवं चौरीगाईहरू अन्य जनावर पनि आहार बिहार गर्थे । परेवा, चखेवा, कोइली, राजहंश र मयूर आदि पंक्षीहरूले आ-आफ्नो स्वर शब्दले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोल्दा त्यो पर्वत वन गुञ्जायमान हुन्थ्यो । फेरि अरु देवता गुह्यका सिध्दा विद्याधर किन्नरा अप्सरा गणहरू त्यस पर्वतमा आनन्दपूर्वक आहारविहार गर्दथे । वशिष्ट गुरुबाट त्यस मणिकुट पर्वतको विचित्र बयान सुनेर राजा दिलीप सोध्नुहुन्छ । हे गुरु, त्यो मणिकुट पर्वतको लम्बाई चौडाई कति छ । सो पनि आज्ञा हओस् भनेर राजा दिलीपले सोध्नु भएपछि वशिष्ट गुरु बताउनु हुन्छ । हे दिलीप राजन् जो मणिकुट पर्वत हो । त्यसको फेदमा आयाम सोह्र योजन छ, उचाई छत्तिस योजन छ, शिरमा दश योजन छ, श्रीखण्ड, मन्दार, आँप, देवदारु, अर्जुन सिसौ आदि वृक्ष पुष्पहरूले सुशोभित भएको छ एवं काल अगुरु लवंग निकुञ्ज लताहरूले वेष्टित भएर झाँडी भई भित्र गृह समान आरामस्थल शीतलले छाइएको थियो ।। ६ वटै ऋतुमा हुने फल पुष्पहरूले भरिपूर्ण भई शोभायमान थियो ।। त्यस्तो मनोहर पर्वत देखेर भोकमरीले पीडित भएका भृगुऋषि हर्षमन भई त्यस पर्वतमा शिष्यहरूले सहित भई निवास स्थल गरी इन्द्रियलाई जितेर धेरै कालसम्म तपस्या गरिरहनुभयो ।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये ज्ञानसागरे वशिष्ट दिलीप सम्वांदे मणिशैल वर्णनं नाम तृतीयोऽध्याय ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थोऽध्याय

श्री वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ हे राजेन्द्र दिलीप यस्ता प्रकारले भृगुऋषि आफ्नो आश्रम मणिकुट पर्वतमा निवास गरी रहँदा कुनै एकदिन विद्याधरका दुई दम्पती पर्वतदेखि ऋषिको आश्रममा आउँदा भए ।। आएर ऋषिलाई नमस्कार प्रणाम



(विद्याधर दम्पत्ती भृगु ऋषि आश्रमका गएको)

गरेर अत्यन्त दुःखीत भइरहे ।। ती दम्पतीहरूको त्यस्तो दयनीय अवस्था देखेर भृगुऋषिले कोमल वाँणीले भन्नुभयो हे विद्याधर तिमीहरू किन दुःखीत भएकी हौ । प्रशन्नपूर्वक मलाई दुःखको कारण बताऊ भनेर ऋषिले भन्नु भएपछि विद्याधर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन्- हे ऋषिश्वर मेरो दुःखको कारण सुन्नुहओस् मेरो पूर्वजन्मको पुण्यफलले गर्दा स्वर्गलोक पाएर देवस्वरूप पाएँ। देवस्वरूप भएर पनि मेरो मुख बाघको समान भयो। के कुकर्मले गर्दा यो अवस्था भएको हो, म जान्न सक्दिँन। यही नैं बार-बार सम्झी मेरो मन कहिले पनि शान्ति हुँदैन, फेरि अर्को ठूलो कारण छ, सुन्नुहोस्।

मेरी पत्नी यिनी सुरूप गुणकी नाचगान कलामा अती
वीणा हातमाहाँ लिएर यिनले सात ताल स्वरसब् झिकी।
सुन्दर रूप कला र कौशल समेत नाच् गान गर्दा माहाँ
नारद ऋषि पनि अचम्म हुनु भो तालश्वर देख्दा माहाँ।

स्वर्गमैं रहने ती इन्द्रमहाराज यिनको कला नाचले
साह्रै मोह भए सबै जनहरू हेर्थे परि छक्कले।

सात ताल पाँच ध्वनी लिएर यिनीले नाचगान गर्दा महाँ
भोलेनाथ पनि प्रशन्न हुनुभो रोमाञ्चितै भै त्याहाँ।

रूपमा शीलमाहाँ र यौवन माहाँ गुणमा र नाचगानमा
छैनन् यिनी समानका अरु कुनै नारीहरू स्वर्गमा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ती सुन्दरी पत्नी भै मकनता बाघको भई मुख यो
देखाएर हिडौ कसोगरी सँगै हाँ दैव कुन् पाप हो ।

विद्याधर भन्छन् हे ऋषिश्वर यी मेरी पत्नी यस्ती परम सुन्दरी, रूपवती, शिलवती, गुणवती छिन् तर म यस्तो बाघको मुख भएको छु भनेर विद्याधरले बिन्ती चढाएको सुनेर त्रिकालज्ञ भृगुऋषिले ध्यान दृष्टिले विचार गरेर केही हाँसेर भन्नुहुन्छ हे विद्याधर श्रेष्ठ सुन यो संसारमा कर्मको फल धेरै प्रकारका फल्दछन् । कर्मको फल पाएर बुद्धिमानीहरू चिन्तामा, मोहमा पर्दैनन् । अज्ञानी जनहरू मात्र चिन्तामा मोहमा पर्दछन् । हे विद्याधर जस्तै खाद्य पदार्थमा माखा अर्थात् झिंगाको खुट्टामा लागेको फोहोर खानामा पर्दा विष बन्न जान्छ । त्यस्तै धर्म गर्दामा पनि थोरै नै त्रुटी भएपनि फल फरक पर्न जान्छ । हे विद्याधर तिमीले माघमासको एकादशी ब्रत बसेर अङ्गमा तेल लगाएका रहेछौ । त्यसैकारणले गर्दा पूर्ण फल मिलेन, केही पाप हुन गयो । त्यसको फल स्वरूप बाघको समान मुख भएको हो । पहिले कालमा पुरुरवा राजाले पनि एकादशी ब्रत बसेर अङ्गमा तेल लगाउँदा उनको स्वरूप कुरूप भएको थियो । आफ्नो स्वरूप कुरूप भएपछि पुरुरवा राजा अत्यन्त दुःखीत भई हिमाल पर्वत, फेदी देव सरोवरमा गई स्नान गरी पवित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई कुशासनमा बसी इन्द्रियलाई जितेर मेघको समान नील श्याम वर्ण भएका कमल फूल समान सफेत प्रफूल्ल नयन भएका शङ्ख, चक्र, गदा र पद्म हातमा लिनु भएका पहेंलो रेशमी बस्त्र पैरनु भएका कौस्तुभ मणिले शोभायमान हुनु भएका वनमालाले सुशोभित हुनु भएका यस्ता भगवान्‌को एक चित्त भई तीन महिनासम्म निराहार बसेर कठोर तपस्या गर्दा भए ।

पहिले सात जन्मसम्म पूजा भक्ति गरिएका भगवान् पैलेको पूजा भक्तिले गर्दा थोरै नै समयमा प्रशन्न भई माघ शुक्ल द्वादशीको दिन सूर्योदयको समयमा दर्शन दिनुभई शङ्ख जलले राजालाई अभिशेष गरी कामदेवको समान देह गराई एकादशीमा तेल लगाएको कारण स्मरण गराउनुभई आफ्नो धाममा पाल्नुभयो । यस्ता प्रकारले राजा पुरुरवाले सुन्दर देह पाएपछि स्वर्गकी अप्सरा उर्वशीले ती राजालाई पति वरण गरिन् । भृगुऋषि भन्नुहुन्छ हे विद्याधर कर्मको गतिफल यस्तो हुन्छ तिमी खेद नगर ।। यदि पूर्वजन्मको पाप पखाली कुरूप भएको बाघको मुख त्यागी सुन्दर मुख हुन चाहन्छौं भने मेरो सल्लाहाअनुसार यही मणीकुट पर्वत नदीमा माघ महिनामा स्नान गर ।। पूर्व जन्मको पाप नाशिएर जान्छ । जुन मणिकुट नदीमा ऋषिमुनी सिद्ध देवताहरुले स्नान दान गरिरहेका छन् । विधि म बताउँछु । तिम्रो भाग्यले माघमास पनि आजको पाँच दिनमा आउँदछ । पौष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुक्ल एकादशीदेखि ब्रत आरम्भ गरेर सम्पूर्ण भोगहरू त्यागेर इन्द्रिय जितेर एक महिनासम्म निराहार भई त्रिकाल स्नान गरेर भगवान् विष्णुको त्रिकाल पूजा गर । माघ शुक्ल एकादशीसम्म यो ब्रत गर्नाले गरी द्वादशीको दिनमा तिम्रो पाप ज्वलेर जानेछन् । तिमी निर्मल हुनेछौ ।। त्यसपछि मैले तिमीलाई पवित्र वेद मन्त्रले अभिशेष गरिदिनेछु । अनि तिम्रो मुख कामदेवको समान सुन्दर हुनेछ । देवस्वरूप सुन्दर मुख भएर यिनी सुन्दरी पत्नीका साथ सुखपूर्वक आहार बिहार गर ।

हे विद्याधर माघमासको प्रभाव महत्व बुझेर स्नान पूजन गर, तिम्रो मनोरथ अवश्य नै पूर्ण हुनेछ । यति बताएर भृगुऋषि विद्याधरलाई फेरि पनि माघस्नानको महिमा बताउनुहुन्छ । हे विद्याधर दत्तचित्त भई सुन माघस्नान गर्नाले जस्तै दुःख विपत्ति पनि नाश हुन्छ । पापहरू पनि माघस्नानले नाश हुन्छ । सम्पूर्ण यज्ञ गरेको भन्दा पनि माघस्नान अधिक पुण्यफल मानिएको छ । सम्पूर्ण दान गरेको पुण्यफल माघस्नान गर्नाले मिल्छ ।। माघस्नान यज्ञभन्दा पनि अधिक गर्जना गर्दछ अर्थात् जसको अगाडि अरु धर्मकर्म योगभ्यास तपस्यादिहरू मौन भइरहन्छन् । पुष्कर क्षेत्रमा कुरुक्षेत्रमा ब्रम्हावर्तमा पृथुकमा काशीमा प्रयागमा गङ्गासागरमा नियममा बसेर दश वर्ष ब्रत गरेको जो पुण्यफल मिल्दछ, सो पुण्यफल माघमासमा तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन स्नान गर्नाले गरी मिल्दछ । यसमा हो, हैन भनि शंका लिनु पर्दैन । जसको मनमा चीरकालसम्म स्वर्गलोकमा बस्नाको इच्छा हुन्छ, ती जनहरुले माघमासमा जाहाँसुकै भएपनि स्नान गरुन् । जसको मनमा दीर्घायु निरोग ऐश्वर्यवान्, सौभाग्यवान् बन्न इच्छा हुन्छ । यदि भने ती जनहरुले माघस्नान गर्न नचुकुन् । जो जनहरू नरकदेखि दरिद्रतादेखि डराउँदछन् भने ती जनहरुले यत्नपूर्वक माघस्नान गरुन् ।

दरिद्र दुर्भाग्य पापले मुछिएको हिलो पखाल्न माघस्नान बराबर अर्को उपाय त्यति उपयोगी छैन । भक्ति श्रद्धारहित अरु धर्मकर्म धेरै गरेपनि फल भने थोरै मिल्छ । तर माघस्नान गर्नाले जस्तै भएपनि पूर्णफल मिल्छ । अकामनाले होस् वा सकामानाले होस् जाँहा भएपनि बाहिर जलमा माघमासमा स्नान गर्नेहरूले यस लोकमा र परलोकमा पनि दुःख पाउँदैनन् । जसरी चन्द्रमाको शुक्ल पक्षमा कला बढ्दै जान्छ, कृष्ण पक्षमा कला घट्दै जान्छ, त्यस्तै गरी माघस्नानले पापहरू क्षीण भई जान्छन् । पुण्यको राशी बढ्दछ ।। जसरी खानीहरूबाट अनेक प्रकारका रत्नहरू उत्पति हुन्छन्, त्यसरी नै हरेक सुख सम्पती प्राप्त हुन जान्छन् ।। माघस्नान पुण्यको प्रभावले मनुष्यको भाग्य उदय हुन्छ । आयु, आरोग्य, ऐश्वर्य, रूपवती, शिलवती, पत्नी गुणवान पुत्र हरेक प्रकारका सम्पती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त हुन्छ ।। जसरी कामधेनु गाईले मागेको चीज दिन्छिन्, चिन्तामणिले चिताएको वस्तु दिन्छन् । त्यसरी नै माघस्नान गर्नाले मनोरथपूर्ण हुन्छ ।।

सत्ययुगमा तपस्याद्वारा फल प्राप्त हुने, त्रेतामा यज्ञद्वारा पुण्यफल मिल्ने, द्वापरमा पूजा अर्चनाद्वारा पुण्य मिल्ने, कलियुगमा स्नान, दान, किर्तन, ज्ञानद्वारा पुण्यफल मिल्ने मानिएको छ । ज्ञान भन्नाले शास्त्र पुराण पढ्नाले सुन्नाले पुण्यफल पाइँन्छ । स्नानको महिमा चारै युगमा फलदायक छ । भृगुऋषि बताउनुहुन्छ- हे विद्याधर चार वर्ण छत्तिस जातको चार आश्रम ब्रम्हचारी गृहस्थी वानाप्रस्थ सन्यासहरूको माघस्नान गर्नाले धर्मको धारा वर्षा हुन्छ । वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ ।। हे दिलीप माहाराज विद्याधरले भृगुऋषिको यस्तो उपदेश सुनेर त्यसै आश्रम समीपमा निवास गरी भृगुऋषिको साथ नियमपूर्वक मणिकुट पर्वत झर्ना नदीमा पत्नीले सहित भई विद्याधरले एक महिना माघस्नान गर्दा भए । पूर्ण एक मास भएपछि भृगुऋषिले वैदिक मन्त्र पढेर अभिशेष गरिदिनुभयो । माघस्नान पुण्यको प्रभावले र ऋषिको कृपाले गरी विद्याधरको विरूप भएको बाघको मुख बिलाई सुन्दर कामदेवको समान मुख भयो ।। विद्याधरको मनोरथपूर्ण भयो । भृगुऋषिलाई दण्डवत् प्रणाम गरी बिदा भई आफ्नी सुन्दरी पत्नी साथ त्यसै मणिकुट पर्वतमा यथेष्ट सुखपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आहारबिहार गर्दा भए ।। भृगुऋषि पनि विद्याधरलाई कुरूपको सुरूप गराई आफ्ना शिष्यले सहित भएर पुनः रेवानदीको तट आश्रममा फिर्ता हुनुभयो । वशिष्ट गुरु बताउनुहुन्छ- यो माघमास महात्म्य सम्पूर्ण भुवनको सार तत्व भएको ऋषिश्वर भृगुजीले विद्याधरलाई उद्धार गर्नुभएको जसले भक्ति श्रद्धापूर्वक सुन्दछ, सुनाउँदछ भने ती जनहरूले अनेकौं बिचित्रको सुख भोग देवताको समान उपभोग गर्नेछन् ।

इति श्री पद्मपुराणे माघमासमाहात्मे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादें विद्याधरस्य विरूपस्य सुरूप करणम् नाम चतुर्थोऽध्याय ॥४॥

अथ पंचमोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ- हे दिलीप राजेन्द्र अब उप्रान्त म तपाईलाई माघमाहात्म्य बताउँदछु, सोध्नु भएका सहस्त्रार्जुन राजालाई योगी दत्तात्रेयले बताउनु भएको थियो ।। कुनै समयमा सहय पर्वतमा रहनु भएका साक्षात् नारायणको अंशा अवतार लिनुभएका दत्तात्रेयलाई माहिष्मती शहरकाराजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहस्त्रार्जुनले विनयपूर्वक सोध्नुहुन्छ ।। हे भगवान् हजुर योगीहरुमा श्रेष्ठ हुनुहुन्छ । हजुरबाट मैले धेरै-धेरै धर्मकर्म कथाहरु सुने तर पनि यस बखतमा मेरा उपरमा कृपा राखेर माघस्नानको फल माहात्म्य पनि बताइबक्सियोस् भनेर राजा सहस्त्रार्जुनले सोद्धा योगी दत्तात्रेय बताउनुहुन्छ ।।

हे नृप श्रेष्ठ जो तपाईले मलाई सोधेको प्रश्न हो । यही प्रश्न माहात्मा नारद् मुनिलाई ब्रम्हाजीले पहिले नै बताउनु भएको जो हो सो माघमहात्म्य म तपाईलाई बताउँदछु सुन्नुहोस् ।। देशअनुसार, कालअनुसार, कर्मअनुसार, तीर्थअनुसार, भक्ति श्रद्धाअनुसार फल मिल्छ ।। विशेष गरेर यो भारत वर्ष कर्मभूमिमा मनुष्य भई जन्म लिएर माघस्नान गर्दैनन् भने ती मनुष्यहरूको जन्म निष्फल हुन्छ । जस्तै सूर्यविना आकाश शोभा हुन सक्दैन, चन्द्रविना तारागणहरूको शोभा हुँदैन । त्यसैगरी अरु धर्मकर्म गरेपनि माघस्नानविना शोभा अर्थात् सफल हुन सक्दैन । माघस्नानले हरि भगवान् जति प्रशन्न हुनुहुन्छ त्यति प्रशन्नता अरु दान धर्मकर्म ब्रत तपस्यादिहरूले हुनुहुन्न । जस्तै सूर्यको समान प्रकाश तेज अरु कसैको हुन सक्दैन । त्यस्तै माघस्नान समान अरु धर्मकर्म हुन सक्दैन । मनुष्यहरूको पाप पखाल्न भगवान्लाई प्रशन्न गराउन स्वर्ग बैकुण्ठ प्राप्त गर्न माघस्नान अनिवार्य गर्नुपर्छ । यो अस्थिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देहलाई माघस्नान छाडेर पौष्टिक आहार खुवाएर मोटो बलियो बनाएर के हुन्छ ।

यो देह कस्तो छ भने हाडको खंबा छ, मांस रगतले लपेटिएको छ नसाहरूले बाँधिएको छ, छालाले मोरिएको छ । दिशा पिसावको पात्र दुर्गन्ध छ, शोक विपत्तीले व्याप्त छ, बूढ्याईले युक्त छ, रोगको घर यही हो । सधैँभर आतुर चिन्तित् बन्छ, सोही मार्ग हिंड्न आँखा देख्दैन, सम्पूर्ण दोषहरूले भरिएको छ, अनित्य छ, अरु जनहरूबाट पीडित छ, अर्कालाई द्रोह गर्छ, विषयमा लोभी छ, अर्काको चुक्ली लगाउँछ, क्रूर स्वभावको छ, कृतघ्न छ, विश्वासघाती छ, क्षणिक सुखमा कुद्छ, जति भएपनि पुग्दैन, दुष्ट कर्म गर्छ, अपवित्र छ, अशुद्ध वस्तु आर्जन गर्दछ । अध्यात्मिक, आदिदैविक, आदिभौतिक तीन तापले पीडित छ । काम, क्रोध, मोहले व्याप्त भई नरकको ढोका तर्फ धकेलिरहेको छ । यो देह ढलेपछि स्याल, कूत्ता, गिद्धले खान पाए विष्टा हुन्छ । त्यसै रहेर सडे गलेमा कीरा पर्छ । आफ्ना पुत्र बन्धु बान्धवहरूले जलाई दिए खरानी हुन्छ ।। यस्तो यो शरीर हो । यसलाई माघस्नान नगरेर पालनपोषण गरेर राख्नु व्यर्थ छ । जो मानिस माघस्नान गर्दैनन् तिनको जन्म व्यर्थ छ । जस्तै पानी पर्दामा पानी जमेको जग्गामा पानीको फोका उठ्दछ । पुनः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशबाट झरेको पानीको थोपाले लाग्दा नष्ट हुन्छ । जस्तै पुत्तिका अति सुक्ष्म अंशहरूको जन्म हुन्छ । थोरै नै समयमा नष्ट भई जान्छन् । त्यस्तै माघस्नान नगर्ने मानिस पनि केवल जन्म लिएको मरणको लागि मात्र हो, त्यसको केही अर्थ छैन ।

ब्राम्हण भई बैष्णव धर्म भष्ट ।। तिनलाई जान्नुत अवश्य नष्ट
सद्पात्र छाडेर कुपात्र पूजे ।। नष्टै भयो श्राद्ध अवश्य बुझे

आचार विनाको कुल हुन्छ व्यर्थ ।। घमण्डको धर्म हुनेछ नष्ट
क्रोधले गरेको जति हो तपस्या ।। मिल्दैन फल व्यर्थ भयो अवश्य

अदृढको ज्ञान सब नाश हुन्छ ।। घमण्डले शास्त्र पढेको जान्छ ।
पति गुरु भक्तिरहित नारी ।। नष्टै भई जाँदछ ब्रम्हचारी ।

निभेको अग्नी बीचमा हवन् जो ।। मिल्दैन फल व्यर्थ अवश्य भैगो
अजिर्णले भोजन विष जान ।। बनि बसान्नु सब ठीक काम

नारी भई यौन व्यापार गर्ने ।। जानि लिनु निश्चय नर्क पर्ने
शुद्रको अन्न भिख मागील्याई ।। हुँदैन गर्न मख यज्ञलाई

कदर्यको धन सब नष्ट जान । यस् लोक र परलोक हुँदैन काम
अध्ययनविना नष्ट हुनेछ विद्या ।। राजा विरोधी पनि नष्ट हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्वाह गर्नकन तिर्थ सेवा ।। मिल्दैन फल भन् हुन जान्छ धोका
पेशा कमाई ब्रत गर्दछन् जो ।। नष्टै भई जाँदछ फल जति हो

झुट्टा र चुक्लि गरनेठ मनुष्य ।। नर्कै माहा वास अवश्य पर्छ
माला लिई हातमाँहा गनेर ।। मन्चित्त अर्कैतिरमा लगेर

जो गर्दछन् जप फल छैन जान ।। मानिलिनु त्यो वक्कोत ध्यान
वेद नपढ्या द्विजलाई दान ।। धनमात्र नाश भो फल छैन जान

आचार धर्म सब छोड्ने लोक ।। नष्टै भई गै पछि हुन्छ शोक
दरिद्रले जन्म विफल गराउँदछ ।। माघस्नान विना स्वर्ग गति हटाउँछ

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ । हे दिलीप राजन् माघस्नानको अति महत्व छ तसर्थ मनुष्य भई सूर्य नारायण मकर राशीमा भएको माघमासमा श्री सूर्योदयको समयमा स्नान गर्दैनन् भने ती मनुष्यहरू कसरी पापबाट छुटेर स्वर्गगति प्राप्त गर्न सक्छन् सक्तैनन् । ब्राम्हण वध गर्ने, सुवर्ण चोरी गर्ने, मदिरापान गर्ने, गुरुआमासँग गमन गर्ने र यिनीहरूलाई प्रोत्साहन गर्ने यी पंच माँहापातकी पनि माघस्नान गर्नाले माँहापातकबाट मुक्त हुन्छन् । अरु उपपातकहरू पनि माघस्नानले भष्म हुन्छन् । माघमासमा प्रातः कालमा स्नान गर्न जब मानिस लाग्दछ, तब पापहरू अब हाम्रो नाश हुने समय भयो भनेर कम्पायमान भई हाहाकार गरेर रुन कराउन लाग्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माघस्नान गर्ने उत्तमजनहरू बल्दो अग्नी समान उज्ज्वल प्रकाश हुन्छन् । मनुष्यहरूले थोरै समय अगाडि गरेका पाप त्यो भन्दा पहिले गरेका पाप धेरैथोरै जे जति मन वचन कर्मले गरेका सम्पूर्ण पापहरूलाई माघस्नान गर्नाले भष्म खरानी गराई दिन्छ । जसरी सुकेका समिधालाई अग्नीले जलाई खरानी गराउँदछ त्यसरी नै सम्पूर्ण पापलाई माघस्नान गर्नाले भष्म खरानी पारेर निष्पाप गराई स्वर्ग गति दिलाउँदछ । हे राजन् दिलीप यसमा हो हैन भनेर शंका लिनु पर्दैन ।। माघस्नान गर्नसम्पूर्ण जातिको अधिकार छ, जसरी भगवान् विष्णुको पूजा अर्चना वन्दना किर्तन गर्न अधिकार हुन्छ । माघस्नान गर्ने सम्पूर्ण जातिको पाप नाश भई स्वर्ग गति हुन्छ । माघस्नान गर्नु नै परममन्त्र हो माघस्नान गर्नु नै ठूलो तप हो माघस्नान गर्नु नै प्रायश्चित हो, माघस्नान अति उत्तम छ ।। मनुष्यहरूको जन्मभरको अभ्यास अध्यात्मज्ञानले गरि माघस्नान गर्न भक्ति वुद्धि हुन्छ । संसार विषयको हिलोले लेपिएको मनुष्यहरूको हिलो पखाल्नलाई निपुण शक्ति भएको माघस्नान छ, पवित्रको बीचमा अति पवित्र छ हे राजन् सम्पूर्ण काम फल दिने माघस्नान जो गर्दैनन्, ती जनहरूले चन्द्र सूर्य समान भोग गर्न कसरी पाउँदछन् ।। यसै विषयमा म एक ठूलो आश्चर्यजनक इतिहास बताउँछु सुन्नुहोस- पहिले कालमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भृगु वंशमा जन्म लिएकी कुन्जीका नाम गरेकी एक ब्राम्हणी थिइन्, बाल वैधब्य भई अत्यन्त दुःखीत भएर रेवा कपिल नदीको संगम वेणी बिन्ध्याचल क्षेत्रमा नारायणमा परायण भई कठोर तपस्या गर्दी भइन् ।

सधैंभर आचार पालना गर्दीथिन्, सम्पूर्णसंग त्यागेर इन्द्रियलाई जितेर स्थिर भई सत्य मात्र बोलेर रहँदी भइन् । तिनको स्वभाव राम्रो थियो, दान गर्ने गर्दीथिइन् । बोक्राको बस्त्रधारणा गर्दीथिइन् । देहलाई तपस्याद्वारा शोषण गरिन्, पितृलाई देवता ब्राम्हणलाई दिएर पाँच भाग दिन कटेपछि शुद्ध आहार भोजन गर्दीथिइन्, दुब्लीथिईन, अति कठोर दुःख सहेर स्नान तपस्या गर्दीभईन् । यसरी नर्मदा र कपिल नदी संगममा रहेर स्थिर चित्त भई ती ब्राम्हणीले साठी वर्षसम्म माघस्नान गर्दी भइन् । हे राजन् दिलीप त्यसपछि तपस्याद्वारा क्षीण भई त्यस पवित्र तीर्थमा देह त्याग गरिन् । माघस्नान पुण्य प्रभावले गरी वैकुण्टमा प्राप्त भई हर्षपूर्वक सत्य, त्रेता, द्वापर, कली चार युग हजार पटक जाँदासम्म बैकुण्ठमा आनन्दपूर्वक निवास गर्दी भइन् ।। त्यसपछि त्यसै पुण्यको प्रभावले गरी सुन्द र उपसुन्द नाम गरेका दानवको नाश गर्नाको निमित्त अयोनिज गर्भ वाश नभई ब्रम्हलोकमा ब्रम्हाजीको देहबाट परम रूपवती स्त्रीरत्न देवतालाई पनि मोह पार्ने मनोहर रूप भई पैदा भइन् ब्रम्हाजीको चतुरताले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ती परम सुन्दरी अप्सरा सृष्टि गरी भन्नुभयो हे मृगाक्षी हे तिलोत्तमा अप्सरा तिमी सुन्द र उपसुन्द नाम गरेका दानवलाई नाश गर्न जाउ भन्नुभयो ।

ब्रम्हाजीको आज्ञाले गरी ब्रम्हलोकबाट वीणा हातमा लिएर आकाश मार्गले गरी जाँहा देव, शत्रू, दानव थिए तिनको समिप रेवा नदीको तटमा आएर स्नान गरी बन्दुक पुष्प समान रातो बस्त्र मेखला पैरेर सुन्दर सुवर्णका वाला चुरी हातमा लगाएर पाउमा नुपुर पाउजेप लगाई कण्ठमा मुक्तहार लगाई कर्णमा कुण्डल लगाएर चमेली पुष्पको गुच्छा कवरीमा लगाई अशोक वृक्षको छाहारी शीतल छाँयामा बसी हातमा वीणा लिएर मधुर स्वर ध्वनीले गरी गान गर्न लाग्दी भइन् ।। तिनीले गान बजान गर्दामा चुरीहरूको शब्दसमेत ध्वनिमा समावेश हुन गई अति रन्जन बन्न गयो ।। श्रृङ्गार हार कुण्डलसमेत चलाप मान हुन गई अति शोभायमान हुन्थ्यो ।। यसरी ती तिलोत्तमा अप्सराले रेवा नदीको किनार तटमा नाचगान गरेको दानवभट सेनापतिले रूप श्रृङ्गारसमेत देखेर अचम्म मानी यथाशीघ्र सुन्द र उपसुन्द दानवलाई जाहेर गर्दो भयो ।

ऐले हे माहाराज अचम्म हुन गो रेवानदी तट्माहा
आई एक युवती अपूर्व रूपकी मन्लाई चोर्ने त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैरी उत्तम बस्त्रलाई गहना श्रृङ्गार गरि बेसरी
गर्छे गान विचित्रपूर्वक अति अशोक वनमा बसी

देवी हो अथवा नदानवी कुनै हो नागकन्या किता
कि यक्षणी कुनै हुनिन् यही भनि सक्तिन भन्नै मता

स्त्रीमा रूपवती छ पूर्णयुवती मैले बताउँ कति
जाई बक्सनुहोस् नजर गरिलिनोस् मनलाई पार्छे खती

पुरुषका बीचमा हजुरहरू दुवै रत्न हुनुहुन्छ है ।
नारीका बीचमा ती रत्न अति छिन् ल्याउनुहवस् जल्दी गै ।

हे राजन् दिलीप यस्तो मनोहर वचन सेनापतिबाट सुनेर ती दुई दाजुभाइ यथाशीघ्र सयभारको गदा लिएर हजारौं उत्तम स्त्री छाडेर जाँदाभए । जस्तै मदिरा चाहना गर्ने जनहरूले महको कचौरा लत्याएर पानीलाई कुल्चिएर हिड्छ त्यस्तै गरी कालले प्रेरित गरिएका दानव दाजुभाइ जाँदा भए । जहाँ ती तिलोत्तमा चण्डीस्वरूप श्रृङ्गार रसले गान गर्दथिन् सो जग्गा दुबै दाजुभाइ पुगे । मदिराले उन्मत्त भएका ती दुई भाइले तिलोत्तमा अप्सरालाई देखेर अति मोहित भई तिनको अगाडीमा भन्न लागे । हे भाइ तिमी यहाँबाट फर्क । किनकी यी सुन्दरी युवती मेरी पत्नी हुन् अर्का भाइ भन्दछन् हैन तिमी फर्क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी युवती ता मेरी पत्नी हुन् । यसरी परस्परमा दुबै दाजुभाइको ठुलो विवाद भयो आपसमा मत्तहात्ती झैं कालले प्रेरित भएका गदा हाना हान चल्यो परस्पर गदाको चोटले

(नन्दसुनन्द दानव तिलोत्तमा अप्सराकहाँ पुगेको)

गरी ती दुबै दाजुभाइ मृत शय्यामा सुत्दा भए । ती दुबै दानव दाजुभाइको मरण देखेर सैनिकहरूको कोलाहल ठूलो शब्द चल्यो, यो स्त्री कालरात्री समानकी को हो, धिक्कार-धिक्कार यो के अचम्म भयो भनेर सेनाहरू कराउन थाले । त्यसपछि ती तिलोत्तमा अप्सरा पर्वतको शिखर पतन गराए समान सुन्द र उपसुन्द दानवको मृत्यु गराई आकाश मार्गले गरी देवकार्य सफल पारी आफ्नो तेजले दश दिशा प्रकाश गर्दै ब्रम्हालोक ब्रम्हाजीको समीपमा उपस्थित हुँदी भइन् । ब्रम्हाजीले प्रशन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई भन्नुभयो हे देवी तिमीले देवकार्य सफल पार्‍यौ म तिमीलाई स्थान दिन्छु । सूर्यको रथ सवारीमा तिम्रो स्थान भयो । जहाँसम्म आकाशमा सूर्यको गति रहन्छ, त्यहाँसम्म अनेक सुखभोग गर भनि वरदान दिनुभयो । त्यस वरदानले गर्दा तिलोत्तमा अप्सरा सूर्य नारायणको रथ यात्रा सवारीलाई सहाय गरी अध्यापी पनि रहेकी छिन् । हे राजन् दिलीप भृगु वंशकी कुब्जीका नाम ब्राम्हणीले साठी सम्वत्सर माघस्नान गरेको पुण्यको प्रभावले गरी तिलोत्तमा अप्सरा भई सूर्यको रथ सवार गर्न स्थान पाएकी हुन । तसर्थ, मनुष्यहरूले यत्नपूर्वक भक्ति श्रद्धाले माघस्नान गर्नुपर्छ । सूर्यनारायण मकर राशीमा गएपछि अर्थात् मकर संक्रान्तिदेखि परम् गतिको इच्छा राख्ने जनहरूले माघस्नान गरुन् । स्नान गर्ने जनहरूले नपाउने भन्ने कुनै पनि हुँदैन । सम्पूर्ण पाप क्षीण भई जान्छन् । मनुष्यले यज्ञ गरेर दान दक्षिणा गरेको पुण्य जति हुन्छ, त्यो पुण्यभन्दा माघस्नान गरेको पुण्य अधिक हुन्छ । हे राजन् तीर्थमा माघस्नान गर्नाले पाप जति नाश भई स्वर्ग गति मिल्छ । पुण्य तीर्थमा माघस्नान गरेको बराबर अरु कुनै धर्मकर्मले हुन सक्दैन । मोक्षगति पनि माघस्नानले मिल्दछ । यो संसारमा माघस्नान बराबर अरु कुनै पनि छैन ।।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये उत्तरखण्डे ज्ञानसागरे
वशिष्ठ दिलीप सम्वादें सुन्दोपसुन्द दैत्य वधोनाम पंचमोऽध्याय ।
हरि ॐ तत्सद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्टोऽध्याय

दत्तात्रेयले राजा सहस्त्रार्जुनलाई बताउनुहुन्छ । यही कथा वशिष्ठ गुरु राजा दिलीपलाई बताउनुहुन्छ, हे राजन् दिलीप यसै विषयमा म तपाईलाई एक पुरानो इतिहास बताउँदछु सुन्नुहोस् । पहिले सत्ययुगमा सुन्दर नैषद देशमा कुवेर समानका धनी उत्तम कुलमा जन्म लिएका हिमकुण्डल नाम गरेका एक वैश्य थिए । तिनको नीति राम्रो थियो । देवता ब्राम्हणको भक्तिपूर्वक पूजा अर्चना गर्दथे । पितृको श्रद्धा तर्पण गर्थे । अतिथीहरूको सेवा टहल गर्थे, अग्नीमा हवन गर्थे । तिनको पेशा कृषि वाणिज्य धेरै खरिद बिक्री काम थियो । गाई, भैंसी, घोडा अरु पशुपंक्षी पालन गरी दहि, दूध, घ्यू, फलफूल, अन्न, बस्त्र, विजन सम्पूर्ण सरसामानको व्यापारले गरी अर्थआर्जन गर्दा आठ करोड सुवर्णका अशर्पि कमाए । त्यसपछि तिनलाई ज्ञान आयो यो संसार नाशवान् छ ।

सम्पती साथ जाने हैन भनेर कमाएको धन छ भागको एक भाग धर्मकर्म कार्यमा लगानी गरे । विष्णु भगवान्को मन्दिर शिव मन्दिर बनाएर गुठीसमेत राखी दिए । ठूला-ठूला तलाउ खनाएर धारा बनाउने काम गरे । वरपीपल चौतारा बनाए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँप, लिची, जामुना धेरै फलफूलहरूको विरुवा सारेर बगैचा बनाए । सूर्य उदयदेखि लिएर सूर्यास्तसम्म अन्न सुवर्ण दान गर्दथे । शहर बाहिर गाँउ-गाँउमा खाने पानीको सिंचाइको व्यवस्था गरे । पुराण धर्म शास्त्रमा बताएका धेरै धेरै प्रशिद्ध काम गरे । कथंचित् पाप भई गएमा प्रायश्चित्त गरिहाल्थे । यस्तो धर्ममा रहने ती वैश्यको दुई भाइ छोरा श्री कुण्डल र विकुण्डल नाम गरेका थिए । ती दुई भाइ छोरालाई घर सम्पत्ति सुम्पिएर आफू तपस्या गर्न वनमा जाँदा भए । वनमा गई आराध्यदेव भगवान् गोविन्दको भक्ति ध्यान तपस्याले देह शोषण गरी हिमकुण्डल वैष्यले वैष्णव धाम प्राप्त गरे । हे राजन् दिलीप यता घरमा रहेका ती दुईभाइ छोरा कुकर्ममा धन खर्च गर्न लागे । धर्मकर्मको अविश्वास गर्ने, आमाले भनेको अर्ती उपदेश मान्दै नमान्ने वृद्ध मान्यजनले भनेको अर्ती उपदेश सुन्दै नसुन्ने गर्दथे । पिताका मित्रसँग विरोध गर्दथे । परस्त्रीमा आसक्त थिए । वेश्या साथमा लिएर हिड्थे । नाचगान नाटक मल्ल कुस्ती सभा आयोजना गर्दथे ।

रूपले यौवनले र मानधनले ठूलो अहंकार भई
पैह्री उत्तम बस्त्र हार सुनको हिरा र मोती जडी

कस्तुरी र सुवास चन्दनहरू सुवास चलाई कन
वेश्यासाथ माहाँ लिई हिडदथे डरभर नमानिकन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घर्मा ल्याई गराउंदथे दिन दिनै नाचगान नाटक अति
कुस्ती खेल जँवा र तास कुरीति फिक्री नमानी रति

धनले उद्धत भै पिएर मदिरा वेश्याका साथ मोज गरि
दिन्थे दौलत बस्त्र हार गहना तृणै बराबर सरी

यस्ता रित् सितले सबै धनहरू सर्वस्व भै गै गए
सम्पद् नष्ट भए पछि दाजु भाइ अत्यन्त दुःखी भए

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज यस्ता प्रकारले गरी सम्पूर्ण धन सम्पति समाप्त भयो । सत्कर्ममा लगानी नगरेकोले विज भुटिएको अथवा कुहिएको बिउ राख्दा उम्रदेन । त्यस्तै परलोकको लागि ती दुई भाइको केही रहेन । न त भगवान् विष्णुको पूजा भयो, नत ब्राम्हणलाई दान भोजन भयो । कुनै पनि राम्रो धर्मकर्ममा लगानी भएन ।

कुकर्ममा मात्र सम्पूर्ण धन सम्पति सर्वस्व भएपछि ती दुई दाजुभाइ अत्यन्त दुःखित् भई आफूले गरेको कुकर्म संझदा भए । तिनको घरमा खाने अन्न, लगाउने बस्त्र चिजबिज केही पनि भएन । दाजुभाइ बन्धुबान्धव सेवक वेश्याहरूले सबैले छाडी दिएर झन् निन्दा गर्न लागे । यस्तो अवस्थामा परिणत भएपछि ती दाजुभाइ चोरी कर्म गर्न लागे । चोरी कर्म गरेपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँलेहरूले पक्रेर कुटपीट गरी कारवाही चलाए । तत्पश्चात् गाउँलेहरूको र अड्डा प्रशासनको डरले गर्दा घर छोडी जंगलमा पसे । वनवासी भई मृगवराह जनावर पंक्षी शिकार गरी मांसभोजी भइरहे । यस्ता प्रकारले रहँदा-रहँदा कुनै एक



(श्री कुण्डल विकुण्डललाई यमदूतले यमराजलाई बुझाएको)

दिन एक भाइ पर्वतमा गएछ, एक भाइ जंगलमा सिकार खोजीमा गएछ । जेठो दाजु श्रीकुण्डललाई बाघले मारी दिएछ । कान्छो भाइ विकुण्डललाई गोगन साँपले डसेर मारेछ ।

दुबै दाजुभाइ एकै दिन मरण भएपछि यमराजका दूतहरू आएर दुबै दाजुभाइलाई पाता कसेर यमलोक लाँदा भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमराज चित्रगुप्त समक्ष उपस्थित गराई बिन्ती चढाए । यी दुई दाजुभाइ अत्यन्त पापी हुन्, हामीले ल्याएका छौं, कुन-कुन नर्कमा लगेर दण्ड दिनुपर्छ हामीलाई आज्ञा होस् भनेर दूतहरुले यमराजलाई बिन्ती चढाएपछि यमराजको आदेशले चित्रगुप्तले खाता हेरेर यमराजलाई जाहेर गर्नुभयो र यमराजले भन्नुभयो यी दुई भाइमध्ये जेठो श्रीकुण्डललाई कठोर यातना दिने नरकमा लगेर दण्ड देऊ ।

अर्को भाइ विकुण्डललाई सुखभोग गर्न स्वर्गमा लैजाउ भनेर आदेश दिएपछि जेठो दाजु श्री कुण्डललाई रौरव नरकमा लाँदा भए । कान्छो भाइ विकुण्डललाई एक चतुरो दूतले भन्दो भयो- हे विकुण्डल मेरो साथ तपाई स्वर्ग जाउँ हिड्नु हवस आफूले कमाएको पुण्यले स्वर्गको सुखभोग गर्नुहोस् भन्दा भए ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमाहात्म्ये ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे विकुण्डल स्वर्गगती प्राप्ती नाम षष्टोऽध्याय ॥६॥६॥ ॥६॥६॥ ॥६॥६॥ ॥६॥६॥ ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमोऽध्याय

वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ ।। हे दिलीप माहाराज यस्ता प्रकारले यमदूतले मेरा साथ स्वर्गमा जाउँ हिडभन्दा हर्षपूर्वक यमदूतको साथ लागि विकुण्डल वैश्य स्वर्ग जान लाग्दा भए । बाटामा जाँदा मनमा ठूलो आश्र्चर्य मानी म जस्तो पापीलाई यो के को पुण्यको फल हो भन्ने अचम्म मानी सोद्धा भए । हे दूतवर मलाई ठूलो आश्चर्य लाग्यो किनकी हामी दुई दाजुभाइ एक बाबुका छोरा बराबरका हौं, फेरि कर्म पनि बराबर मिलेर गरेका हौं मरण पनि हाम्रो एकै दिन एकै हिसाबले भएको हो । तपाईहरूले पक्रेर यमराज चित्रगुप्तसमक्ष दाखिला पनि संगै गराउनु भएको हो ।

यमराज चित्रगुप्तलाई पनि हामी दुबैले देख्यौ भने मेरो दाजु नरक कसरी परे म कसरी स्वर्ग पाउने भएँ कारण जान्न सक्दिन । मलाई बुझ्काइदिनुहोस् भनेर विकुण्डले सोद्धा भए, सोधेपछि यमदूत भन्छन् । हे विकुण्डल वैश्य एक चित्त भएर सुन । आमा, बाबु, पत्नी, पुत्र, दाजुभाइ, दिदीबहिनी इत्यादि यो नाता केवल संज्ञा मात्र हो । जन्म लिएर कर्मभोगको लागि प्रमाणित गरिएको हो । जस्तै एक वृक्षमा धेरै पंक्षीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निवास गर्छन् । त्यस्तै आमाबाबु, दाजुभाइ, दिदीबहिनी, पत्नी, पुत्र आदिको समागम हो । पूर्वजन्मको कमाइले गर्दा यिनीहरुको संयोग हुन जान्छ । आ-आफ्नो कर्म भोग गर्दछन् । हे विकुण्ठ ल म तिमीलाई प्रीतिपूर्वक सत्य बताउँदछु- सुन मनुष्यहरू, आ-आफ्नो शुभाशुभ कर्मले गर्दा समय समयमा सुख, दुःख, स्वर्ग, नर्क, भोग गर्दछन् । अर्काले गरेको कर्मको फल मिल्दैन । यसकारणले तिम्रा दाजु पापले गर्दा कठोर नरकमा गए, तिमी पुण्यले गर्दा स्वर्ग पाएका छौ । यमदूतको यस्तो वचन सुनि विकुण्डल फेरि सोध्छन्, हे यमदूत हामी दुई दाजुभाइले बराबर पाप गरेका थियौं । पिताको सम्पति पनि नराम्रो काममा खर्च गरेका हौं ।

मैले के धर्म गरेको छु, मलाई ज्ञान छैन । तपाईले मेरो उपरमा कृपा राखेर बताइदिनुहोस् भनेर सोधेपछि यमदूत भन्दछन्- हे विकुण्डल वैश्य तिमीले गरेको पुण्य तिमी जान्दैनौं सम्पूर्ण म जान्दछु सुन, हरमित्र नाम ब्राम्हणका पुत्र सुमित्र नाम ब्राम्हण सम्पूर्ण बेदान्तमा निपुण हुनुहुन्थ्यो । उहाँको आश्रम पुण्य यमुना माहाँनदीको दक्षिण तटमा थियो । ती ऋषिसंग आश्रममा तिम्रो मित्रता थियो । ऋषिको सङ्गतले गरी लोकमा प्रख्यात भएको सम्पूर्ण पापलाई नाश गर्ने पवित्र माहानदी यमुनामा दुई वर्षको माघस्नान गरेका थियौ ।। एक माघमास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नान गरेको पुण्यले सम्पूर्ण पापबाट मुक्त भयौ । दोस्रो वर्ष माघस्नानको पुण्यले स्वर्गको सुख चीरकाल पर्यन्त भोग गर । तिम्रो दाजु श्रीकुण्डलको पाप मात्र भएको हुनाले नरकका यातना असीपत्र वनका खड्ग समान धारले अङ्गअङ्गमा छिया-छिया पार्नेछन् । मुद्‌गरले ठोक्नेछन् र शिरउपरमा शिला वर्षने छन् । अग्नीका ज्वाला कोइला वर्षने छन् ।। यमदूतको यस्तो वचन सुनेर दाजुका उपरमा साह्रै नै प्रेमले गर्दा दुःखित् भई सम्पूर्ण अङ्ग रोमाञ्चित भई चित्त दुखाई नम्रपूर्वक यमदूतलाई यो बिन्ती चढाए ।

हे दूतवर सज्जनसँग सात पाइला मात्र भेटवार्ता गर्दामा असल फल मिल्छ भनेको छ । तसर्थ, मलाई मैत्रीपूर्वक उपकार गर्नुहओस्, मैले हजुरलाई सर्वज्ञ मान्दछु । मनुष्यहरूले के कर्म गर्नाले नरकमा जानु पर्दैन । यसको उपाए बताउनुहोस् भनि सोद्धामा यमदूत बताउँदछन् । हे सौम्य हे विकुण्डल तपाईले यो राम्रो प्रश्न गर्नुभयो । अब पाप जति नाश भयो । शुद्ध हृदय भएपछि मनुष्यको बुद्धिले श्रेय चिताउँदछ म सेवामा निरत भएकाले मलाई त्यति समय छैन, तर पनि तपाईको प्रेमले गर्दा मैले जाने बुझेको बताउँदछु सुन्नुहोस्-

जसले जन्म भरि कपट छल जलि मनले वचनले कर्मले
अर्कालाई पीडा दिएनत भने जादैन नर्कभरे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्छन वेद अरुदान धर्म गरछन् यज्ञै र जप गर्दछन् ।
हिंसा गर्दछन् प्राणीको यदी भने नर्कै माहाँ पर्दछन्

हिंसा त्यागी दिनु ठूलो धरम हो त्याग गर्नु हिंसा तप
हिंसा त्यागी दिनुत दान यही हो भन्छन् महर्षि सव

अहिंसा ब्रत जानी लिनु सवले धर्मै ठूलो हो भनि
वध गर्नु कन छैन ज्ञानी जनले उडुस उपिया पनि

हे विकुण्डल वैश्य तसर्थ बुद्धिमानी मनुष्यले कदाचित् पनि जलचर, स्थलचर खेचर अर्थात् उडुस, उपियाँ, लामखुट्टे प्राणीहरूसमेत वध गर्नु योग्य छैन । अहिंसा ठूलो धर्म छ । जसले आफ्नो स्वार्थपूर्ण गर्न प्राणीहरू वध गरेर खान्छन् भने त्यस्ता जनहरू घोर कालसूत्र नरकमा यातना भोग्दछन् जून कालसूत्रमा आफ्नु मांस आफै खान्छन्, पीप रगतले भरिएको कुण्डमा बुड्दछन्, कीराहरूले टोक्दछन्, अंधकार छ, कीरालाई पापीले खान्छ । अधोमुख गरी राख्छन् ठूलो शब्दले गरी रुने कराउने गर्दछ । एक कल्पसम्म नरक वास रहेर त्यहाँबाट निस्किएपछि मर्त्यमण्डलमा स्थावर लता वृक्षभई चिरकाल पर्यन्त रहन्छन् । त्यसपछि तिर्यक् योनी पशुपंक्षी हुन जान्छन् तत्पश्चात् मनुष्य योनी हुन्छन् । मनुष्यमा पनि अन्धा अपाङ्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखी दरिद्री भई दुःख भोग गर्दछन् । तसर्थ हिंसा हत्या गर्नु ठूलो अपराध मानिएको छ । अर्कालाई द्रोह गर्नु, दुःख दिनु नै नर्कको ढोकामा आफूलाई प्रवेश गराउनु हो । यस कारणले यस लोक र परलोकको हित चाहना राख्ने जनहरूले आर्काको द्रोह हिंसा हत्या छाडेर उपकारको मार्गमा लाग्नुपर्छ । जसले अर्काको द्रोह हिंसा गर्दैन । त्यस्ता जनहरूले यसलोक र परलोकमा पनि डराउनु पर्दैन । जसरी सम्पूर्ण खोला नदीहरू समुन्द्रमा प्रवेश गर्दछन् त्यसरी नै सम्पूर्ण धर्मकर्महरू अहिंसामा निहित छन् ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमहात्म्ये ज्ञान सागरे
वशिष्ठ दिलीप सम्वादें विकुण्डल यमदूत सम्वादे
सप्तमोऽरध्याय ॥७॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥

अथ अष्टमोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, राजन् यसरी धर्मको न्याख्या गरेर फेरि पनि यमदूत भन्दछन् हे विकुण्डल वैश्य एक चित्त भई सुनः जसले सम्पूर्ण प्राणीहरूलाई अभयदान दिन्छ । तिनीहरूले नै सम्पूर्ण तीर्थ स्नान गरेको फल प्राप्त गर्दछन् । सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञमा दिक्षीत अर्थात् यज्ञ गरेको फल प्राप्त गर्दछन् । आ- आफ्नो धर्म पालना गर्ने इन्द्रिय जित्ने कुकर्ममा नलाग्ने जनहरु अविनाशी ब्रम्हलोकलाई प्राप्त गर्दछन् । जो जनहरुले पंचमाहाँ यज्ञ गर्दछन्, राम्रो काम गर्दछन् सम्पूर्ण प्राणीहरुमा दया गर्दछन्, त्यस्ता जनहरुले नरक देख्नै पर्दैन । जो ब्राम्हण भै इन्द्रियलाई जित्दछन् वेदशास्त्र पुराणको वर्णन गर्दछन्, अग्नी होत्री रहेका छन् । ती ब्राम्हणहरुले स्वर्गगति प्राप्त गर्दछन् । जसलाई शत्रूहरुले चारैतर्फबाट घेरा दिएर घेरा भित्र पर्दा पनि शरण पर्दैन । आत्मसमर्पण गर्दैन जो संग्राममा मरण भएको छ । त्यस्ता जनहरुले सूर्यलोक प्राप्त गर्दछन् । जो जनहरु अनाथ स्त्री ब्राम्हण शरणमा आएकोलाई उद्धार गर्दागर्दै मरण भई जान्छन् ती जनहरु स्वर्गलोक सदा स्थायी भइरहन्छन् । लाटा, लङ्गडा, बृद्ध, रोगी, दरिद्री जसले पालना गर्दछन् तिनीहरुले स्वर्गबाट च्यूत कहिल्यै पनि हुँदैनन् ।

धापमा परेकी गाई रोग लागेका ब्राम्हण जसले उद्धार गर्दछ तिनीहरुको लागि अज्वमेध यज्ञले पाइने लोकको बन्दोवस्त हुन्छ । जो जनहरु गो ग्रास दिन्छन् गाईको शुश्रूसा गर्दछन् । जो गाई गोरुमाथि सवार गर्दैनन् तिनीहरु स्वर्गलोकमा निवास गर्दछन् । जसले एक हात मात्र गहिरो लम्बाई चौडाइको कुवा मात्र बनाए पनि त्रिसित भएकी गाईले जलपान गर्न पाए कुवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण कर्ताले यमलोक देख्न पर्देन । स्वर्ग प्राप्ति गर्दछ । तलाउ पोखरी धारा निर्माण गरेको धर्मको बयान गर्न सकिँदैन । जो तलाउहरुमा जलचर, स्थलचर, खेचर प्राणीहरूले आनन्दपूर्वक जलपान स्नान गर्न पाउँदछन् जति-जति मनुष्यादि प्राणीहरूले जलपान स्नान गर्दछन् । त्यति नै निर्माण कर्तालाई अक्षरय स्वर्गगति बढ्दछ । जल नै प्राणीहरूको जीवनदाता हो जलविना प्राणीको प्राणरहन सक्तैन । जलदानले स्वर्गको सुखभोग गर्न आनन्द पूर्वकले पाइन्छ । जो मनुष्यहरूले एक पीपलको बोट, एक वरको बोट, एक निमको बोट, दश नित्तिणि अर्थात् इमलिको बोट, जामुना, अमला, वेल ३/३ बोट आँपको पाँच बोट, रोपेर हुर्काउँछन् । यदि भने ती जनहरूले नरक देख्नपर्दैन ।

दश भाइ छोरा कुपुत्र हुनुभन्दा पाँच वृक्ष हुर्काउन उत्तम मानिएको छ, वृक्षहरूलेता पातले पुष्पले फलले पितृहरूको तर्पण गर्दछन् बाटामा शीतल छायाँ पार्दछन् । फल पुष्पले प्राणीहरुलाई तुष्टि पुष्टि पार्दछन् । स्वच्छ वातावरण पार्दछन् । कुपुत्र असती स्त्रीलेता परोपकार गर्नुभन्दा झन् अरुलाई पीडा दिन्छन् । जसले वृक्षहरू रोप्दछन् । ती जनहरू सधैं सुखी हुन्छन, सधै दान गरेको फल प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन्, यज्ञ गरेको फल प्राप्त गर्दछन् । जो मूर्खजनहरू फल पुष्पले युक्त भएको वृक्षहरू बाटामा वा अन्यत्र जाँहा भएपनि काट्ने नास्ने गर्दछन् भने त्यस्ता मनुष्यहरू चीरकाल पर्यन्त नरकमा बस्दछन् । हे विकुण्डल वैश्य । अब तुलसीको महिमा सुनः

जसले रोपण गर्दछन् तुलसीको सम्पूर्ण पापनाश हुने
पर्दैन यमराज देख्न कहिल्यै चिन्ता मणि झैं दिने

ज जसका घरमा विशाल तुलसी रक्षा गरी राखछन्
तीर्थै हो भनि जानी लिनु सबले यमदूतहरू भाग्दछन्

जत्ती बीज दलै हुनन् तुलसीका त्यति हजार वर्ष तक्
स्वर्गैको सुख भोग् गरेर रहनन् जो जो जति छन् ती सब

श्राद्धैमा पितृहरूले तुलसीको गन्धै लिई हर्ष भै
गडुरमाथि सवार भै पितृहरू बैकुण्ठ जान्छन् सबै

गङ्गा स्नान गरेको फल जति हुने दर्शन नर्मदा त्यती
स्पर्शै तुलसी गऱ्यो यदि भने फल मिल्छ सोहि जति

रोप्नाले अनि पालना र जलले सेचन् दिनाले अनि
दर्शन स्पर्शनले मनुष्यहरूको हजारौं पापै पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनले कर्म वचन् र इन्द्रियहरू सबले गरेका ती पाप
सारा भष्म गराई दिन्छ, सहजै लाग्दैन पाप भो सखाप्

प-पन्ध्र दिनको एकादशीमाहाँ ब्रम्हादि द्यौता पनि
खुश् भै पूजन गर्दछन् तुलसीको पाप नाश गर्ने भनि



(भक्तहरूले तुलसी पूजा गरेको)

यमदूत बताउँदछ हे विकुण्डल वैश्य मणि सुवर्ण मोती पुष्प बनाएर चढाएको भन्दा तुलसी दल चढाएको अधिक फल मिल्छ अर्थात् सुवर्णहरू चढाउँदा तुलसी दल चढाएको सोह्र कलाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक कला मात्र हुन्छ । आँप फल हजार रोपेको पीपलको वृक्ष सय रोपेको फल एक तुलसी रोप्नाले बढाउनाले हुन्छ । विष्णु भगवान्को पूजाको लागि जसले तुलसी रोपण गर्दछन् भने एघार हजार वर्षसम्म स्वर्ग लोकमा आनन्दपूर्वक रमण गरेर रहन पाउँदछन् । तुलसी दलले हरि भगवान्लाई पूजा गरे गर्भवासमा जानु पर्दैन मुक्तिभागी मनुष्य बन्दछ । पुष्कर आदि गरिएका तीर्थ गङ्गा आदि गरिएका नदी बासुदेव आदि देवताहरु तुलसीको दलमा निवास गर्दछन् । तुलसी रोपण गरेर तुलसीको दलले हरि भगवान्को पूजा गर्नाले जाँहा हरि भगवान् चर्तुवाहु बैकुण्ठमा रहनुहुन्छ । त्यहाँ हर्षपूर्वक भगवान्का साथ निवास गर्दछन् । हे विकुण्डल वैश्य अब शिव महिमा सुनः

सालिक राम शिला श्री शङ्करजीको रेवानदीदेखि जो
ल्याई पूजन गर्दछन् यदि भने एक दुई तीन काल सो

स्फटिक रत्न सुवर्ण आदिहरूको सुन्दर प्रतिमा माँहा
मठमन्दिरहरूमा र तीर्थहरूमा जङ्गल र पहाडमा

इच्छा हुन्छ जाँहा त्याँहा शिवजी जसले पूजा गर्दछन्
ॐ नम शिवाय मन्त्र जपले संसार पार तर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस लोकमा सुख भोग गरेर रहनन् लाग्दैन कैले व्यथा
यमलोकको त कुरा काहाँ तक गरौ पर्दैन सुन्नै कथा

पूजामा रतलेर मन्त्र जपले भक्ति र सद्भावले
चौधै इन्द्र तलक् निवास गरछन् आनन्द कैलाश विषे

यमदूत बताउँदछन् हे विकुण्डल वैष्य जो मनुष्यले सङ्गतले हो अथवा अज्ञान होस् अथवा लोभले गर्दामा होस्, जसरी भएपनि भगवान् शिवको सेवा पूजा आराधना गर्दछन् यदि भने ती मनुष्यहरूले यमराजलाई देख्नपर्दैन । सम्पूर्ण पापलाई नाश गर्ने सम्पूर्ण ऐश्वर्यादि दिने भएको शिव पूजा बराबर अरु कुनै पनि तिनलोकमा छैन । जो मनुष्यले शिवभक्त र विष्णुभक्तहरूको निन्दा गर्दछन् भने त्यस्ता जनहरू अवश्य पनि नरकमा जान्छन् । शिवस्व ठूलो विष छ शिवस्वको अन्नद्रव्य खान हुँदैन ।

जल प्रसाद मात्र खान हुन्छ भन्ने प्रमाण शिव पुराणमा पाइन्छ । लोभले मोहले गरी शिवस्व थोरै खाए पनि झिंगाको खुट्टाको फोहोर खानामा पर्दा विष भई हैजासमेत हुन गई मरण पनि हुनसक्छ । त्यस्तै शिवस्व खानाले कल्प पर्यन्त नरक वास हुन्छ । जसले तृण काष्ठ ढुङ्गाहरुले शिव मन्दिर बनाउँदछन् भने ती जनहरू शिव लोक शिव समिपमा आनन्दपूर्वक निवास गर्दछन् । जसले ब्रम्हा विष्णु महेश्वर आदि देवताहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मठ मन्दिर बनाउँदछन् भने जो जसले धर्मशाला गौशाला बाटोमा विश्राम स्थान योगी सन्यासीहरुको कुटी स्थान दुःखी गरीबहरूको आश्रय स्थल बनाई दिन्छन् भने ती धर्मात्मा जनहरु इन्द्रलोक इन्द्रभवनमा सरासर जान्छन् । स्थायीहरुको जीर्णोद्धार गरेमा यसको द्विगुणा फल मिल्छ । जसले यी मठमन्दिरको भंग गरेमा नरकको वास अवश्य हुन्छ । जसले लोभले गरी यी देवालय आश्रम मठ मन्दिरको अधिपत्य भई द्रव्य अन्न खाएमा सम्पूर्ण धर्मबाट च्यूत हुन जान्छ र एक्काईस नरकमा दुःख यातना भोग्नुपर्छ ।

जसले आफ्नो पुत्र पौत्र बन्धुबान्धवलाई नरकमा पठाउँन इच्छा गर्छ भने मठमन्दिर सम्पतिको अधिपत्य गराओस् । मठमन्दिर अन्न खाए पनि चन्द्रायण गर्नुपर्छ । हे विकुण्डल वैश्य यदि मठपतिलाई छोयो भने पनि बस्त्रसहित स्नान गरोस् । गणेश सूर्य, देवी, शिव, विष्णु देवतादिको द्रव्य खानेहरू नरकमा पर्दछन् । ब्रम्हा विष्णु महेश्वरादि देवताको पूजाको लागि पुष्प वाटिका लगाउने जनहरू धन्य हुन् तिनीहरू स्वर्गलोक जान्छन् । जो मनुष्य पितृभक्त देवभक्त छन्, अतिथी सेवा गर्छन् त्यस्ता जनहरू उत्तम ब्रम्हलोक प्राप्त गर्दछन् । मूर्ख होस्, अथवा पठित होस्, अपठित होस् मध्यान्ह कालमा वा सायंकालमा होस्, आएको अतिथी परमेश्वर स्वरुप हो । बाटोमा थकित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको भोक तिर्खाले पीडित भएको ब्राम्हण होस्, अथवा अरु कुनै होस्, आएको अतिथीलाई जसले अन्न जलफलले सन्तुष्टि पार्दछ भने त्यस्ता जनहरू चीरकाल पर्यन्त स्वर्गमा निवास गर्दछन् । आफूसँग चिरपरिचित नभएको आफ्नो घरमा कहिले पनि नआएको, भोकले पीडित भएको जसको घरमा तृप्त भई जान्छन् भने ती तृप्त गराउने जनहरू ब्रम्हलोकको गति प्राप्त गर्दछन् । जसको घरबाट सायंकालमा वा मध्यान्ह कालमा होस् अतिथी विमुख भई जान्छन् भने विमुख गराउने जनहरू यमलोकमा जान्छन् छैन छैन भन्ने वचन सुनी जो अतिथी विमुख भई जान्छ । त्यसले त्यस गृहस्थीको आ-जन्म कमाएको पुण्य लिएर जान्छ ।

अतिथी समानको अरु बन्धु बान्धव छैन । अतिथी समान अरु धन छैन अतिथी सेवा बराबर अरु धर्म छैन । अतिथी सेवा बराबर अरु कल्याण छैन, अतिथी सेवाको प्रभावले गरी धेरै राजा ऋषिश्वरहरू ब्रम्हलोक गएका अध्यापि पनि फर्केका छैनन् । अतिथी सेवा गर्ने जनहरूले यमराजलाई देख्नुपर्दैन । अतिथी सेवा गर्ने अन्न दान गर्ने जनहरू स्वर्गगतीभै उज्ज्वल विमानमा सवार भई अमृत पान गर्दछन् मिष्ठान्न भोजन गर्दछन् ।। स्वर्गको सुख भोग सकिएपछि उत्तर कुरु देशमा जन्म लिन आउँदछन् त्यहाँ सुख भोग गर्दछन्, त्यसपछि भारत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षमा धर्मात्मा राजा हुन्छन्, अन्न दानको प्रभावले दीर्घायु सुखी सम्पतीशाली बन्दछन् । सम्पूर्ण मानिस र अन्य प्राणीहरूको पनि अन्नमा प्राण अडिएको हुन्छ । त्यसकारण हे विकुण्डल वैश्य अन्नदाता प्राणदाता मानिएको छ । केसरीध्वज राजालाई स्वर्गबाट च्यूत हुन लाग्दा करुणापूर्वक धर्मराजले भन्नुभयो हे राजन् तिमी कर्मभूमि गएपछि यदि स्वर्गको चाहना राख्दछौ भने अन्न दान गर, अन्न दान गर, अन्न दान गर भन्नुभयो । तसर्थ अन्न दान समान अरु दान छैन । ग्रीष्म ऋतु जेष्ठ आषाढमा जल दानको महत्व छ, हेमन्त ऋतु मंसिर पौषमा अग्नी दान बस्त्र दानको महत्व छ, अन्न दानको महत्वता बाह्रै महिना छ । जानी नजानी भएका गरेका साना ठूला पापहरूको प्रायश्चित ६/६ महिनामा गरोस् प्रायश्चितले मनुष्यहरू स्वच्छ हुन्छन् र यमराजलाई देख्नुपर्दैन । मन, वचन कर्मले गरेका पापहरू नाश भई देवता गन्धर्व अप्सराले शोभित भएको स्वर्गलोक प्राप्त गर्दछन् ।

जो ब्राम्हणहरू नित्य वेदमाता गायत्री जप एवं अन्य वैदिक मन्त्र जप गर्दछन् भने ब्राम्हणबाहेक अन्य जाति स्त्री जातिले आ-आफ्नो अधिकारका मन्त्र जप गर्ने जनहरू पापले लिप्त हुँदैनन् । नित्य बिहान बेलुका वेदपाठ गर्ने अग्नीमा हवन गर्ने जो जति छन् तिनीहरूले अक्षरय गति प्राप्त गर्दछन् । नित्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रत गर्ने नित्य सेवामा लागेका सर्वदा इन्द्रियलाई वशमा राखेका सत्यमात्र बोल्ने यस्ता जनहरूले भयानक यमराजलाई देख्नैपर्दैन । जसले जसको अन्न खान्छ भने अन्न दिनेको पापको भागी बन्छ । यसकारण परान्न बुद्धिमानिले त्याग गर्नु । प्रातः स्नान गर्ने मनुष्यहरूले यमलोकको यातना भोग्नुपर्दैन । पापीजन पनि प्रातः स्नान गर्नाले शुद्ध हुन जान्छ, प्रातः स्नानले बाहिर भित्र मल नाश भई निर्मल हुन्छ, प्रातः स्नानले नै मनुष्य निष्पाप भई नरक जानुपर्दैन । स्नान नगरी भोजन गरे मल समान मानिएको छ । स्नान नगर्ने जन सदा अशुद्धि हुन्छ । यस्ता जनसंग पितृ देवता निराश हुन्छन् । स्नान नगर्ने मानिस पापी मानिन्छ । स्नान बर्जित जन अपवित्र कहिएको छ ।

स्नान वञ्चित जन नरक भोग गरेर मनुष्य जुनी प्राप्त गर्दा चण्डाल भई जन्मन्छ । जो मनुष्य माघस्नान पर्व स्नान गर्दछ भने दुर्गति हुँदैन । कुयोनीमा जानु पर्दैन, दुस्वप्न दुःख व्यवहार कहिले पनि पर्दैन । प्रातः माघस्नान गर्ने मनुष्य भाग्यमानी हुन्छ । यमदूत बताउँदछन् हे विकुण्डल वैश्य जो मनुष्यहरूले तिल तिल पात्र तिल कमल विधिपूर्वक दान गर्छ भने यमलोक कहिले पनि जान पर्दैन । भूमि दान, गौ दान, षोडष माहाँदान गर्ने दानीहरू स्वर्गलोकबाट फिर्ता हुनुपर्दैन । बुद्धिमानी जनहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्य तिथी पुण्य पर्व व्यतिपात योग संक्रान्ति इत्यादि पर्वमा स्नान गरेर आफ्नो सख्यले दान गर्नाले दुर्गतिमा जानुपर्दैन । पुनः जन्म लिँदा धनी कुलमा जन्म लिन्छन्, सत्यवादी हुन्छन्, राम्रो मिठो बोली बोल्ने क्रोध नभएका सहनशील धैर्य भएका सम्पूर्ण प्राणीमा दया राख्ने, अर्काको धर्मको रक्षा गर्ने, अरुहरूलाई सम्मान गर्ने आर्काको द्रव्य तिलमात्र पनि लोभ नगर्ने यस्ता जनहरूले हे विकुण्डल वैश्य कहिल्यै पनि नरक यातना देख्नैपर्दैन । जसले आर्काको निन्दा, रिस, डाह गर्छ पाप कर्ममा निरत हुन्छ त्यस्ता पापीजनहरू घोर घोर नरकमा जहाँसम्म चन्द्र, सूर्य, पृथ्वी रहन्छन् त्यहाँसम्म नरकको यातना भोग गर्नुपर्छ । यसमा अन्यथा मान्नु पर्दैन । जो मनुष्य कठोर बोली गर्दछ त्यो नरकमा अवश्य जान्छ भन्ने जान्नु । तीर्थ स्नान गर्नाले ब्रत गर्नाले तपस्या गर्नाले पनि अर्कालाई दुःख दिने उपकार नगर्ने मनुष्यको प्रायश्चित हुनसक्दैन । धेरै समयसम्म नरकको भोग गर्नुपर्छ ।

पृथ्वीमा जति तीर्थ छन् तीर्थमा स्नान गर्ने इन्द्रियलाई वशमा राख्ने शुद्ध आहार भोजन गर्ने मनुष्यहरूले कहिले पनि नरक यातना भोग्नु पर्दैन । बुद्धिमानी मानिसले तीर्थमा पाप नगरोस् पूजारीदान लिने काम पनि नगरोस् । गङ्गाजीलाई अरु जलाशय समान जसले भन्दछ, त्यस्तो अधमजन रौरव नरक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दछ । तीर्थमा प्रतिग्रह दान लिने काम नगर्नु, धर्मको व्यापार नगर्नु, तीर्थ दान पचाउन गाह्रो छ । तीर्थमा गरेको पाप कठोर छ तीर्थमा जति जति गरेको कु-कर्म हो अति कठोर मानिएको छ । त्यसकारण एकपटक मात्र भएपनि गङ्गामा स्नान गर्नाले पापी पनि पवित्र हुन सक्दछन् नरक जानु पर्दैन । धेरै धर्म, कर्म, ब्रत, दान, जप, तप, यज्ञहरू छन् तर गङ्गा स्नान समान हुन सक्दैनन् । किनकी यी गङ्गा धर्मको धारा हो, धर्मको बीज हो यी गङ्गा साक्षात् भगवान् बैकुण्ठनाथका पाउबाट आएकी हुन् । साक्षात् भगवान् शङ्करजीले शिरजटामा धारण गरेर शिवजटाबाट आएकी हुन् । यिनी गङ्गा साक्षात् ब्रम्हस्वरूपीणी नै हुन् मायाका गुणले रहितछिन्, जहाँ प्रकृतिको मायाले बाधा गर्न सक्दैन । यसकारणले यी गङ्गा समान यो ब्रम्हाण्डमा के कुरा गोलोकमा पनि पाइँदैन । तसर्थ सय योजन टाढाबाट पनि हाँ गङ्गा हे गङ्गा भनेर पुकार गर्नाले मनुष्यले नरक जानुपर्दैन ।

गङ्गा समान अरु कोही छैन, गङ्गा समान पापलाई पखाल्ने नरक गतिलाई रोक्ने गङ्गा बराबर अरु देखिँदैन । तसर्थ मनुष्यहरूले यत्नपूर्वक गङ्गा स्नान गरुन्, गङ्गादि तिर्थमा प्रति ग्रह नलिउन्, गङ्गाजी तीर्थप्रति ग्रहदान नलिने ब्राम्हण स्वर्गमा तारा समान उज्ज्वल भई चीर कालसम्म बस्छन् । जसले धापमा परेको गाई रोग लागेको रोगीलाई उद्धार गर्दछ, जो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौशालामा प्राण त्याग्छ, ती जनहरू स्वर्गका तारा स्वरूप भई सुखभोग गर्दछन् । त्यस्तै प्राणयाम गर्ने जनहरुले यमलोक देख्नुपर्दैन, जो मनुष्यले प्रतिदिन सोह्र प्राणयाम गर्दछ भने कु-कर्म गरेको भए पनि प्रतिदिन प्राण याम गर्नाले पापहरू नष्ट हुन्छन् । तपस्या गरेको ब्रत बसेको नियममा रहेर हज्जार गाई दान गरेको जो पुण्य फल मिल्दछ सो फल प्राणयाम गर्नाले मिल्छ । जो मनुष्य एक महिना कुशको अग्रभागले गङ्गा जलपान गर्दछ, सय प्रणायम गरेको फल प्राप्त गर्दछ । हे विकुण्डल वैश्य ठूला साना पापहरू प्रणायम गर्नाले भष्म हुन्छन् । जो मनुष्य पर पत्नीमा मातृ भाव राख्दछन् भने ती जनहरू उत्तम कहिन्छन् त्यस्ता जन कहिले पनि नरक जानु पर्दैन । जो मनुष्य पर पत्नीमा मन चित्तले पनि चिताउदैन भने त्यस्ता उत्तम जनहरूले नै यो पृथ्वीलाई धारण अर्थात् थामेको छ तसर्थ मन वचन र कर्मले परपत्नीको सेवा नगरोस् । परपत्नीको सेवा गर्ने जनहरू एक्काईस ठूला नरकमा जानुपर्छ । त्यस्तै स्त्रीहरूले पनि यही फल भोग्नु पर्छ ।

जसको मनले पनि अर्काको द्रब्यमा लोभ गर्दैन भने त्यस्ता स्वच्छ मानिसहरू स्वर्गलोकमा अवश्य जान्छन् । यमलोक जानु पर्दैन । केही कारण पर्दामा पनि जसको क्रोध आउँदैन भने त्यस्ता सज्जन जनले स्वर्गगती जित्दछन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् स्वर्गगति प्राप्त गर्दछन् । जसले माता पितालाई देवता समान मान्दछ भने त्यस्ता जनहरू वृद्ध भएर मरण भएपछि यमलोक जानुपर्दैन । पिताको भन्दा अधिक भावले गुरुलाई मान्दछन् । यदि भने त्यस्ता जनहरू अक्षरय ब्रम्हलोकमा जान्छन् । यस लोकमा जो जो स्त्रीहरूले आफ्नो शिल सतित्वमा रहन्छ ती स्त्रीहरू नै धन्य हुन् । शिल सतित्व भङ्ग गर्ने नारीहरू यमलोकको कठोर यातना भोग गर्दछन् । जो नारी जातिहरू दुष्टसँग छाडेर आफ्नो नित्यशिल सतित्वमा रहन्छन् भने तिनै नारीहरू स्वर्ग गति प्राप्त गर्दछन् । नारी जातिको काम कर्तव्य गृहको संभार शुद्धपाक कर्म गर्नु एवं यज्ञको संभार गर्नाले निषिद्ध कर्म त्यागनाले नारीहरू स्वर्गगति प्राप्त गर्दछन् । नर्क गतिमा जानु पर्दैन । जो मनुष्यहरू शास्त्रको विचार गर्दछन्, वेदको अभ्यास गर्दछन् एवं पुराण प्रवचन गर्दछन्, मनुस्मृति आदिको व्याख्या गर्दछन् तथा धर्मको उपदेश गर्दछन्, जो वेद वेदान्तमा निपुण छन्, तिनै विद्वानहरूले नै यो जगत संसारलाई थामेको छ । किनकी यी विद्वानहरूको उपदेशले गरी धेरै-धेरैले ज्ञान पाएर सद्मार्गमा लागेर ब्रम्हलोक प्राप्त गर्दछन् । जुन ब्रम्हलोकमा मोह हुँदैन । जो मनुष्यज्ञान युक्त छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उसले अरुलाई वेदको शास्त्रको ज्ञान उपदेश दिन्छन्, त्यस्ता विद्वान महात्मालाई देवताहरूले पनि पुज्दछन् ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमाहात्म्ये ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादेऽष्टमोऽध्याय (८)

अथ नवमोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ हे दिलीप माहाराज यस्ता प्रकारले यमदूतले विकुण्डल वैश्यलाई धर्मको महिमा बताएर फेरि पनि बताउन लाग्दा भए हे विकुण्ड वैश्य रहस्यमा पनि अति रहस्यमय धर्मराजको सम्मत सम्पूर्ण लोकलाई अमरत्व दिने रहस्य के छ भने जो मनुष्यहरू वैष्णव विष्णु भक्त छन्, तिनीहरूले घोररूप भएका यमराज र यमदूतलाई देख्नैपर्दैन । यो ध्रुव सत्य हो । यमराज बारम्बार भन्नुहुन्छ ।

हे दूत हो तिमीहरूले जो जति वैष्णवहरू छन्, तिनीहरूलाई छाड्नु नल्याउनु मेरा अगाडि तिनीहरू आउने हैनन्, हे दूत हो, जसले एकबार भए पनि भगवान् विष्णुको नाम स्मरण किर्तन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छ भने सम्पूर्ण पापहरू नष्ट भई बैकुण्ठ लोकमा जान्छ । यदि सदा दुराचारी सर्वदा पापमा मात्र निरत भएपनि भगवान् विष्णुको नाम किर्तन भजन गर्दछ भने त्यस्ता जनहरूलाई तिमीहरूले मेरा समक्ष ल्याउन हुँदैन छाड्नु पर्दछ । जसको घरमा वैष्णवहरूले भोजन गर्दछन् भने भोजन गराउने जनहरू पनि वैष्णवको सङ्गतिले गर्दा पाप नाश हुन जान्छ । तसर्थ, तिनीहरूलाई पनि म कहाँ नल्याउनु । हे विकुण्ड वैश्य यस्तो आदेश यमराजले हामीहरूलाई दिनुभएको छ । यसकारणले वैष्णवहरू यमलोक जानु पर्दैन । पापीहरूको पाप नाश गर्न र नरक नपर्न विष्णु भक्तिविना दोस्रो उपाय छैन । ब्राम्हण भएर जो अवैष्णव छ । यदि भने त्यस्ता ब्राम्हणलाई चण्डाल समान मानिन्छ । ब्राम्हणबाहेक अरु जाति पनि वैष्णव छ भने तिनैलोकमा पवित्र मानिन्छ । जसको पितृकुल मातृकुलका पूर्व कालदेखि पितृ नरकमा रहेका भएपनि उनीहरूको कुलमा विष्णुभक्त वैष्णव भई विष्णु पूजा आराधाना गर्नाले ती पितृहरू नरकदेखि छुटी स्वर्गगति प्राप्त गर्दछन् ।

बुद्धिमानी जनले पापनाशको लागि वैष्णवको अन्न नम्रपूर्वक याचना गरोस् । यदि अन्न नमिले जल मात्र भएपनि पान गरोस् । जो मनुष्यले हे गोविन्द हे नारायण हे हरि नमोःनम भनि भगवान्लाई पुकार गर्दै जहाँ भएपनि देह त्याग गर्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो जनले यमराजलाई देख्नपर्दैन । हामीहरू उसको छेउ जाँदैनौ । जो मनुष्य अङ्ग न्यायसहित ऋषिछन्द देवतासहित द्वादशाक्षरी मन्त्र ॐ नमो भगवते वासुदेवाय एवं अष्टाक्षरी मन्त्र । ॐ नमो नारायणय जप गर्दछन् भने ती ज्ञानी पवित्र वैष्णवजनहरूको दर्शन गर्नाले ब्रम्हघाती पनि शुद्ध हुन्छ । त्यस्ता वैष्णवहरू परलोक पछि बैकुण्ठ लोकमा गति भई शङ्ख चक्र धारण गरी वनमालाले सुसज्जित भएर विष्णु भगवान् सदृश भई ब्रम्हाजीको आयु पर्यन्त बैकुण्ठमा निवास गर्दछन् ।। जो मनुष्यहरूले भगवान्को हृदयमा अर्थात् सूर्यमा जलमा अथवा प्रतिमा स्थण्डिलमा हरि भगवान्को पूजा आरधाना गर्दछन् भने ती जनहरू पनि बैकुण्ठको गति प्राप्त गर्दछन् ।। अथवा मोक्षको इच्छा गर्ने जनहरूले भगवान्को निवास स्थल भएको सम्पूर्ण पापलाई विनाश गर्ने सम्पूर्ण धर्म, कर्म, तीर्थ, ब्रत दानादीको पुण्यफल दिने मोक्ष दिने भएको कीट निर्मित सालिकराम शिलामा वासुदेव भगवान् विष्णुको पूजा गरोस् ।। हे विकुण्डल वैश्य अव सालिक राम शिलाको महिमा सुनः

पूजा गर्दछ जो सदा हरिजीको सालिक राम् चक्रमा
राज सूय हजार यज्ञ गरेको फल् मिल्छ दिन दिनमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यानमा मग्न भएर सिद्धहरूले ध्यान् गर्दछन् ब्रम्हाको
जुन् फल मिल्छ भने उहि फल दिने पूजा सालिक रामको

अग्नीकाष्टमाँहा रहन्छ जसरी त्यस्तै हरि चक्रमा
जानि लिनु हरि सदा रहदछन् विशेष सालिक राममा

पाप्मा युक्त सदा कुकर्म गरने झुटो सदा बोलने
धर्मैको अधिकार च्यूत भएका यस्ता कुकर्मी पनि

सालिक राम पूजा त गर्दछन् भने पापबाट मुक्तै भई
जादैनन् यमलोक पापी ती पनि कृपा हरिको भई

सालिकराम शिला माँहा हरि खुसी हुन्छन् जति बस्नमा
त्यति खुसी हुदैनन् है बुझी लिनु लक्ष्मी र बैकुण्ठमा

सालिकराम शिला पूजा दिन दिनै जसले गऱ्यो भक्तिले
पृथ्वी सागर सहित दान गरेको पाँउनेछ फल तेसले

यमदूत बताउँदछन् हे विकुण्डल वैश्य जसले सालिकराम पूजा गर्दछन् भने अग्नीमा हवन गरेको फल पनि पाउँदछ । जो मनुष्यले एकबार मात्र भए पनि सालिकरामको पूजा गरेमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण पापहरू नष्ट भएर जान्छ । जस्तै सूर्योदय भएपछि कुहिरो फाटेर जान्छ त्यस्तै पापहरू नष्ट भएर जान्छन् ।

हे विकुण्डल वैश्य जो मनुष्यले विधिपूर्वक द्वादश सालिकराम शिलाको एकबार मात्र पूजा गरे पनि त्यसको फल सुनः ।। सुवर्णको कमल फूल निर्माण गरेर द्वादश शिव लिङ्गमा कल्प पर्यन्त पूजा गरेको फल मिल्दछ ।। जो मनुष्यले भक्तिपूर्वक एक सय सालिक राम शिलाको पूजा गरेमा चिरकालसम्म बैकुण्ठमा बसेर पुनः यो लोकमा जन्म लिएर राजा हुन्छ ।। जो मनुष्य काम, क्रोध, लोभ, मोहले व्याप्त छता पनि यदि हरि भगवान्को स्वरूप सालिरामको पूजा गर्दछ भने त्यस्ता मनुष्यले पनि भगवान्को लोकमा जान पाउँदछन् । जो मनुष्यले सदा सर्वदा सालिकराम भगवान्को पूजा गर्छ भने त्यसले कल्प पर्यन्त स्वर्गबाट खस्न पर्दैन ।। शालिकराम भगवान्को पूजा गर्ने उत्तम जनहरू चाहे तीर्थ गरोस् वा नगरोस् दान गरोस् वा नगरोस् यज्ञ गरोस् वा नगरोस् मुक्ति गति अवश्य प्राप्त गर्छ ।।

पापी नै भएपनि शालिकराम भगवान् गोविन्दको पूजा अर्चना गर्ने मनुष्य नरक वास, गर्भवास, पशु कुयोनीमा जानुपर्दैन ।। जो मनुष्यलाई दीक्षा मन्त्रको ज्ञान छ, दीक्षा मन्त्र जप्दछ हरि भगवान्को पूजा निरन्तर गर्छ भने त्यस्ता जनले वैष्णवधाम अवश्य प्राप्त गर्दछ ध्रुव सत्य हो ।। जसले शालिकराम शिला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान्‌को जल शिरमा अभिशेष गर्छ, पान गर्छ, त्यसले नै सम्पूर्ण तीर्थ गरेको यज्ञ गरेको फल पायो ।। मुक्ति दिनमा सामर्थ्य भएका गङ्गा, गोदावरी, रेवानर्मदा नदीहरू शालिकरामको जलमा बस्दछन् ।। विधिपूर्वक धेरै थरिथरिका चन्दन, फल, फूल, धूप, दीप, नैवेद्य, स्तोत्र बाध्य बादनले भक्तिपूर्वक कलियुगमा शालिकराम भगवान् हरिको पूजा गरेमा हरि भगवान्‌को समिपमा कोटीकल्पसम्म आनन्दपूर्वक रहदछन् ।। कोटी शिव लिङ्गको पूजा दर्शन गरेको जो फल मिल्दछ, सोही फल एक शालिकरामको पूजा दर्शन गर्नाले मिल्दछ । एकबार मात्र भएपनि शालिकराम शिला भगवान्‌को लिङ्गमा पूजा दर्शन गर्नाले अध्यात्मज्ञान रहित मूर्ख भएपनि मुक्ति पाउँदछ ।। जाँहा शालिकराम शिला रूपले भगवान् केशव रहनुहुन्छ । त्याँहा देवता यक्षा शिद्धाहरू चौध भूवन रहन्छन् । शालिकराम शिलास्वरूप भगवान् समिपमा श्राद्ध गर्नाले पितृहरू तृप्त भई सय कल्पसम्म स्वर्गमा रहन्छन् ।। जो मनुष्यले नित्य शालिकराम शिला भगवान्‌को जल पान गर्छ भने पंच गव्यको प्रयोजन गर्न पर्दैन, सहस्त्र पंच गव्यको समान हुन्छ ।। जाँहा शालिकराम शिलाचक्र भगवान् रहनुहुन्छ त्यस जग्गाको चौतर्फ तीन योजन अर्थात् १२ कोशसम्म दान, धर्म, यज्ञ, जप, तप गरेको कोटी गुणफल दिने हुन्छ ।। जो मनुष्यले शालिकराम शिलाको जल र गोमती नदीको जल मिश्रीत गरेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिरमा अभिशेष र पान गर्नाले त्यस मनुष्यको देह चक्रले अङ्कित भएको हुन्छ ।

यसमा शङ्का लिनुपर्दैन, गुप्त रहन्छ अरु कसैले पनि देख्न सक्दैनन् । धर्मराजले मात्र देख्नुहुन्छ ।। विष्णु भगवान्को चरणोदक पान गर्ने वैष्णवहरू देखि भयभित भएर यमराजले दूतहरूलाई भन्नुहुन्छ, हे दूत हो तिमीहरू वैष्णवहरूको घरमा कैल्हे पनि नजानु भनि हामीहरुलाई आदेश दिनु भएको छ ।। समुन्द्रगामी नभएका नदीमा स्नान गर्नाले तीन दिनमा फल मिल्दछ समुन्द्रमा प्रवेश गर्ने नदीमा स्नान गर्नाले पक्ष पन्ध्र दिनमा फल मिल्दछ, समुन्द्रमै स्नान गर्नाले एक महिनामा फल मिल्दछ । गोदावरीमा स्नान गर्नाले छ महिनामा फल मिल्दछ, जान्हवीमा स्नान गर्नाले एक वर्षमा फल मिल्दछ । शालिकराम शिला भगवान्को पादोदकपान गर्नाले १२ बर्ष गङ्गा स्नान गरेको फल मिल्दछ ।। सहस्त्र कोटी तीर्थ सेवा गरेको फल शालिकराम शिलाचक्र निर्मित भगवान्को चरणोदक पान गर्नाले मिल्दछ ।। शालिकरामको जल एक थोपा मात्र पान गरेपनि बालकलाई आमाको दूध पान गरे समान तुष्टि पुष्टि हुन्छ र भुक्ति मुक्ति पनि हुन्छ ।।

शालिकराम हरि भगवान् रहेको चौतर्फ एकक्रोश भित्र मरण भएमा सम्पूर्ण प्राणी कीट, पतङ्ग, पशु आदि पनि बैकुण्ठ लोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गर्दछन् ।। जो मनुष्यले शालिकराम दान गर्दछ भने त्यसको फल अनन्त छ भूमण्डल शैल, पहाड, वनसहित दान गरेको फल जो पाइँन्छ सो फल शालिकराम दान गर्नाले मिल्दछ ।। जो जसले शालिकराम भगवान्को मँल्य गर्दछ बिक्री गर्ने सल्लाहा दिन्छ, जाँचबुझ गर्दछ ती सबै जनहरू जाँहासम्म चन्द्र, सूर्य, पृथ्वी रहन्छन् । ताहाँसम्म नरकको यातना भोग्नुपर्दछ ।। यसकारणले शालिकराम भगवान्को किनबेच गर्नुहुँदैन ।। यमदूत बताउँदछन्, हे विकुण्डल वैश्य म धेरै कति बताँऊ पापदेखि डराउने मनुष्यहरूले सर्वदा भगवान् वासुदेवको स्मरण गरोस् नाम किर्तन ध्यान गरोस् ।। मनुष्यले इन्द्रिय जितेर जङ्गलमा बसेर ठूलो तपस्या गरेको जो फल मिल्दछ सो फल भगवान् गडुरध्वजको स्मरण गर्नाले हे हरि हे नारायण हे वासुदेव भनेर नमस्कार गर्नाले किर्तन गर्नाले मनुष्य मोह जालमा फसेर धेरै पाप कर्म गरेता पनि सम्पूर्ण पापहरू नाश भई नरकमा जानु पर्दैन ।। पृथ्वीमा जति जति तीर्थ पुण्य क्षेत्रहरू छन् ।

ती सबै विष्णु भगवान्को नाम संकिर्तन गर्नाले पाइँन्छ ।। शारंगधनु धारणा गर्ने भगवान् विष्णुमा जो मनुष्यहरू परायण हुन्छन्, तिनीहरूले यमलोकको नरकमा जानु पर्दैन ।। वैष्णव भएर शिवको निन्दा गर्दछन् शैव भएर विष्णुको निन्दा गर्दछन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ता भक्तहरू विष्णुलोक, शिवलोक जान पाउँदैनन् अवश्य नरक पर्दछन् ।। जो मनुष्यले कुनै कारण सङ्गतले भए पनि एक मात्र एकादशी ब्रत उपबास गर्नाले यमलोकको यातना भोग्नु पर्दैन भनेर यमराजले भन्नु भएको हामीले सुनेका छौं ।। एकादशी ब्रत समान पवित्र तिन लोकमा अरु कुनै पनि ब्रत पाँइदैन । एकादशी तिथी भगवान् पद्म नामको दिन हो, पापलाइ नाश गर्ने एकादशी ब्रत समान अरु कुनै पनि छैन । हे बिकुण्डल वैश्य अब एकादशीको महिमा सुन :

जैलेसम्म एकादशी ब्रत कनै गर्दैन मानिसले
तैलेसम्म रहन्छ पाप् शरीरमा यो सत्य जानि लिये

अश्वमेध हजार यज्ञ गरेको सौ राज सूर्ये अनि
ब्रत् एकादशीको समान् सफलता मिल्दैन तिन्ले पनि

मानिस्ले जति पाप आर्जन गरे एघार इन्द्रियले
सारा नष्ट गराई दिन्छ सहजै एकादशी ब्रत गरे

एकादशी समान पुण्य जगमा मिल्दैन काँही कतै
भूलले मात्र भयो भने ब्रत पनि देख्दैन यमराज है

सारा सौख्य र भोग आदि मिलेन दीर्घायु निरोग हुने
पत्नी शिलवती र पुत्र गुणवान् ऐश्वर्य सारा दिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गामा न त मिल्छ फल त्यति कनै नमिल्छ काशीमाहाँ
गयामा गई पिण्डदान गरदा न मिल्छ पुष्करमा

कुरुक्षेत्र र वेणी आदि अरु धेर्प्रख्यात तीर्थादिमा
जो फल दुर्लभ हुन्छ सो फल मिलि पौचन्छ बैकुण्ठमा

एकादशीको ब्रत बसेर रात्रीमा जागृत रहनुपर्छ विधिपूर्वक ब्रत गर्नाले दश पुस्ता पितृकुल दश पुस्ता मातृकुल दशपुस्ता पत्नीकुलका पितृहरू कुसङ्ग छुटेर सुन्दर रूप भई पिताम्बर बस्त्र पैरेर गलामा उत्तम माला लगाई गरुडमा सवार भई बैकुण्ठ लोक जान्छन् ।। बाल अवस्थामा होस् वा यौवन अवस्थामा होस् जुनसुकै अवस्थामा भएपनि एकादशीको ब्रत उपवास गर्नाले दुर्गति हुन सक्दैन ।। तीन रात्री उपवास बसेर तीर्थ स्नान गरेर सुवर्ण तिल गाई दान गर्नाले मनुष्यहरूले स्वर्ग गति प्राप्त गर्दछन् । जो जति मनुष्य तीर्थ स्नान गर्दैनन् ।

दान, धर्म, जप, तप जो गर्दैनन् ती जनहरू यसलोक र परलोकमा पनि सुख शान्ति पाउन सक्दैनन् ।। यमदूत भन्दछन्, हे विकुण्डल वैश्य म संक्षेपले नरक जान नपर्ने उपाय बताउँदछु सुनः मनुष्यले सम्पूर्ण प्राणीहरूलाई मन, वचन कर्मले द्रोह गर्न हुँदैन, इन्द्रियलाई जितेर कुमार्गमा जान दिन हुँदैन, आफ्नो हैसियत अनुसार दान, धर्म, तीर्थ, ब्रत हरि भगवान्को सेवा पूजा अर्चना वन्दना गर्नुपर्छ ।। स्वर्गगति इच्छा राख्ने जनले आफ्नो जात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलको धर्म पालना गरेर परत्र कल्याणको लागि हरि भगवान्को पूजा जप ध्यानमा निरत भई यथाशक्ति दान गरोस् ।। गाई, बस्त्र, छाता, जूत्ता, अन्न, फलफूल, जल इत्यादि दान गर्न आफ्नो औकातअनुसार चुक्न हुँदैन । दान धर्म विना यसलोकमा र परलोकमा पनि केही हुनसक्दैन ।। तसर्थ, दान, धर्म, जप, तप ब्रतहरूको ठूलो महत्त्व छ ।। दरिद्री जनहरूले दान गर्न असमर्थ हुँदा भगवान्को पूजा, अर्चना, वन्दना, जप, तप, ब्रत आदि कर्म गरोस् ।। यसलोकमा र परलोकमा पनि दान, धर्म, ब्रत, जप, तप स्नान नगरी केही उपलब्ध हुन सक्दैन ।। यस्तो शास्त्रको मत बुझेर बुद्धिमानी मानिसले यथाशक्ति दान धर्म गरोस् दाता जनले यमलोक देख्नुपर्दैन ।। दान धर्मको प्रभावले दीर्घायु निरोग धनी हुन्छन्, फेरि फेरि जन्ममा पनि पूर्व पुण्यको प्रभावले ऐश्वर्यवान् रूपवान हुन्छन् धेरै कति बताऊँ, अधर्मले दुर्गतीमा लाग्छ । धर्मले नै मनुष्यहरू उर्ध गतिस्वर्ग गति प्राप्त गर्दछन् ।। यसकारणले मनुष्यहरूले बालककालदेखि नै धर्मको संचय गर्नुपर्छ, धर्मदानको महिमा मैले यति बताएँ, अब के सुन्नको इच्छा छ सोध ।।

इति श्री पद्मपुराणे उत्तरखण्डे वशिष्ठदिलीप सम्वादे ज्ञानसागरे विकुण्डल यमदूत सम्वादे शालिकराम शिला महिमा वर्णन नाम नवमोऽध्याय (९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ दशमोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज यस्ता प्रकारले यमदूतले विकुण्डल वैश्यलाई धर्मको महिमा बताएर अब के सुन्नाको इच्छा छ सोध भनेपछि विकुण्डल वैश्य भन्दछन् ।। हे सौम्य हे सज्जन बुद्धिमान्नी तपाईले भन्नुभएको वचन सुन्दा मेरो मन प्रशन्न भयो । जसरी घामले तपित भएको मानिसलाई हिमनदी गङ्गा जलले शितल हुन्छ, त्यस्तै उपकार गर्ने वचन सुन्दामा मेरो मन शीतल भयो सज्जनहरूको नैसर्गिक स्वभाव नै उपकारको बाटो देखाउनु हो ।। जस्तै चन्द्रमाले शितल किरण फैलाउँछन् । त्यस्तै सज्जनहरू पनि कल्याणकारी मार्ग दर्शाउँदछन् ।। यस अर्थले हे देवदूत मेरा उपरमा करुणा राखेर मेरा दाजु नरकबाट के गर्नाले तुरुन्त छुट्दछन् सो उपाय बताउनुहोस् भनेर विकुण्डल वैश्यले यस्तो बिन्ती गरेको सुनेर यमदूतलाई अति करुणा भई ध्यान दृष्टिले विचार गरि क्षणीक मैत्री बन्धनले बाधिएर यमदूत भन्दछन्, हे विकुण्डल वैश्य तिम्रो दाजुको स्वर्ग गति चाहना गर्दछौ भने तिम्रो आठौं जन्म अधिको जो पुण्य संचित छ, त्यो पुण्य दाजुलाई देऊ ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यमदूतको यस्तो वचन सुनेर विकुण्डल वैश्य भन्दछन्, हे दूतवर मेरो आठौं पूर्वजन्म कसो भयो, के धर्म भयो, ती कुरा मलाई केही ज्ञान छैन, यथाशीघ्र अवगत गराउनुहोस्, त्यो पुण्य म दिन्छु भनेर विकुण्डल वैश्यले भनेपछि यमदूत बताउन लाग्दा भए ।। हे वैश्य तिम्रो पूर्वजन्मको पुण्यको कारण म बताउँदछु सुनः पहिले कालमा पुण्य मधुवनमा शाकाली नामका ऋषि पठित तपस्वी तेजस्वी दोश्रो ब्रम्हाजी समानका थिए ।। ती ऋषिको धर्म पत्नी रेवती नामकी थिइन् । तिनका बीचमा नौ भाइ पुत्र नवग्रह समान पैदा भए, नौ भाइमध्ये ध्रुव, शशी, बुध, तारा, ज्योतिमान यी पाँच भाइ अग्नीहोत्री यज्ञादि कर्ममा निरत भएका गृहस्थी धर्ममा रहे ।। अरु चार भाइ निर्मोह, जितमाया, ध्यानकाम, गुणाती यिनीहरू गृहस्थ धर्म त्यागी सन्यास धर्ममा लागेका एक ग्राममा एकदिन मात्र वास गर्दथे । सम्पूर्ण सङ्ग व्यवहार त्यागेका थिए, शिखा सूत्र पनि त्यागेका थिए, सुवर्ण र पत्थरमा समान दृष्टि राख्दथे । शरीर ढाक्न जे जस्तो आच्छादान मिल्छ सो प्रयोग गर्ने गर्थे, जाहाँ जस्तो वास मिल्छ त्यहाँ वास गर्थे, सन्ध्याकालमा जपध्यानमा निरत हुन्थे ।

निन्द्रा, भोक ताप शित धर्म आदि दुःख सहन गर्थे ।। यो चराचर संसारलाई विष्णुमय देख्थे, आनन्द मौनपूर्वकले पृथ्वीमा डुल्दथे, यी योगीहरू विषय कर्म अणुमात्र पनि गर्दैन थिए ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानमा दृढ विचार भएका शङ्कारहित भएका यस्ता योगीहरू तिम्रो आठौं जन्मअघि मत्स्य देशमा पत्नी पुत्र कुटुम्वसहित भइरहेका थियौ, त्यस जन्ममा ती योगी ब्राम्हणहरू मध्यान्ह कालमा भोक प्यासले पीडित भएर आएका तिमीले वैश्यदेव पूजा तर्पण सकिएपछि आफ्नो आगनमा देख्दा भयो । यस्ता



(गृहस्थीले योगीहरूको सत्कार गरेको)

अपूर्व योगीहरूको दर्शन पाएर हर्षपूर्वक हडबडका साथ हर्षाश्रुले सहित ससम्मानपूर्वक पाउमा परी दण्डवत् गरी दुई हात जोडी नम्रपूर्वक यो बिन्ती चढाउँदा भयौ ।। हे विकुण्डल वैश्य यस्ता योगीहरूको अतिथी सेवा सत्कार गरेको पुण्यको वर्णन गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैले ता एक मुख जिब्राको के कुरा हज्जार जिब्रा भएका शेषनागको पनि सामर्थ्य हुँदैन ।। किनभने संसारमा चौराशी लाख योनीहरू रहन गएका छन् । तीमध्ये प्राणधारी उत्तम मानिएको छ ।

प्राणधारीहरूमध्येमा पनि बुद्धिपूर्वक जीवनयापन गर्नेहरूलाई श्रेष्ठ मानिएको छ ।। बुद्धिमानीहरूका बीचमा मनुष्यलाई उत्तम मानिन्छ, मनुष्यहरूको बीचमा ब्राम्हण उत्तम मानिन्छ ।। ब्राम्हणहरूका बीचमा पनि विद्धान ब्राम्हण उत्तम मानिएको छ, विद्धान् ब्राम्हणहरूमा पनि ज्ञानोपदेश दिने ब्राम्हण उत्तम मानिन्छ ।। ज्ञानोपदेश दिनेभन्दा पनि स्वयं कर्म कर्तव्य पालना गर्ने ब्राम्हण उत्तम मानिएको छ ।। कर्म कर्तव्य पालना गर्नेभन्दा पनि ब्रम्हज्ञानी उत्तम मानिएको छ ।। यसकारणले यस्ता ब्रम्हज्ञानी ब्राम्हणहरू तीन लोकमा पुण्य धन्यमान्य छन्, यस्ता ब्रम्हज्ञानी ब्राम्हणहरूको सङ्गत गर्नाले माहापातक पनि नाश हुन्छ ।। यस्ता ब्राम्हणको पाउमा परेर तिमीले यो बिन्ती चढायौ ।

हे योगेश्वर धन्य धन्य म भएँ मेरो सफल जन्म् भो
साक्षात् विष्णु प्रशन्न आज हुनुभो योगीहरू पाल्नुभो

यो मेरो गृह धन्य आज हुन गो जाहान परिवारहरू
आमा बाबु पनि रहेछन् अहो यसको बयान के गरुँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा यी जति गाई गोठर– धनै ऐश्वर्य सारा अनि
यिनको भाग्य बयान गर्न अहिले सक्दैन कोही पनि

यस्ता योगी अपूर्व आज महिले पाएर दर्शन याहाँ
मेरा यी सब ताप नष्ट हुन गो आनन्द भो मन्माहाँ

जस्तो फलकन मिल्छ दर्शन हुँदा श्रीकृष्ण शङ्करजीको
सोही फल सब मिल्न जान्छ सहजै योगीहरूको अहो

हे विकुण्डल वैश्य यस्ता प्रकारले तपाईले योगीहरूलाई स-सम्मानपूर्वक प्रार्थना गरेर विधिपूर्वक पाउ धोई चरणोदक शिरमा राखी पान गरी श्रद्धापूर्वक चन्दन्, गन्ध, पुष्पहरूले पूजा अर्चना गरेर धूप, दीप, मिष्ठान्न भोजन गराउँदा भयौ ।। हे विकुण्डल वैश्य यति सन्यासी योगीहरूको पादोदक शिरमा राख्दा पान गर्दा सप्तजन्मसम्म पूर्वका पापहरू नष्ट हुन्छन् ।। यस्ता परमहंश योगीहरूलाई तिमीले आतिथ्य सत्कार गरेर तृप्त गरायौ, योगीहरू पनि तिम्रो घरमा त्यो दिन रात विश्राम गरेर परब्रम्हको ध्यान गरेर भोलि भएपछि योगीहरू आफ्नो मार्ग लिएर जाँदाभए ।

हे विकुण्डल वैश्य यस्ता परम हंश योगी ब्राम्हण गृहस्थीको घरमा विश्राम गर्नाले भोजना गराउँनाले दर्शान स्पर्शन पूजन सेवन गर्नाले गृहस्थीको आजन्म गरेको पाप एक क्षण नै नाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भई जान्छ ।। हे वैश्य तिमीले यस्ता योगी ब्राम्हणहरूको सत्कार सम्मान भोजन विश्राम गराएको पूर्व आठौं जन्मको पुण्य जो छ, यदि आफ्नो दाजुलाई नरकबाट उद्धार गर्दछौं भने त्यो पुण्य देउ नरकबाट छुट्दछन् ।। यस्तो यमदूतको वचन सुनेर विकुण्डलले हर्षपूर्वक यथाशीघ्र त्यो पुण्य दिंदा भए । भाइले आफ्नो पुण्य दिएपछि श्रीकुण्डल नरकबाट छुटकारा पाएर भाइ भएको जग्गामा उपस्थित् भए ।। स्वर्गबाट देवताहरूले पुष्प बृष्टि गर्दा भए, यमदूतलाई वैश्य दुई भाइले पूजा गरेर प्रणाम गरी विदा भई स्वर्गलोक जादाँ भए । यमदूत पनि वैश्य दुई दाजुभाइलाई स्वर्गगति दिलाएर आफ्नो लोकप्रति फिर्ता हुँदा भए । वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज सम्पूर्ण मनुष्यलाई वेदको वाक्य समान ज्ञान हुने यमदूतले वैश्यलाई ज्ञान दिएपछि आफ्नो पूर्वजन्मको पुण्य दाजुलाई दिएर दुवै दाजुभाइ स्वर्गलोक जाँदा भए । यो ज्ञानले परिपूर्ण भएको इतिहास जसले सुन्दछ, सुनाँउदछ, ती सुन्ने सुनाउनेको पाप नाश भई हजार गाई दान गरेको फल मिल्दछ ।।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमाहात्मे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे श्री कुण्डल विकुण्डल स्वर्गगमनम् नाम दशमोऽध्याये ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एकादशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज यस्ता प्रकारको माघस्नानको महिमा सुनेर राजा सहस्त्रार्जुन दत्तात्रेयलाई यो प्रश्न गर्नुहुन्छ ।। हे गुरुदेव ।। के कारणले गर्दामा माघस्नानको ठूलो महत्व प्रभाव भएको हो ।। एक महिना माघस्नान गरेको पुण्यको फल प्रभावले वैश्यले स्वर्गगति पाए भने माघस्नानको महिमा सुन्न मलाई अति कौतुहल लागिरहेको छ भनेर राजा सहस्त्रार्जुनले सोध्नु भएपछि योगी दत्तात्रेय बताउनुहुन्छ ।। हे राजन् हे माहापुरुष सुन्नुहोस्, किनभने जलको प्रभाव नै पवित्र छ, निर्मल छ, अरुको मल मयललाई पनि निर्मल पार्ने शक्ति छ, पाण्डु वर्णको छ, अरुको दाह औडाहलाई शान्त पार्ने शक्ति छ, सम्पूर्ण प्राणीलाई पालनपोषण जीवन दिलाउने शक्ति पनि जलमा छ ।।

जललाई आप संस्कृत भाषाले भन्दछ, चारवेदले आप जललाई नारायण भगवान् विष्णु हुन् भनेको छ ।। तसर्थ जल स्वरूप साक्षात् विष्णु नारायण हुन् ।। जस्तै नवग्रह मध्यमा सूर्य ग्रह शक्तिशाली तेजस्वी हुनुहुन्छ । त्यस्तै मासहरूको बीचमा माघमास सर्वश्रेष्ठ मानिएको छ नक्षत्रहरूको बीचमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रमा उत्तम मानिएको छ ।। सूर्यनारायण मकर राशीमा गएको समयमा प्रातः कालमा गोष्पद अर्थात् गाईको खुरले कँल्चदा कुवा खोल्चा बनेको जलले स्नान गर्नाले मात्र पनि पापीलाई समेत स्वर्ग दिन्छ ।। हे राजन् मकर राशीमा सूर्यनारायण गएको यो योग तिन लोकमा दुर्लभ छ । यो समय त्यसै गुमाउनु हुँदैन ।। यदि अशक्त छ भने तीन दिन मात्र भए पनि स्नान गरोस् । दरिद्रताबाट छुट्न इच्छा गर्ने जनले असक्त भएपनि केही न केही थोर बहुत दान तीन दिन स्नान गर्नाले मात्र पनि धनी चिरन्जीवी हुन्छ ।। अथवा पाँच दिन सात दिन जति सकेको स्नान गर्नाले पुण्य बढ्छ जस्तै शुल्कपक्षमा चन्द्रमाको कला प्रतिदिन बढ्दछ ।। त्यस्तै मकर राशीमा सूर्य प्रवेश गरेको समय मनुष्यहरूको पुण्य आर्जन गर्ने समय हो । माघमासका सम्पूर्ण तिथीहरूमा स्नान दान गर्नाले कर्ताको पाप नाश भई अथाह पुण्य मिल्छ । तसर्थ आफ्नो कल्याण चाहने मनुष्यले बाहिर तिर्थादिमा स्नान गर्नुपर्छ ।।

अब उप्रान्त माघस्नान विधि बताउँदछु सुनः फलको चाहना राखी ब्रत गर्ने जनले अशुद्ध निषेधित भोजन नगर्नु भूमिमा शयन गर्नु, तिल घृत हवन गर्नु, त्रिकाल बिहान, दिउँसो बेलुका भगवान् वासुदेव नारायणको पूजा अर्चना गर्नु, अखण्ड दीपावली बाल्नु, इन्धन काष्ठ कंवल बस्त्र जूत्ता कुंकुम घृत तेल कपास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पलङ्ग अन्न भक्ष्या भोज्य यथाशक्ति अनुसार माघस्नान ब्रतालु जनहरूले दान दिनु ।। माघमासमा सुवर्ण रत्तिमात्र १ लाल मात्र भए पनि वेद विदे वेद पंडित ब्राम्हणलाई दान दिएमा त्यो दान अक्षरय समुन्द्र समान हुन्छ ।। ब्रतालु जनहरूले अर्काले बालेको अग्नी नतापनु, अरुसँग दान नलिनु, नियममा रहनु, मासको अन्त्यमा आफ्नो गच्छेले सकेको ब्राम्हणहरूलाई दान भोजन गराउनु, एकादशी ब्रतको विधिपूर्वक उध्यापन हवन गर्नु श्राद्धपूर्वक भगवान् विष्णुको प्रशन्नता र अनन्त पुण्य प्राप्तिको लागि मकर राशीमा सूर्यनारायण प्रवेश भएको समयमा हे गोविन्द हे अच्युत हे माधव यो माघस्नानले यथोक्त बमोजिम फल दिनुहोस् यो मन्त्र पढेर आनन्द मौनी भएर स्नान गरोस् । स्नानपछि भगवान् वासुदेवको भजन किर्तन स्तोत्र पाठ जप गरोस् । यदि केही कारणले गर्दा बाहिर जलमा स्नान गर्न जान असमर्थ भएमा बेलुका शुद्ध घडामा जल ल्याएर बाहिर राख्नु, रात्रिमा वायुले स्पर्श गरेको चन्द्र ताराले दृष्टि दिएको जलले स्नान गर्नाले पनि तीर्थ स्नान समान हुन्छ । असक्त जनहरूले यसरी स्नान गरेर दान गर्नाले पनि नरक जानु पर्दैन । जो मनुष्य माघस्नान गर्न रोगले अशक्त भई घरमा तताएको पानीले एक महिना माघस्नान गर्नाले पनि ६ वर्ष स्नान गरेको फल मिल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घर बाहिर धारा कुवामा स्नान गर्नाले १२ वर्ष स्नान गरेको फल मिल्छ, तलाउमा स्नान गर्नाले यसको द्विगुणा फल मिल्छ, नदीमा स्नान गर्नाले ४ गुणा फल मिल्छ । प्रख्यात् भएका नदी सरोवरमा स्नान गर्नाले सय गुणा बढी फल मिल्दछ । हे राजन् अघिपछि स्नान गरेको फलभन्दा माघस्नान गरेको फल हजार गुणा बढी मिल्छ । गङ्गाजीको महिमा ठूलो छ, माघस्नान गङ्गजीमा जो जनहरू गर्दछन्, तिनीहरु हजार युगसम्म स्वर्गबाट खस्नु पर्दैन । माघमासमा गङ्गास्नान गर्नाले दिनदिन हजार तोला सुन दान गरेको फल मिल्दछ, अरुहरू नदीमा स्नान गरेको भन्दा गङ्गा यमुना सरस्वती सङ्गम तीर्थराज प्रयागमा स्नान गरेको पुण्यफल हजार गुणा बढी हुन्छ भनेर ऋषिहरूले बताएका छन् । हे राजन् प्रजाहरूको पाप राशी दाह गर्न भनेर ब्रम्हाजीले श्वेत र कृष्ण जलले अङ्कित भएको तीर्थराज प्रयाग निर्माण गर्नु भएको हो । पापैपापले भरिएका पशुस्वरूप भएका मनुष्यहरूको पापलाई दाह गर्ने शक्ति तीर्थराज प्रयागको छ सयौं पापले युक्त भएपनि माघमासमा तीर्थराज प्रयागमा स्नान गर्नाले पाप जति भष्म भई गर्भवासमा जानुपर्दैन । श्वेत र कृष्ण जल गङ्गा, यमुना रहन गएको छ, भित्र गर्भमा सरस्वती रहेकी छिन्, यो नै ब्रम्हलोकको गति दिने ब्रम्हाजीले सृष्टि गर्नुभएको हो । हे राजन् वैष्णवी माया देवताहरूले पनि जित्न बच्न सक्तैनन्, सो मायाजालबाट बनेको पापहरू तीर्थराज प्रयागमा स्नान गर्नाले भष्म भई जान्छन् । प्रयाग स्नान गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्यले उत्तम लोकमा अनेकौं सुखभोग गरे पश्चात् भगवान् विष्णुमा लिन हुन्छन् । माघस्नान तीर्थराज प्रयागमा गरेको पुण्यको फल बताउन चित्रगुप्तले पनि सक्दैनन् ।

भोकै बसी वर्षभरी गरे ब्रती । जो पुण्य मिल्नेछ मनुष्यको त्यति
प्रयागमाहाँ तीन दिन स्नान् गरे ।। मिल्नेछ त्यो पुण्य अवश्य नै भरे

सूर्य ग्रहणमा कुरु क्षेत्रमा जो ।। हजारभार सुन दान दिएको
मिल्नेछ जो पुण्य मनुष्यलाई ।। एकमाघस्नान्ले सब मिल्छ त्याहीं

श्वेता र कृष्ण जल मिश्रितैको ।। प्रयागराज तीर्थ माहात स्नान भो
हजार राजसूय यज्ञको फल् ।। मिल्नेछ राजन् जति हो त्यति सब्

संसारका जो सब तीर्थहिरु ।। सातौ पुरी पुण्यभूमि सबै अरु
प्रयागराज तीर्थ माँहा सबै ती ।। स्नान् गर्न आउँछन् माघमास ती

पापीहरूको परि सङ्ग दोषले ।। कैला र मैला सब नास्न शोकले
आई प्रयागमा जब स्नान गर्दछन् ।। स्फटिक् समान् भैकन
फेरि जान्छन्

हे राजन् तीर्थराज प्रयागको पापलाई नाश गर्ने ठूलो शक्ति महत्व छ, मनुष्यले आकल्प कल्प पर्यन्त जन्म जन्मका संचित पापहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि माघमासमा तीन दिन मात्र स्नान गरेपनि पापहरू भष्म भई स्वर्ग गतिलाई प्राप्त गर्दछन् । जस्तै सर्पहरू काँचुली छाडेर जान्छन्, त्यस्तै मनुष्यले पाप छाडेर स्वर्ग जान्छन् । माघमासमा गङ्गा स्नानको ठूलो महत्व छ, माघमासमा जहाँसुकै भएपनि गङ्गा स्नान गर्नाले कुरुक्षेत्रमा स्नान गरेको पुण्यफल मिल्दछ ।

त्योभन्दा काशी उत्तर वाहिनी गङ्गामा स्नान गर्नाले सय गुणा अधिक पुण्य मिल्दछ । काशीमा भन्दा गङ्गा यमुना संगममा स्नान गर्नाले सय गुणा अधिक फल मिल्छ, त्योभन्दा पनि पश्चिम वाहिनी तीर्थराज प्रयागमा स्नान गर्नाले हजार गुणा अधिक पुण्यफल मिल्दछ । हे राजन् तीर्थराज प्रयाग गङ्गा यमुनाभित्र गर्भमा सरस्वती सम्मिलितको दर्शन गर्नाले स्नान गर्नाले ब्रम्ह हत्या पनि नाश हुन्छ । कोटी कोटी पापको नाश हुन्छ । मकर राशीमा सूर्य नारायण र गुरु बृहस्पती सम्मिलित भएको समयमा एक मुहूर्त पाउन देवतालाई पनि दुर्लभ छ । तीर्थराज प्रयागमा स्नान गर्न भनि सम्पूर्ण देवी देवताहरू आउँदछन् ।

ब्रम्हा, विष्णु, माहादेव, एकादश, रुद्र, बाह्र सूर्य, मरुत, गण, गन्धर्व, लोकपाल, इन्द्र, कुवेर, वरुण, अग्नी, यम, नित्रृति, इशान, यक्ष, किन्नर, गण, नागहरू, अणिमादि अठार सिद्धिहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धा योगीहरू अरु तत्ववादिहरू विशेष गरेर ज्ञानी विद्धान बुद्धिजिवी अरु देवीहरू ब्राम्हणी लक्ष्मी पार्वती इन्द्राणी मेनका, अदिती, दिती सम्पूर्ण देवपत्नी, ऋषिपत्नी, नागपत्नी एवं अप्सराहरु घृताची मेनका रंभा उर्वशी तिलोत्तमा आदि गरिएका तथा पितृगणहरू माघमासमा तीर्थराज प्रयागमा स्नान गर्न भनेर आउँदछन् । सत्ययुगमा आ-आफ्नो स्वरूपले आउँदथे तर कलियुगमा गुप्त रूपले आएर स्नान गर्दछन् । माघमासमा तीर्थराज प्रयागमा तीन दिन स्नान गरेको पुण्यफल जति हजार अश्वमेघ यज्ञ गरेको पुण्य हुन सक्तैन । पहिले कांचन मालिनी अप्सराले धेरै पापले युक्त भएको राक्षसलाई तीन दिन प्रयाग स्नान गरेको पुण्य दिएर पापबाट छुटाएकी थिइन् ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमाहात्मे ज्ञानसागरे प्रयागस्नान प्रशंसा वर्णनम् नामैका दशोऽध्याय (११)

६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथद्वादशोऽध्याय

श्री वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज यस्ता प्रकारले माघ माहात्म्य प्रयाग स्नानको महिमा कांचन मालिनीले राक्षसलाई तीन दिन प्रयाग स्नान गरेको पुण्य दिएर पापबाट छुटाइन् भन्ने कथा सुनेर सहस्त्रार्जुन राजा योगी दत्तात्रेयलाई सोध्नुहुन्छ, हे योगी हे गुरुदेव त्यो पापले युक्त भएको राक्षस को हो ? काँचन मालिनी अप्सरा को हुन् ? कसरी आफूले कमाएको ? तीन दिन माघस्नान गरेको पुण्य दिएर राक्षसलाई पापबाट छुटाई स्वर्ग गति दिलाइन् । यदि मलाई सुन्न योग्य भए परं कौतुहल हुने थियो भनेर राजा सहस्त्रार्जुनले सोध्नु भएपछि योगी दत्तात्रेय बताउनुहुन्छ, हे राजन् सुन्नुहोस् यो विचित्र पुरानो इतिहास छ, जो यो इतिहास सुन्नाले मात्र पनि वाजपेय यज्ञको फल मिल्छ ।

काँचन मालिनी नाम गरेकी अप्सरा रुप गुण यौवनले सम्पन्न भएकी माघमासमा तीर्थराज प्रयागमा स्नान गरेर आकाश मार्गले कैलाश पर्वत शिव मन्दिरतर्फ जान लागेकी अप्सरालाई निकुञ्ज पर्वत गुफामा बसेको पर्वत समान विस्तृत देह भएको वृद्ध राक्षसले देख्दो भयो । सुवर्ण जस्तो तेज प्रकाशकी सुश्रोणी भएकी लामा लामा नयनकी पूर्ण चन्द्र सदृश मुहार भएकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर केशकी एवं कुच पुष्ट र उच्चा भएकी रुप यौवनले सम्पन्नवाली यस्ती परम सन्दरीलाई देखेर वद्ध राक्षसले सोद्धा

(राक्षस र काँचन मालिनी : सम्वाद)

भए । हे कमलाक्षी हे देवी तिमी कहाँबाट आएकी हौ, तिम्रो बस्त्र र केश किन भिजेको चिसो छ, कहाँ जान लागेकी हौ ? तिमीले आकाश मार्गको गति कसरी पायौ ? के पुण्यले गर्दा तेजस्वीनि स्वरूपीणी भयौ ? अत्यन्त रुप यौवनले सम्पन्न भएकी छौ, मनोहर स्वरूप छ हे सुलोचने तिम्रो बस्त्र भिजेको जल थोपाले मेरो शिरमा पर्न जाँदा म जस्तो क्रूर स्वभाव मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको राक्षसको पनि मन शान्त भयो, हे परमसुन्दरी यो जलको महिमा मलाई वर्णन गर ।

तिमी शिल स्वभावले परिपूर्ण भएकी छौ, तिमीमा म अपगुण देख्दिन भनेर बृद्ध राक्षसले सोधेपछि काँचन मालिनी अप्सरा भन्दछिन् हे वृद्ध राक्षस म कांचन मालिनी नाम गरेकी अप्सरा हुँ, मेरो गति आकाश मार्गले इच्छा लागेको जग्गामा हिडँडुल गर्ने शक्ति ममा छ । अहिले तीर्थराज प्रयाग स्नान गरेर आएकी हुँ । मेरा बस्त्र कवरी तीर्थराज प्रयागको जलले भिजेको हो, कैलाश जान लागेकी छु, जो कैलाशमा सम्पूर्ण देवता दानवहरूले पुजिएका भगवान् पार्वतीनाथ भोले बाबा विराजमान हुनुहुन्छ । म भगवान् शिवजी भोलानाथ र माता पार्वतीको निरन्तर सेवा गर्दछु । हे वृद्ध राक्षस तिमीलाई गङ्गा यमुना सङ्गम तीर्थराज प्रयागको जल थोपाको प्रभाव शक्तिले गर्दा तिम्रो राक्षसी क्रूर स्वभाव गएर शान्त स्वभाव भएका हौ, हे राक्षस म पनि यही माघमासमा प्रयाग स्नान गरेको पुण्यको प्रभावले गर्दा सुमेधा नाम गरेका गन्धर्वकी पुत्री दिव्य सुन्दरी भई जन्म पाएर कैलाशमा पार्वती माताका साथ आहार विहार गर्दछु । मेरो पूर्व जन्मको इतिहास बताउँछु :

मेरो पूर्व जनम् कहन्छु सुन लौ हे वृद्ध राक्षस तिमी
कलिङ्ग नाम देशको शहरमा स्त्रीमा म शिरोमणी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूप्‌ले यौवनले कला र कौशल सब्‌ले सु सज्जित् भई
राजासंग भोग् विलास पनि गरे आनन्दमा मग्न भै

मैले त्यो पुरवाशीहेरू सहजै मोहित् गराई दियाँ
धेरै रत्न सुवर्ण बस्त्र गहना सर्वस्व पारि लियाँ

मेरो त्यो गृहको महल बीच महा लाखौं असर्फी सुन
त्यसको अन्त्य मलाई यत्ति छ भनि सक्तिन भन्नै कन

कामदेवले अति पीडितै हुन गई आएर युवा जति
मेरा ती दुई पाउमा परि कनै बिन्ती चढाउँथ्ये कति

तिनलाई पनि मोह पारी महिले नाङ्गै गराई दियाँ
यस्ता रित् सितले कमाई धन धेर सुख् भोग गर्दो भयाँ

मेरा निम्ति महा कति जनहरू तँछाड मँछाड गर्दथे
संग्राम भारी परेर मूर्खजन ती आखिरमा मर्दथे

हे वृद्ध राक्षस यस्ता प्रकारले त्यो रमणिय कलिङ्ग शहरमा म कुकर्ममा निरत भई रहँदा रहँदा मेरो यौवन अवस्था बितेर वृद्धा अवस्था आयो, जब वृद्धा अवस्था आएपछि मलाई पश्चाताप् हुन गो साह्रै नै शोक चिन्ताले ब्याकुल भएर मन मनले भन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागीं । अहो मेरो दुर्भाग्य न त मैले कसैलाई केही दियाँ, न त दान गरें, न त अग्नीमा हवन् गरें, न त मैले जप गरें, न मैले कुनै ब्रत गरें, धर्म, अर्थ, काम, मोक्ष दिने भएका भगवान् विष्णुको न त आराधना गरें, दुर्गतिलाई नाश गर्ने भएकी दुर्गा भगवतीको, न त ब्रत पूजा आरधाना गरें, भोगमा मात्र लोभिएकी मैले सम्पूर्ण पापलाई नाश गर्ने भएको भगवान् विष्णुको सम्झना मात्र पनि गरिन ।

ब्राम्हणहरुलाई भोजनले मात्र पनि तृप्त गरिन । प्राणीहरूको हित हुने कुनै न कुनै काम थोरै पनि गरिन, घमण्डी भई पाप मात्र कमाए, पापै पापले गर्दा मेरो कल्याण हुने उपाय देख्दिन, अब कहाँ जाँऊ, के गरुं भनेर अलाप विलाप गरि पश्चात् धैर्य गरी त्यस देशका राजाका गुरु पुरोहित विद्वान ब्राम्हणको शरणमा गई बिन्ती गरें । हे ब्राम्हण देव म जस्ती पापिनीको के कसो गरी पापको प्रायश्चित्त भई सद्गति हुन्छ । म आफ्नै कुकर्मले गर्दा संतप्त दुःखी छु, हे ब्राम्हणदेव मलाई यो पापरूपी हिलो खाडीमा गाडिएकीलाई कपाल चूल्ठोमा समाती तानेर उद्धार गर्नुहोस् । मेरा उपर करुणारूपी जल वर्षा गर्नुहोस् । सज्जन जनहरू असज्जन पापीहरुलाई पनि सन्त समान नै मानी नराम्रो दृष्टि दिदैनन् । तसर्थ म पापिनीलाई यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापको समुन्द्रबाट उद्धार गर्नुहोस् भनेर बिन्ती चढाएपछि मेरा उपरमा ब्राम्हणको करुणाभई हितकारी वचन भन्नुभयो ।

हे सुलोचने तिमीले आचार भ्रष्ट गरेको व्योहोरा सम्पूर्ण म जान्दछु । मैले भनेको तुरुन्त मानेर तीर्थराज प्रयागमा स्नान गर्न जाऊ, जुन तीर्थराज प्रयागमा स्नान गर्नाले तिम्रो पाप जति नष्ट भई जानेछ, म अरु उपायले पाप नाश हुने देख्दिन् । प्रायश्चित्तले पनि काट्न नसकिने पापलाई तीर्थराज प्रयाग स्नान गर्नाले पापहरू नष्ट भई जान्छन् भनेर ऋषि महर्षिहरूले बताएका छन्- हे सुन्दरी तीर्थमा गएर मनले पनि कुकर्म चिताउनु हुँदैन, स्वच्छ आत्मा भई तीर्थराज प्रयागमा स्नान गर्नाले निष्पाप भई स्वर्गगति अवश्य पाउनेछौ । प्रयागमा स्नान गर्नाले मात्र मनुष्यहरूको स्वर्गलोक अवश्य प्राप्त हुन्छ । यसमा शंका लिनु पर्दैन ।

हे सुन्दरी अन्यत्र जग्गामा गरेका पापहरू तीर्थराज प्रयागमा स्नान गर्नाले एक क्षणमा नष्ट भई जान्छन्, तर तीर्थपुण्य क्षेत्रमा गरेका पापहरू भने भन्न सकिँदैन । हे सुन्दरी यसै विषयमा म एक पुरानो इतिहास बताउँदछु सुन, पहिले कालमा गौतम ऋषिपत्नी अहिल्या नाम गरेकी परम सुन्दरी थिइन्, तीनको रूप यौवन देखेर कामदेव जित्न नसकि इन्द्रले गौतम ऋषि अन्यत्र गएको मौका पारि मायाले गौतमको रूप धारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गएर ऋषि पत्नीसंग भोग विलास गरी फर्कन लाग्दामा गौतम ऋषि पनि आइपुग्नुभयो ।

आफ्नो रूप भेषधारी पुरुषलाई देखेर ऋषि क्रोधित् भई भन्नुहुन्छ- तँ को होस्, मेरो रूप धारण गरी छलि कुकर्म गर्ने तलाई यहीं भष्म पार्दछु भनेर गौतमले भनेपछि इन्द्र महाराज डराएर बिन्ती गर्दछन् । म पापी स्वर्गको राजा इन्द्र हुं, यस्तो इन्द्रको वचन सुनेर ऋषि क्रोधित् भई भन्नुहुन्छ, तँ स्वर्गको राजा इन्द्र भएर पनि आर्काकी पत्नी योनीमा आशक्त रहिछस् । तसर्थ तेरा शरीरमा हजार योनी भइजाँउन् भनेर गौतम ऋषिले श्राप दिनुभयो । ऋषिले श्राप दिएको तत्कालमा नै इन्द्रको शरीरभर हजार योनीहरु हुँदा भए । शरीरभर योनी भएपछि इन्द्र महाराज साहै लज्जीत् भई अधोमुख गरी त्यहाँबाट फर्केर आफूलाई आफैले धिक्कारी दिई पश्चाताप् गरी अब कसो गरौं ? कहाँ जाउँ ? भनि विचलीत् भई सुमेरु पर्वतको शिखरमा सय योजन फैलिएको पानीले भरिएको मानसरोवर कमलफूलको डाँठभित्र प्रवेश गरी बसेर आफूले आफ्नै निन्दा गरेर भन्दछन् ।

हेर यो अत्यन्त दुष्कर्म कामदेव जित्न नसक्ने मनुष्य सम्पूर्ण लोकबाट निन्दित् भई नरक जान्छ । कामदेव जित्न नसक्ने जनको आयु, कीर्ति, यश, धर्म सबै नष्ट भई जान्छ, यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामदेव शत्रूले मानिसलाई वश पार्छ, मलाई पनि यस शत्रूले आज यो गति बनायो । यस्तो मनमनै भनेर इन्द्र महाराज सुमेरु पर्वत सरोवर कमलमा गुप्त भई बस्दा भए । यता स्वर्गमा इन्द्र महाराज विना शोभा भएन, इन्द्रको पत्ता नलागेपछि सम्पूर्ण देवता अग्नी, यम, निऋती, वरुण, कुवेर, इशान लोकपालहरू एवं गन्धर्व, किन्नर, यक्ष, गण, इन्द्राणीसहित भई गुरु वृहस्पती छेउ गई बिन्ती गर्दा भए । हे गुरु स्वर्गका राजा इन्द्र महाराज कहाँ जानुभो । कहाँ हुनुहुन्छ ? हामीहरूले खोजी गर्दामा पाउन सकेनौं जस्तै सुपुत्रविना घर सम्पतीले मात्र शोभा हुँदैन् त्यस्तै इन्द्रविना स्वर्गलोकको शोभा हुन सक्दैन । हे गुरु तत्काल खोजी गर्नुपर्‍यो । स्वर्ग लक्ष्मी इन्द्रविना शोभा हुँदैन, विलम्व गर्ने समय छैन भनेर सम्पूर्ण देवताहरूले इन्द्राणीसहित भई गुरु वृहस्पतिलाई बिन्ती चढाएपछि गुरु वृहस्पति भन्नुहुन्छ- हे इन्द्राणी हे देवता हो इन्द्रमहाराज यहाँ बसेका छन् भन्ने मलाई ज्ञान छ, आफूले गरेको अपराध कुकर्मले गर्दा लज्जीत भएर गुप्त छन्, सोच नपुर्‍याई जो काम गर्दछन्, त्यसको परिणाम फल अवश्य भोग्नुपर्छ, नीति त्यागेर कुमार्गमा जानेहरूले ठूला ठूला भयंकर दुःख यातना भोग्नुपर्छ ।

हेर राज्य ऐश्वर्यले उन्मत्त भई कर्तव्य अकर्तव्य केही ख्याल नगरी मूर्ख भई कुकर्म गर्नाले यस लोक र परलोकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि त्यस्ता जनको जन्म निष्फल हुन जान्छ । तसर्थ बुद्धिमानी भई मानिसहरू कुकर्म अपराधबाट टाढै रहनु पर्दछ । इन्द्र गौतम पत्नी सुन्दरीदेखि कामदेवको वशपरि छलले गौतम स्वरूप गरी भोगविलाश गरी फर्कदा गौतमले भेट्टाएर श्राप दिनुभयो । श्राप स्वरूप शरीरमा हज्जार योनी भई साह्रै नै लज्जीत भई पश्चाताप् गरी आफूलाई आफैले धिक्कार दिई सुमेरु पर्वत शिखर मानसरोवर कमल फूलको डाँठभित्र प्रवेश गरी गुप्त भई बसेका छन् ।

अब हामीहरू त्यहाँ गई भेटी केही उपाय गर्नुपर्दछ । बृहस्पति गुरुले यति भनेर इन्द्राणीसहित सम्पूर्ण देवता साथमा लिएर सुमेरु पर्वत मानसरोवर शिखरमा जानुभयो । सुमेरु शिखरमा विशाल मनोहर मानसरोवर कमल देवताहरूले देखेर स्तुति गरी बोध गराउन लाग्दा भए । इन्द्र देवतादिहरूले प्रार्थना गर्दा बाहिर निस्केनन् । तत्पश्चात् गुरु बृहस्पतिले बोध गराउनुभयो, अनि मात्र बाहिर आए । साह्रै नै लज्जीत भई मलिन विरूप अधोमुख गरी गुरुको पाउमा परि हे गुरु मलाई रक्षा गर्नुहोस् मैले गरेको अपराध के गर्नाले प्रायश्चित्त हुन्छ । सो बताउनुहोस् भनेर इन्द्र महाराजले बिन्ती चढाएपछि गुरु बृहस्पती बताउनुहुन्छ- हे देवेन्द्र पापको प्रायश्चित्त हुने उपाए सुन्नुहोस् तीर्थराज प्रयागमा स्नान गर्नाले तुरुन्त पाप नष्ट भई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ । यति भनेर इन्द्र महाराजलाई साथमा लिएर तीर्थराज प्रयागमा जानुभयो, गङ्गा, यमुना, संगम तीर्थराजमा स्नान गराउनुभयो ।

प्रयाग स्नान पुण्यको प्रभावले गरी पाप नष्ट भई शरीरको सहस्र योनी विलीन भयो । त्यसपछि बृहस्पति गुरु प्रशन्न भई भन्नुहुन्छ, हे देवेन्द्र हे अनघ मेरा कृपाले गर्दा तपाईंको पाप समाप्त भयो । अब वरदान दिन्छु हजार योनी नष्ट भई हजार नयन होस् भनेर गुरुले वरदान दिनुभयो । गुरुको कृपा वरदानको प्रभावले इन्द्रको हजार नयन भई सुशोभित् हुँदा भए । जसरी मानसरोवर हजार कमलले शोभा देखिन्छ, त्यसरी नै इन्द्र महाराज हजार नयनले गर्दा शोभायमान हुनुभयो । त्यहाँ उप्रान्त सम्पूर्ण देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, अप्सराहरूले यस नाचगान गरी भारी उत्सव गर्दै अमरावती गई हर्षपूर्वक राज्य गर्दा भए । राज गुरु भन्नुहुन्छ, हे कल्याणी तिमी पनि सम्पूर्ण देवतादिहरूले सेवा गरिएको तीर्थराज प्रयागमा गई स्नान गर । तत्कालमा नै पाप नाश भई स्वर्गगति पाउँनेछौ ।

कांचन मालिनी भन्दछिन् हे वृद्ध राक्षस राजाका गुरु पुरोहित विद्वान ब्राम्हणको यस्तो अमृतमय वचन इतिहाससमेत सुनेर ब्राम्हणको पाउमा परि दण्डवत गरी तत्कालमा घर सम्पत्ती दासदासी बन्धुबान्धवहरूलाई छाडेर सम्पूर्ण विषयादि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुख सयललाई विष समान मानेर यो देह पनि क्षणमै विध्वंश जानेर नरकको यातनामा पर्ने डर अग्नीले ज्वलीत भएर घर सम्पती सबै त्यागेर तीर्थराज प्रयागमा गई माघमासमा स्नान गर्दो भए ।

तीन दिन स्नान गर्नाले पापहरू सबै नष्ट भई गए । बाँकी सत्ताईस दिन स्नान गरेको पुण्यले गर्दा देवयोनी गन्र्धव पुत्री भई जन्म लिन पाएर कैलाशब्गस पर्वतमा माता पार्वतीको प्रिय सखी भई कैलाशमा आनन्दपूर्वक माता पार्वतीका साथ आहारविहार गरिरहेकी छु । पूर्वजन्मको इतिहास प्रयाग स्नान पुण्यको प्रभावले गर्दा मलाई पूर्णज्ञान छ, यस कारणले गर्दा हे वृद्ध राक्षस म माघमास प्रतिवर्ष तीर्थराज प्रयाग स्नान गर्न आउँदछु ।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघमासमहात्म्ये ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादोनामाद्वादशोऽध्याय ॥१२॥

हरि ॐ तत्सत् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथत्रयोदशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे राजन् दिलीप यही कथा योगी दत्तात्रेयले राजा सहस्त्रार्जुनलाई बताउनुहुन्छ ।। यस्ता प्रकारले कांचन मालिनी अप्सराले आफ्नो पूर्वजन्मको इतिहास बताएर फेरि भन्न लाग्दी भइन् हे वृद्ध राक्षस जो तिमीले सोधेको मेरो जन्म कर्म सबै तिम्रो कौतुहलको लागि बताइदियाँ ।। अब तिम्रो पनि इतिहास चरित्र मलाई सुन्न अति उत्सुकता लागिरहेको हुँदा तिम्रो पूर्व वृतान्त बताइदेऊ, के कुकर्मले गर्दा यस्तो विरूप लामा-लामा दाह्रा भएको पर्वताकार ठूलो स्वरूप मांस भोजी भएर रहेका हौं भनेर कांचन मालिनी अप्सराले सोधेपछी वृद्ध राक्षस बताउन लाग्दा भए ।। हे देवी सज्जनहरूको गुण कस्तो हुन्छ भने अरुलाई इष्ट वस्तु दिने लिने गोप्य ज्ञान बताइदिने सोधखोज उपकार गर्ने काम कर्तव्य त्यो गुण सबै तपैमा रहन गएको छ ।। हे भद्रे हे अप्सरा तपाँईले मेरा उपरमा अवश्य नै दया उपकार गर्नुहुन्छ भन्ने मलाई आत्मविश्वास छ । तसर्थ हे देवी आफूले नै कमाएको कुकर्म सबै बताउँदछु । सज्जनमा आफ्नो दुःख बिसाएपछि जन सुखी बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो पूर्वजन्ममा भए गरेको दुष्कर्म बताउँदछु

हे देवी सुन भन्दछु म अहिले पूर्वै जनम्को कथा
ठूला ब्राम्हणको कुल्मा जन्म भई मेरो भयो दुर्दशा

काशीमा महिले पढेर सब वेद आर्चाय गर्दो भयाँ
पेशा चाँही त्यही बसेर महिले दान् मात्र लिँदो भयाँ

राजा दुष्ट कुर्कम गर्नेहरूको शूद्रैहरूको पनि
यो जात् यो थर क्यै भनिन महिले दान मात्र पाए हुने

चण्डालको पनि त्याग् गरिन महिले जे-जे पनि दान् लियाँ
काशीमा पहिले बसेर महिले दुष्कर्म गर्दो भयाँ

धर्मैको महिले गरिन पहिले जन्मै भरि काम् कुमै
यस्तो कर्म गरेर काशीपुरिमा बस्तो भयाँ दिन दिनै

काशीमा जति पाप पुण्य जनले आर्जन् गरेको जति
थोरैमा आणुमात्रको पनि सबै हुन्छन् सुमेरु जति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा पाप सबै सुमेरु सम भै बढदै गए दिन्दिन
केही काल पछि मरण् हुन गयो काशीपुरी बीचमा

काशीमा जसको मरण यदि भए पर्दैन नर्कै माहाँ
सोही कारणले नरक गईन म राक्षस् भएको यहाँ

पैल्हे जन्म दुई म गिद्ध हुन गै तीन् जन्म बाघ् भै रह्याँ
सर्पै भै दुई जन्म पार गरिसकी लाटोकोसेरो भयाँ

सुंगुर योनि भया त्याहाँ पछि अनि दश् जन्म यो राक्षसः
मैले पार गरे सबै जनम ती हजार वर्षै तकः

राक्षस भन्दछन् हे कल्याणी, हे देवी मेरो यो दुःखको समुन्द्रबाट पार हुने उपाय केही छैन । मैले यहाँ रहेका तीन योजन अर्थात् बाह्र कोश तकका जन्तुहरुलाई खाइसके विना अपराध भएका प्राणीहरूको धेरै नाश गरे यस कुकर्मले गर्दा मेरो मन सधैंभरी संतप्त भइरहेको छ ।। तपाईंको दर्शन स्वरूप अमृत थोपाले गर्दा मेरो मन शान्त हुन गयो तीर्थको पुण्यफल केही दिनपछि मिल्छ भने सन्त साधु जनको समागमको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलता तत्कालमा नैं मिल्न जान्छ । यस कारणले हे देवी बुद्धिमानी मानिसले सत्सङ्गलाई प्रशंसा गर्दछन् ।

यो मेरो भएको दुःख बयान तपाईलाई बताएँ ।। हे शुभ्रँ उपकार गर्ने सज्जनहरु विरल नै हुन्छन् तर ती बुद्धिमानी जनहरु आत्मा खिन्न गर्नुभन्दा उपकार तर्फ सोचविचार गर्दछन् ।। यस कारणले हे देवी तपाईले यसको उचित कार्य जान्नुहुन्छ । अब मैले केही भन्नु बाँकी छैन सधैं भरि म सोचिरहन्थे । यो दुःख संकटबाट कसरी पार लाग्न सकुँला भन्ने चिन्ता गर्दा सज्जन समागमविना यो दुःख सागरबाट पार पाउने दोश्रो उपाय केही देखिँन ।। किनभने राजहंशले समुन्द्रमा दूध मिसिएको पनि समुन्द्रको जलवाट दूध छुट्एर खान सक्दछ तर बकुल्लाले सक्दैन ।। त्यस्तै सज्जन ज्ञानी धार्मिकले दुःख संकटबाट छुटाउन सक्दछन् ।। मूर्ख पापीहरुले सक्दैनन् ।। यस्ता हिसावले वृद्ध राक्षसले आ□नो सम्पूर्ण पूर्व वृतान्त बताएर बिन्ती बिसाएपछि दयाले मन पग्लिएर कांचन मालिनी अप्सरा भन्दछिन् ।। हे वृद्ध राक्षस अब म तिम्रो पापको प्रायश्चित्त गरिदिन्छु । तिमी शोक नगर भनेर प्रतिज्ञा गर्दी भइन् ।। मैले धेरै वर्ष भक्ति श्रद्धापूर्वक ब्रम्हक्षेत्र तीर्थराज प्रयागमा स्नान गरेकी छु । जो पुण्य छ हे राक्षस तर धर्मको बयान नगर्नु गोप्य राख्नुपर्छ भनेर देवतादिले बताएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि महर्षिहरूले आर्त दुःख पाएकालाई दान दिनु भनेको छ। समुन्द्रमा मेघले वर्षा गरेर केही प्रयोजन हुँदैन। त्यस्तै मैले अनुभव गर्दा दुःखीलाई दुःखबाट उद्धार गर्नु ठूलो दान उपकार हुन्छ ।। यस अर्थले मेरो केही पुण्य तिम्रो पाप नाशको लागि दिन्छु भनि यस्तो प्रतिज्ञा कांचन मालिनी अप्सराले गरेर आ□नो चिसो बस्त्र निचोरेर जल हातमा लिई भन्दिभइन्।

मैले धेरै वर्ष तिर्थराज प्रयागमा स्नान गरेको छु। त्यो स्नान गरेको पुण्यमा तीन दिन स्नान गरेको जो पुण्य जो हो, यो वृद्ध राक्षसलाई दिया भनेर संकल्प गरेर जल सेचन गरीदिइन् ।। हे दिलीप महाराज जब यस्ता प्रकारले काँचन मालिनी अप्सराले तीन दिन प्रयाग स्नान गरेको पुण्य दिएपछि त्यो पुण्य राक्षसले पाएर ठूलो बिचित्र भयो राक्षस शरीर छुटेर सूर्यको समान प्रकाश तेज भएको देवस्वरूप हुँदा भए। तत्पश्चात् देवदूतहरूले विमान लिएर आए, त्यस विमानमा ती दिव्य देह भएका राक्षस बस्दा भए ।। तिनको तेजले दश दिशा प्रकाशमान भयो देवस्वरूप भएर विमानमा बस्दा सूर्यनारायण समान शोभायमान हुँदा भए। त्यसपछि ती दिव्य देह भएका वृद्ध राक्षसले कांचन मालिनी अप्सरालाई प्रशंशा गर्दै भन्दछन्। हे देवी, हे भद्रे मेरो पापको प्रायश्चित्त हुन नसक्ने पापबाट छुटायौ तिमीले भगवान्लाई चिने जानेकी छौं। अब पनि मलाई प्रशन्न भई करुणापूर्वक अनुग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखी नीति नियमको शिक्षा देऊ । जसरी धर्म मात्र हुन्छ, पापले छुन सक्दैन । त्यो ज्ञान लिएर मात्र स्वर्गलोकमा जान्छु भनेर ती दिव्यदेह भइसकेका वृद्ध राक्षसले बिन्ती चढाएपछि कांचनमालिनी अप्सरा हर्षपूवर्क धर्मको मार्ग बताउन लाग्दि भइन् ।।

हे दिव्य पुरुष सुन, निरन्तर धर्म छाडेर काम कर्तव्य नगर भूत प्राणीहरूको हिंसा त्याग साधु सन्त ज्ञानीहरूको सेवा गर, ज्ञान सिक, काम तृष्णादिहरुलाई छाड, अरुहरूको यो यस्तो नराम्रो पापी कुकर्मी इत्यादी दोष नदेऊ, यो यस्तो उत्तम राम्रो कर्म गर्ने भनेर प्रशंशा पनि नगर, सत्यमा रहुँ सत्य बोल, भगवान् वासुदेवको र शिवको पूजा अर्चना र भक्ति गर, यो आ□नो देह पनि मांस, रगत, कफ, पित्त, र्‍याल, खकार, दिशा, पिसाबले युक्त भएको छ । यो देह र पत्नी, पुत्रादी, धनसम्पत्तीहरूको अभिमान छाडिदेउ ।। यो देह पत्नी पुत्रादीको के कुरा यो संसार जगत् पनि एक क्षणमा नै नाशवान छ भन्ने बुझेर बैरागी भई ज्ञान योगमा निष्ठ होऊ, मैले जो यो तिमीलाई प्रेमले धर्मको मार्ग बताएको चित्तमा निरन्तर राखी शिलस्वभाव भएर रहूँ ।। अहिले राक्षस स्वरूप त्यागेर दिव्य देवस्वरूप पाएका छौ ज्योति स्वरूपले स्वर्गमा गएर सुख भोग गर भनेर कांचन मालिनी अप्सराले यस्तो ज्ञानोपदेश दिएपछि ती दिव्य देह भएका पुरुष हृष्ट पुष्ट भई हर्ष मनले भन्दछन्, हे देवी तपाईको उपरमा भगवान् शंकर माता पार्वती सर्वदा प्रशन्न रहुन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सधैंभरी तपाईको कल्याण होस्, जहाँसम्म यी चन्द्र सूर्य रहन्छन्, ताँहासम्म शिव पार्वतीको साथ आनन्दपूर्वक कैलाशमा रहें पार्वती माताको साथ अखण्ड प्रेम रहोस् ।।

हे माता तपाई धर्ममा निष्ठ, तपमा निष्ठ, निरन्तर रहोस्, शरीरादीमा लोभ नहोस्, सर्वदा परोपकारी भइरहे भनेर धेरै-धेरै आर्शिवाद दिएर बार-बार नमस्कार गरी विमानमा बसी गन्धर्वहरूले यस गाउँदै स्वर्गलोक जादाँ भए ।। देवकन्याहरू आई हर्षपूर्वक कांचन मालिनीको शिर उपरमा स्पर्श गरी आलिङ्गन गरी भन्दछन्, हे भद्रे तिमीले ठूलो बिचित्र उपकार गऱ्यौ ।

राक्षसलाई पापबाट मोक्ष गराई स्वर्ग गति दिलायौ ।। यो दुष्ट राक्षसको भयले गर्दा कोही पनि यो वनमा पस्न सक्दैन थिए । अब उप्रान्त सम्पूर्ण प्राणीहरू निर्भय भई सुखपूर्वक यस वनमा आहारविहार गर्दछन् ।। यस्तो देवकन्याहरूले भनेको वचन सुनेर कांचनमालिनी अप्सरा अत्यन्त हर्ष हुँदी भइन् । देवकन्याहरू यति भनेर विदा भई देवलोक जाँदा भए ।। गन्धर्वराज पुत्री कांचनमालिनी पनि राक्षसलाई स्वर्ग गति दिलाई परोपकार गरेको हर्षले गदगद् भई कैलास पर्वत शिव पार्वती छेउ जाँदी भइन् ।। कांचनमालिनीले राक्षसलाई मोक्ष गरेको यो इतिहास कथा जो मनुष्यहरूले भक्तिपूर्वक सुन्दछन्, सुनाउँदछन् । ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्ने सुनाउने दुवैतर्फका जनहरूलाई राक्षस, भूत, प्रेत, पिशाचादिले बाधा गर्न सक्तैनन् धर्ममा मति पनि लाग्न जान्छ ।

इति श्री पद्मपुराणे माघमासमहात्मे ज्ञानसागरे वशिष्ठ दिलीप
सम्वादे कांचन मालिनी राक्षस मोक्ष नाम
त्रयोदशोऽध्याय ॥ १३॥६॥६॥
हरि ॐ तत्सत्

अथ चतुर्दशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज दत्तात्रेपले राजा सँहस्त्रार्जुनलाई बताउनुभएको जो माघ माहात्म्य हो सो माहात्म्य मैले तपाईलाई बताएँ ।। अब उपान्त माघस्नानको महिमा बताउँछु । माघमासमा तीर्थस्नान गरेको पुण्यफलता सम्पूर्ण यज्ञ गरेको भन्दा पनि अधिक हुन्छ । सम्पूर्ण वस्तु दान गरेको फलपुण्य पाइन्छ । सबै ब्रत तपस्या गरेको पुण्यफल माघमासमा तीर्थादिमा स्नान गर्नाले गरी मिल्छ ।। शुद्ध चित्तले माघस्नान गर्नाले पितृकुलका मातृकुलका पितृहरू बीचमा विचलित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेका भएपनि माघस्नानको पुण्य प्रभावले स्वर्ग गति स्थायी प्राप्त गरेर आनन्दपूर्वक स्वर्गको सुख भोग गर्दछन् ।

स्नान गर्ने मनुष्य सुन्दर स्वरूप भई स्वर्ग लोकमा गएर इच्छा स्थलगामी विमानमा बसी इच्छापूर्वक आहारविहार गरेर स्वर्गलोकको सुख भोग गर्दछन् ।। जस्तै पापी भए पनि माघमासमा तीर्थ स्नान गर्नाले भगवान् वासुदेव शंकरको पूजा अर्चना भक्ति गर्नाले ती पापी जनहरू पनि पाप छुटेर गति मुक्ति भएर जान्छन् ।

जन्मै भरि पापकन मात्र गर्ने ।। जन्मै भरि दुष्ट विचार धर्ने ।।
जन्मै भरि मार्ग बिराई हिड्ने ।। जन्मै भरि उग्र कुकर्म गर्ने ।।

यस्ता ती पापीहरू माघ माहा।।स्नानै गरि श्री हरिको चरण्मा ।।
पूजार्चनाबाट ती पापीवानको ।। छुट्नेछ है पाप अवश्यनै अहो ।।

आमा र बाबुकन दुःख दिने ।। साँच्चो न्यवहार पनि क्यै नहुने ।।
कुल्को स्थिति धर्म सबै छुटेका ।। घमण्डले मात्र भरि रहेका ।।

यस्ता अधर्मी सब पापीबृन्द ।। माघस्नानले ती पनि हुन्छ शुद्ध ।।
सन्सारका पुण्य सुतीर्थ माँहा ।। स्नान् गर्न लाईकन माघमाँहा ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग्यै नभै दुलर्भ हुन्छ जान ।। यत्नै उपायै गरी गर्नु स्नान ।।
जो ब्रम्ह ज्ञानीहरु पाउँछन् गती ।। माघस्नानले त्यो
सब मिल्छ है स्थिति ।।
हो हैन यसमा भनि केही शङ्का पर्दैन गर्नु सब मिल्छ पक्का ।।

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराज माघस्नानको सांथ साथै जपतप दान हरि भगवान्को मन्दिरमा पूजार्चना गर्नाले अक्षरय पुण्य हुन्छ । यसकारणले मनुष्यहरूले यथा शक्तिले बस्त्र सुवर्ण दान गरुन् । माघमा अन्न, दान दिने जन स्वर्गमा गएर अमृतपान गर्न पाउँछ, सुवर्ण दान दिने इन्द्र महाराजको निकटवर्ति हुन्छन्, दीपदान, अग्नी दान गर्नेहरू प्रकाश भएको सूर्यलोकमा गई सुख भोग गर्दछन् ।

यज्ञ गरेर उत्तम वस्तु दान गरेर ठूलो तपस्या गरेर ब्रम्हचर्य ब्रतमा रहेर योगाभ्यास गरेर पनि पापबाट छुट्न नसकेको पापहरू माघमा पुण्य तीर्थ स्नान गर्नाले पापको संचयबाट छुटेर यमराजको कठोर यातना दिने रैरवादि गरेको नरकमा जानु पर्दैन ।। जो मनुष्य माघमा पुण्य तीर्थमा अर्ध सूर्योदयमा स्नान डुबुल्की गर्दछन्, हरि भगवान्को पूजार्चना भक्ती गर्छन् भने यसलोकको सुख भोग गरेर परत्रमा स्वर्गलोक गई सुख भोग गरी पुनः मर्त्यलोकमा उत्तम कुलमा जन्म लिन आउँदछन् ।। सुन्दर रूपवाला हुन्छन्, राम्रो बोली बचन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएका धर्मको आचार विचार भएका, सम्पत्तिले परिपूर्ण भएका, सयवर्ष आयु भएका भाग्यशाली भई राजा हुन जान्छन् जसरी बल्दो अग्नीमा काष्ठ राखी दिँदा क्षणमा नै भष्म गराईदिन्छ । त्यस्तै माघमासमा पुण्य तीर्थमा स्नान गर्नाले साना ठूला सम्पूर्ण पापहरू भष्म भई जान्छन् ।।

जसरी भगवान् विष्णुले दानव राक्षसहरूलाई छिन्न भिन्न पार्नुहुन्छ, भगवान्को अगाडि कोही टिक्न सक्दैनन् । त्यसरी नै पुण्य तीर्थमा स्नान गर्नाले मन, वचन, कर्मले गरेको जानि नजानी गरेका पापहरू टिक्न सक्दैनन् हे दिलीप महाराज जो मनुष्य घमण्डले धर्मको विश्वास नभई भोगी रहेका पापलाई पनि यदि कुनै माघमासमा पुण्य तीर्थमा स्नान भयो भने त्यसै दिनमा त्यसको पाप नष्ट भयो । यसमा अन्यथा मान्नु पर्दैन हे राजन् पहिले कालमा गन्धर्व कन्याहरूले श्राप पाएर पिशाच भई दुःख भोगी रहन परेकोमा लोमश ऋषिको उपदेशले माघस्नान पुण्यको प्रभावले गर्दा पाप छुट्न गई उद्धार भएका थिए ।

इतिश्री पद्मपुराणे उत्तरखण्डे माघमासमहात्म्ये ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादें चतुर्दशोऽध्याय ॥१४॥६॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पंचदशोध्याय

श्री सुतजी शौनकदीऋषिश्वरहरुलाई बताउनुहुन्छ ।। हे ऋषिश्वर हो, यस्ता प्रकारको कथा महात्म्य सुनेर राजा दिलीप गुरु वशिष्ठसँग भक्ति श्रद्धापूर्वक नम्र भई यो प्रश्न गर्नुहुन्छ, हे गुरु ती गन्धर्व कन्या को-को गन्धर्वका पुत्री हुन् ?, तिनीहरुको के-के नाम हो ?, उमेर कति कतिका थिए ?, के कारणले गरी कसको श्राप परी लोमश ऋषिको उपदेशले कुन तीर्थमा कति दिन स्नान गरेर श्रापबाट मुक्त भएका हुन् ? यो सबै वृत्तान्त सुन्नाको मलाई अति उत्सुकता लागिरहेको छ भनेर राजा दिलीपले बिन्ती चढाएपछि गुरु वशिष्ठ आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज सुन्नुहोस् यो कथा इतिहास धर्मयुक्त छ । जसरी अरणी काष्ठमा अग्नी रहेको हुन्छ, त्यसरी नै यो कथामा पनि धर्मले परिपूर्ण भएको छ सुखसंगिनी गन्धर्वकी कन्या प्रमोदिनी नामकी थिइन् । त्यस्तै, शुशीला गन्धर्वकी कन्या सुशीला, स्वरवेदाकी कन्या सुस्वरा थिइन् ।

चन्द्रकान्तकी कन्या सुतारा, सुप्रभाकी कन्या चन्द्रिका, यी नाम गरेका कन्या अप्सरा पाँचवटी समान उमेरका परमसुन्दरी थिए ।। जस्तै चन्द्रमाको उज्ज्वल चाँदनी हुन्छ, त्यस्तै उज्ज्वल चाँदनी भएका थिए । पूर्णचन्द्रको समान मुख मुहार भएका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दर केश भएका, ओठ अधर पूर्ण चन्द्रकै समान भएका, तिनीहरूलाई देख्दामा नेत्र आनन्द उत्फूल्ल हुने भएका, चन्द्र चाँदनी समान सुन्दर वनावटी देह मनोहर भएका, वैशाख मासमा सरोवरबाट कमल फूल फूले झैं कुम्भददृश



(गन्धर्व कन्याहरू ब्राम्हण देखेर मोह भई भनेको)

कुच भएका, बेली पुष्पको नयाँ पल्लव पलाए समान नवयौवन प्राप्त गरेका, उज्ज्वल प्रकाशका सुवर्णका गहना लगाएका, सुवर्ण निर्मित चम्पक पुष्प माला गलामा लगाएका, सुन्दर छवि भएका चम्किलो सुन्दर बस्त्र पैरेका, सुगन्ध हावामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गन्ध आउने भएका एवं वीणा वेणी मृदङ्ग वजाना साथमा लिएका स्वर, ताल, ध्वनि, नृत्य, कला र कौशल हाव-भाव कटाक्षहरूमा निपुण भएका यी गन्धर्व कन्याहरू चित्र-विचित्र हर्ष उल्लासपूर्वक गान, वजाना, नृत्य गीत गर्दै वन विहार गर्दथे । मातापिताहरूले प्रेमपूर्वक लालन पालन गरी राखेका थिए ।

कुवेरको वनमा विहार गर्दथे । कुनै दिन वैशाखमा कौतूहलको लागि एक वनबाट अर्को वन विहार गर्दै मन्दार पुष्प पारिजात पुष्पहरू जम्मा गरेर माता पार्वतीको पूजार्चनाको लागि स्वच्छ जल भरिपूर्ण भएको सरोवर तलाउमा जाँदा भए । वैदर्य मणि सामान स्वच्छ जलले भरिपूर्ण भएको सरोवरमा स्नान गर्न किनाराको वृक्ष डालीमा बस्त्र राखेर स्नान गर्दा भए । स्नान सकेर स्वच्छ कमल फूल टिपेर सुवर्ण सदृश वालुवाको मूर्ति बनाएर माता पार्वतीको भक्तिपूर्वक चन्दन कुंकुम जातजातका पुष्पहरूले धेरै उपचारसहितले पूजा अर्चना गर्दा भए । पूजार्चना सके र वीणा बाद्यवादन ताल ध्वनि मिलाएर नाच गर्दथे । त्यस सरोवर किनारमा मृगका समान लोचन भएका गन्धर्व कन्याहरू आनन्दमा मुग्ध भई सुस्वरले निर्भय भई नाचगानमा व्यस्त थिए । त्यसै समयमा स्वच्छ जल तीर्थ त्यसै सरोवरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नान गर्न वेदनिधी ऋषिका पुत्र अग्निप नाम गरेका ऋषि ब्रम्हचारी आउनुभयो । ती ब्रम्हचारीको रूप पूर्ण चन्द्रलाई पनि माथ गर्ने सुन्दर प्रकाश भएका थिए । लामा-लामा कमल पुष्पका समान सुन्दर नयन थिए ।

युवा उमेरका वक्षस्थल विशाल भएका लामा-लामा हात भएका श्याम सुन्दर छवि भएका दोश्रो कामदेव समान भएका, शिखासूत्रले युक्त भएका, डण्डा हातमा लिएका, कामदेवले हातमा धनु लिए झैं डण्डाले प्रतित भएका मृग चर्म धारण गरेका कटिमा उत्तम चम्किलो बस्त्र मेखला धारण गरेको यस्ता अपूर्व ब्रम्हचारी ब्राम्हणको सरोवरमा आगमन दर्शन पाएर ती गन्धर्व कन्याहरू हर्षले उल्लास भएर यो को हो हाम्रो नयनलाई आनन्द दिने पुरुष भन्दै चकित भई नाचगान छाडेर केवल हेर्न मात्र लाग्दा भए । जस्तै न्याधाले मृगलाई देखेर नयन अन्यत्र नदिकन वाँण प्रहार गर्छ, त्यस्तै गरी नयन रूपी काम वाँण प्रहार गर्दा भए । ती पाँचवटी गन्धर्व कन्याहरू हडबटडका साथ ती युवा ब्रम्हचारी उपरमा मुग्ध भई यी कामदेव हुन् भन्ने भ्रम भई परस्परमा हेर-हेर भन्न लागे । केही बेर हेरेर नयनले आनन्दपूर्वक अर्चना गरेर विचार गरी परस्परमा भन्न लागे-

ऐले हे सखी हो अचम्म हुनगो हाम्रो अगाडि महाँ
देख्यौं दिब्य सुरूप सुन्दर पुरुष स्नान् गर्न लागे त्यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामदेव् हुन ती भन्नु भने पनि अहो छैनन् ती साथमा रति
देव अश्विनी कुमार भनौं पनि भने एक्लै छ यिन्को गति ।

गन्धर्वै कित हुन् कि किन्नर कुनै कि सिद्ध योगी अबै
ब्राम्हण पुत्र हुनन् किवा अरु कुनै यिन्ले हरे मन् सबै

छैटीका दिनमा ललाट बीचमा लेखेछ कि भाविले
पूजा अर्चनले प्रशन्न हुन गै पठाइन्की माइले

यिन्ले चित्त हरे सबै मनगडे छाड्दिन है लौ मता
अर्की भन्दछिन् हे भगिनी छाडी देउ मेरा पति हुन् यिता

यस्ता वात् युवतीहरू बीच महा सुन्दा भए ती कुरा
आफ्नो नित्य क्रिया सकेर ऋषिले विचार गरे यो पूरा

वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज यस्ता प्रकारले ती युवतीहरूले परस्परमा यस्तो कुरा गरेको सुनेर अग्नीप नाम ब्रम्हचारी ऋषि मनमनमा खुब विचार गरेर मनमनै भन्न लागे । अहो आश्चर्य मलाई यो विघ्नबाधा आइपऱ्यो ब्रम्हा विष्णु महेश्वर इन्द्रादि देवताहरू ऋषि महर्षि सिद्ध पूर्वकालका योगाभ्यासमा ज्ञानमा शास्त्रमा निपुण भएका पनि युवती स्त्रीहरूको लिलाले गर्दा मोहित भएका छन् । काममदेवको धनु समान भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीजतिहरूको आँखी भौँरुपी तिखा वाण प्रहार गरेपछि जसको पनि मनरूपी मृगलाई वाँण लागेर गिर्दछ । मनुष्यहरूको धैर्यता लोकलज्जा भय चित्तदृढ कुलको इज्जत तपको निष्ठा यम नियम यी आदि कर्म कर्तव्य कहाँसम्म अड्न सक्छ भने मनुष्य विषयी हुनाले जहाँसम्म स्त्री जातिको काम वाण प्रहार हुँदैन त्यहाँसम्म मात्र रहन्छ । यी युवतीहरुले मलाई पनि ब्रम्हचर्य भङ्ग गर्न सक्छन् । धर्मको रक्षा आपत्कालमा पनि थाम्नुपर्छ । यो देह मांसरुधीर, शुक्र, मल, मूत्र, र्‍याल, खकार आदिले बनेको हो ।

अशुद्ध छ, अपवित्र छ, यस्तो अशुद्ध देहलाई पनि अहो सुन्दर रूप यौवन भनेर मानिस मूर्खताले गरी निर्घृणी कर्ममा निरत हुन्छ । निर्मल बुद्धि भएका बुद्धिमानी महात्माहरू स्त्री जाति संसर्ग गर्नु ठूलो दारुणा दुःखदायी हो भन्दछ । तसर्थ यी युवतीहरू मेरा सन्मुख नपर्दै म आफ्नो घर जान्छु भन्ने सोच विचार गरेर त्यहाँबाट आफ्नो योगबलले अन्तरध्यान भई जाँदा भए ।

हे महाराजा दिलीप जब यस्ता प्रकारले ऋषिको योगबल चमत्कारले अदृश्य भई गएपछि ती गन्धर्व कन्याहरूको नयनरूपी तारा अस्ताएपछि कस्ता अवस्थामा परिणत भए भने सुन्नुहोस् । जस्तै मृगहरूको बथानबाट छलिएर मृगी एक्लिन्छे, त्यस्तै अवस्थामा परिणत भई खेद गर्न लागे एवं पंक्षीहरूको बच्चा माउ नपाएर आत्तिएर कराउँदछन् । त्यस्तै गरी गन्धर्व कन्याहरू आत्तिएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च्याठिएर रुन कराउन लागे । नयनरूपी तारा अस्थाएपछि दशदिशामा हेरविचार गरेर परस्परमा भन्न लागे । यो पुरुष इन्द्रजाल जान्दोरहेछ अथवा मायाबी पो रहेछ कि त्यसरी स्पष्ट देखिएको फेरि अकस्मात् कसरी बेपत्ता भयो, यता यसरी गयो भन्नै सकिँदैन । अहो के अचम्म भएको हो भन्दा भए । ती गन्धर्व कन्याहरू बिछोडको अग्नी ज्वालाले ज्वलित हुँदा भए जस्तै वन डडेलाले वनका बोट-विरुवाहरुलाई जलाउँछ, त्यस्तै अवस्थामा पुगी मुग्ध भएर भन्दछन्- हे कान्त तिम्रो त्यो इन्द्रजाल विद्यालाई छाडेर हामीहरुलाई दर्शन देऊ ।

तिमीमा नै हाम्रो मन गडिसकेको छ । जस्तै भोकले जलेको मानिसले खाना खान लाग्दा पहिलो गाँसमा नै झींगा परेर खान नपाएको झैँ हामीहरुलाई हुन गयो । हाँ कष्ट दैवले पनि तिम्रो दर्शन हामीलाई किन दिएको हो । के दैवले पनि हाम्रो यो दुःख सन्ताप पार्न तिमीलाई सृष्टि गरेको हो ?, के तिमीलाई हाम्रो उपरमा दया छैन ?, के तिम्रो हामी उपरमा इच्छा छैन ?, हे कान्त के तिमी धूर्त हौ र हाम्रो मन चोरेको हो ?, के तिमी हाम्रो विश्वास गर्दैनौ ?, कि हामीलाई पर्खेको छौ ?, कि मायावी हौ र हामीलाई खेल देखाएका हौ ?, के तिमी अर्काको चित्तमा प्रवेश गरेर चित्तलाई विचलित पार्न तिम्रो विद्या छ ?, के अर्काको चित्त विचलित पारेकोलाई फिर्ता लिन अथवा चित्तबाट निस्कन के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो शक्ति उपाय छैन ?, के तिमी हामीहरूलाई विना अपराधमा यस्तो शोकाकुल अवस्थामा पार्दछौ ?, के अरुहरूलाई दुःख धोका दिएर हेर्न जानेको छौ ?, हे प्राणेश्वर तिम्रो दर्शनविना हामीहरू बाँच्दैनौं । फेरि दर्शन मिल्ला भनेर मात्र बाँचिरहेका छौं । तिमी जहाँ छौ, हामीलाई पनि त्यहीं लैजाऊ । तिमीलाई भेट्ाउन दैवले पनि हामीहरूलाई दुःख दिएका छन् ।। तिमीमा हामीहरू जसरी अनुरक्त भएका छौं, तिमी पनि हामीमा त्यसरी नै अनुरक्त भएर करुणा राखेर दर्शन देऊ । किन त सज्जन जन कहिले पनि अर्काको दुःख हेर्न चाँहदैनन् ।

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ- हे, महाराजा दिलीप यस्ता प्रकारले ती गन्धर्व कन्याहरूले अलाप विलाप गरेर आउँछन् कि भनि धेरैबेरसम्म पर्खि माता पिताको डरले गर्दा घर फर्कने काम गर्दा भए । ती ब्रम्हचारी ब्राम्हणउपरमा प्रेमको डोरीले बाँधिएका बिछोडको विरहले अत्यन्त आकुलव्याकुल भएका गन्धर्व कन्याहरू केही धैर्य गरी आ-आफ्ना घरमा गई पानीको समिपमा शयन गर्दा भए । आमाहरूले तिमीहरू आज किन अबेला आयौ ? के कारण पर्न गयो ? भनेर सोध्दा भए ।।

इति श्री पद्मपुराणे माघमासमहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे गन्धर्व कन्या विरह प्राप्ति नाम पंचचदशोऽध्या ॥ १५॥६॥६॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षोडशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ हे महाराजा दिलीप यस्ता प्रकारले माताहरूले सोधेपछि कन्याहरू भन्दछन्- हे माता हामीहरू किन्नरीहरू सँगसँगै नाचगानमा व्यस्त भयौं त्यसकारणले गर्दा दिन बितेको याद भएन । छिटो छिटो हिँड्दा बाटोमा थकाईले गाह्रो भयो । ठूलो मोहले गर्दा कसैगरी पनि वर्णन गर्न सक्तैनौं । यसो भनेर कोही कन्या सुन्दर बिछ्याउनामा लुटपुट गर्न लागे । कोही कन्या आफ्नो व्यथा लुकाएर आमासँग बोल्न लागे । कोही कन्या व्यथित भई मयँरको ढाँचाले नाच्न लागे । कोही कन्या व्यथाको सम्झनाले हर्ष भई कोही बोल्दैन थिइन् । कोही कन्या न्याउरी मूसालाई खानपानको व्यवस्था गर्दैन थिइन् । कोही कन्या सुगाचरीलाई पढाउने काम गर्दिन थिइन् । केहीले टेडो मुख गरी बस्दथे । घरमा आनन्दपूर्वक कुनै कन्या पनि बसेनन् ।।

सायंकालमा वीणा वादन् किर्तन् केही पनि भएन । कल्पवृक्ष समानका मन्दार पुष्प सामान सुगन्ध आउने रसादि चीजहरू पनि पान गरेनन् । योगीनी समान भई आफ्नो नाकको अग्रभागमा नजर लगाई ध्यानी योगीले ध्यानमा लागेको झैं देखिन्थे । एक क्षणमै हावामा जाँदथे, एक क्षणमै झर्ना पानीमा जाँदथे,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरु संगिनीहरूले सम्भाउने बुझाउने गर्दथे । केराको पातले हम्केर शीतल पङ्खा हावा छरिदिन्थ्ये । यस्ता प्रकारले गरी त्यो रात्री ती कन्याहरूलाई सययुग समान भई बित्यो । ज्वराले पीडित भएको झैं बिह्वल भएका ती कन्याहरू केही धैर्यधारण गरी बिहान सूर्योदय भएपछि उठेर आफ्नो प्रेमीको आस राखी सूर्यनारायाणलाई दर्शन गरी आफ्नो आमासँग गौरीको पूजा अर्चनामा जान्छौं भनि कुरा राखेर ती पाँचैवटी गन्धर्व कन्याहरू सोही सरोवरमा गई स्नान गरी माता गौरीको पूजा अर्चना विधिपूर्वक धेरै उपचारले गर्दा भए ।

पूजा सकेर बाध्य वादन ताल ध्वनि स्वर मिलाई नाचगान गर्न लागे । यसै अवसरमा ती ब्रम्हचारी ब्राम्हण पनि आफ्नो पिताको आश्रमबाट सोही शुद्ध तीर्थ सरोवरमा स्नान गर्न भनेर आउँदा भए । ती कन्याहरूले अघिल्लो दिनमा स्नान गरी अन्तरध्यान भएका युवा ब्रम्हचारीलाई देख्दा भए । जब ब्रम्हचारी ब्राम्हणको आगमन देखेपछि ती गन्धर्व कन्याहरू अत्यन्त प्रफूल्ल नयनका भए । जस्तै बिहान सूर्योदय भएपछि पुष्पहरू प्रफूल्ल हुन्छन् । त्यस्तै प्रफूल्ल नयन भई सरासर ती युवा ब्रम्हचारीको अगाडि गई एकको हात एकले समाति घेरामा पारी वन्देज गरी भन्न लाग्दा भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे धूर्त तिमीले हामीहरू कनै हिजो छलि गै गयौ ।
तिम्रो शक्ति हुँदैन आज बुझिल्यौ हाम्रो त जालमा पऱ्यौ ।।

तिमीलाई वर हामीहेरू सबले हिजै गरेको स्वीकार ।
तिम्रो भाग्य ठूलो भयो उदय है पर्दैन गर्नु विचार ।।

यस्ता वात् युवतीहरू ती सबको सुनेर ब्राम्हण मुनि ।
मन्दै हास्य गरेर भन्दछन् अहो उल्लका भयो यो भनि ।।

हे देवीहरू हो भन्यौ जति कुरा ठीक मान्छु लौ तर ।
ब्रम्हचारी म हुँ गर्दिन विवा आशा दुराशा गर ।।

गुरुसित पढेर शास्त्र सब वेद आज्ञा गुरुको लिई ।
गर्नुपर्छ विवाह ब्राम्हण भई हाम्रो छ यस्तो स्थिति ।

ब्राम्हणको यी वचन सुनेर ती सबै एकै स्वर कोइली झैं ।
लागे भन्न ती ब्रम्हचारी सँगमा मोहित् भई मन्मनै ।।

धर्मै गर्नु त पर्छ मानिस भई सुख् भोगको खातिर ।
धर्मैले गरी मिल्न जान्छ सहजै संसारका सुख् सब ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित विज्ञहरू पनि यहि कथा गर्छन् बयान् शास्त्रको ।
तिम्रो धर्मप्रकट भयो बुझ यहाँ आई अगाडि सऱ्यो ।।

नाना भोग विलास गरेर सुखको स्वर्गै यही हो भन ।
हाम्रा साथ माहाँ बसेर तिमीले ऐश्वर्यको भोग् गर ।।

वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ, हे महारजा दिलीप यस्ता प्रकारले गन्धर्व कन्याहरूले ब्रम्हचारी ब्राम्हणलाई घेराभित्र पारेर पति गराउँन आग्रह गरेपछि ब्रम्हचारी ब्राम्हण सरल वाणीले भन्दछन्- हे देवी हो तिमीहरूले जे भन्यौ त्यो सम्पूर्ण ठीक सत्य हो, तर मेरो यो ब्रत सकेर गुरुसित अनुमति लिएर मात्र विवाह गर्नेछु भनेर ब्रम्हचारी ब्राम्हणले भनेपछि गन्धर्व कन्याहरू फेरि भन्दछन्- हे सुन्दर तिमी ता साह्रै मूर्ख रहेछौ किनकी दिव्य औषधि अमृत समान रसादी सुवर्णको खानी उत्तम कला रूप भएका युवती मन्त्र धर्मको सिद्धि प्राप्त भएको समयमा बुद्धिमानीले छोड्न हुँदैन ।

यी वस्तु भनेको दैव दाहिना भए मात्र पाइन्छ । यदि प्राप्त भएको समयमा छाडेमा फेरि चाहेमा पाउन सकिँदैन । तसर्थ पछिको भाका राख्नहुँदैन हे ब्राम्हण उत्तम कुलमा जन्म लिएका प्रेमको स्नेहले चित्त पग्लिएका सुन्दर रूप भएका राम्रो स्वर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोली बचन भएका, नवयौवन प्राप्त भएका यस्ता युवती कन्या पाउने पुरुष धन्य भाग्यमानी हुन् । अरु अभागीहरूले पाउन सक्दैनन् एवं अरु पशुपंक्षी प्राणीहरूले पाउन सक्दैनन् । हेर हामीहरू यस्ता सुन्दरी युवती यी बटु ब्राम्हणको बीच अन्तर पर्छ तर हाम्रो यो विधाताले नै चलाखी गरेर संयोग गरायो । यसकारणले गर्दा हे बटु ब्राम्हण हामीहरूलाई गन्धर्व विवाहले गरी स्वीकार गर्नुहोस् । यदि अन्यथां गरेमा हामीहरू बाँच्नेछैनौं ।

यस्तो आग्रह गन्धर्व कन्याहरूले गरेको देखी ब्राम्हण भन्नुहुन्छ- हे मृगक्षी देवी हो धन पाउँदैमा धर्म कसरी छाड्ने सुन्दरी युवती पत्नी पाउँदैमा धर्म कसरी छाड्ने हेर धर्म, अर्थ, काम, मोक्ष यी चार थोक मानिसले क्रमिकपूर्वक व्यवहारमा उपभोग गर्नुपर्छ । यसमा विपरित भएमा जन्म निस्फल हुन जान्छ । यसकारणले हे देवी हो म आफ्नो धर्ममा दृढ छु । यो समय मैले पाणी ग्रहण गर्न योग्य छैन म गर्दिन ।

हे दिलीप महाराज यस्तो कुरा ती ब्राम्हणको सुनेर ती गन्धर्व कन्याहरू परस्पर हेरी केही इसारा गरी घेराबन्देज गरेको हात छाडेर समात्न लाग्दा भए । प्रमोदीनीले पाउ समातिन्, सुशिला र सुस्वारले हात समाते, सुताराले आलिङ्गन गरिन्, चन्द्रिकाले चुम्बन गरिन्, यस्तो व्यवहार गर्दा पनि ब्रम्हचारी ब्राम्हण विचलित नभई विघ्नमा फसेनन् र, प्रलय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालको अग्नी समान क्रोधले ज्वाजल्यमान भई भन्न लागे- मलाई तिमीहरू पिशाच लागे झैं लाग्यौ । त्यसकारणले



(लोमश ऋषि वेदनिधी ऋषि पिशाचसहित सम्वाद)

तिमीहरू पिशाची होई जाउ भनेर श्राप दिंदा भए । यसरी ब्रम्हचारी ब्राम्हणले श्राप दिएपछि तिनलाई छाडेर अगाडि उभिएर भन्न लागे- हे पापी तिमी कस्तो अपराधी रहेछौ, हामीहरू तिम्रो कल्याण गर्न चाहनेलाई तिमीले अप्रिय कर्म गर्‍यौ । तिमी धर्म ज्ञानी हुनु धिक्कार छ, जो मनुष्य आफुमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुरक्त भक्तहरूमा द्रोह गर्छ भने त्यसले यस लोक र परलोकमा पनि सुख पाउँदैन भन्ने सुनेका छौं ।

यस अर्थले तिमी पनि हामीहरूको श्रापले तुरुन्त पिशाच होइ जाउ भनेर ब्राम्हणलाई यस्तो श्राप दिएर लामु स्वास फेरेर आकुल व्याकुल भई त्यसै सरोवर किनारमा रहँदा भए । वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ हे माहाराज दिलीप यस्ता प्रकारले दुबैतर्फको श्रापले गरी त्यसै सरोवर किनारा जग्गामा गन्धर्व कन्या र बटु ब्राम्हण पिशाच पिशाची भई दुःखित् भएर रून कराउन हिड्न डुल्न लागे । मानिसले पूर्व कर्मको अनुसार फल सुख, दुःख, हर्ष, विष्मत अवश्य भोग्नुपर्छ, कस्तै गरे पनि छुट्दैन, जसरी आफू हिँड्दा आफ्नो छायाँ साथै जान्छ, त्यस्तै कर्मको गति पनि पछि लागेर जान्छ, छोड्दैन भोग्नुपर्छ ।

तिनीहरूका मातापिताहरूले सुनेर अलाप विलाप गरेर भन्दछन्- हेर कच्चा उमेर भएका बुद्धि पनि कच्चा भएका बालकहरूको दैवले नै यस्तो दुर्गति पा-यो । दैव नै बलवान रहेछ भनेर शोक गर्दा भए । त्यहाँ उप्रान्त ती पिशाच पिशाचीहरू दुःखित् भएर आहारको लागि यत्रतत्र हिँडडुल गरी सरोवर किनारमा निवास गर्थे । यस्ता प्रकारले रहँदा-रहँदा धेरै कालपछि पौष शुल्क चतुर्दशीको दिन त्यसै सरोवरमा स्नान गर्न आउनुभएका लोमश ऋषिलाई पिशाचहरूले देखेर खान भनि सबै पिशाचहरू मिलेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दौडेर आए । ऋषिको समिपमा आइपुगेपछि ऋषिको तेजले असह्य भई टिक्न सक्ता भएनन् र केही टाढा गई बसे । त्यसपछि त्यही सरोवरमा ब्रम्हचारीका पिता वेदनिधी ब्राम्हण आउनुभयो ।

लोमश ऋषिलाई देखेर साष्टाङ्ग प्रमाण गरेर दुई हात जोडी शिर झुकाएर नम्रपूर्वक बिन्ती गर्नुहुन्छ- हे ऋषिश्वर जुन बखतमा ठूलो भाग्य उदय हुन्छ, त्यस समयमा साधु सन्त विद्वानको संगम हुन्छ । जो मनुष्य गङ्गादि नदी सम्पूर्ण तीर्थमा स्नान गर्दछ, जो मनुष्य सन्त महात्माको संगत गर्दछ भने ती दुबैजनाको फल बराबर हुन्छ । हे गुरु हजुर जस्ता महात्माहरूको संगम हुन ता प्रत्यक्ष अप्रत्यक्ष फल मिल्न जान्छ । स्वर्गको फल मिल्छ रोग शोकको नाश हुन्छ । तर यस्ता ऋषि महात्मासँग संगम हुन नै बाधा पर्न जान्छ ।

यस्तो बिन्ती गरेर वेदनिधी ब्राम्हण फेरि भन्नुहुन्छ- हे गुरु ती पाँचवटी पिशाची गन्धर्व कन्याहरू हुन् । त्यो मेरो छोरो पिशाच भएको हो यिनीहरूको आपस परस्परमा यस्तो कारणले श्राप पर्न गएको हो भनेर पूर्व वृतान्त सम्पूर्ण बताएर भन्नुहुन्छ, हे गुरु यी पिशाच स्वरूपले हजुरको अगाडि मलिन मुखले दुःखीत भइरहेका छन् । हजुरको दर्शनले यी बालबालिकाको उद्धार अवश्य हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै सूर्यनारायाण उदय भएपछि अन्धकारहरू हट्दछ, त्यस्तै हजुरको दर्शन पाएपछि दुःख आपत अवश्य टर्नेछ भनेर वेदनिधी ब्राम्हणले बिन्ती चढाउनु भएपछि लोमश ऋषिलाई अति करुणा भई चित्त पग्लिएर पुत्रको शोकले दुःखित् भएका वेदनिधी ब्राम्हणलाई लोमश ऋषि भन्नुहुन्छ- हे वेदनिधी ब्राम्हण मेरो कृपाले गरी यी पिशाच भइरहेका बालबालिकाहरूको शीघ्र पहिलेको स्मृति आओस् र म यिनीहरूलाई पिशाच विमोचिनी कथा सुनाउँदछु । जुन धर्म कथा सुन्नाले श्रापबाट छुट्नेछन् ।

इति श्री पद्मपुराणे माघमासमहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे गन्धर्व कन्या श्राप वर्णन नाम षोडषोऽध्याय ॥ १६॥६॥६

अथ सप्तदशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ हे महाराज दिलीप यस्ता प्रकारले लोमश ऋषिले यी पिशाच पिशाचीहरूको मेरा कृपाले गरी स्मृति आओस यिनीहरूलाई धर्मकथा सुनाउँछु भनेपछि वेदनिधी ब्राम्हण बिन्ती गर्नुहुन्छ, हे ऋषिश्वर जो पिशाचत्व छुट्ने भएको धर्मकथा हो सो बताई बक्सियोस् किनकी यिनीहरू श्रापरूपी अग्नीले जलिरहेका छन् । विलम्व गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय छैन भनेर वेदनिधी ब्राम्हणले बिन्ती सुनाएपछि लोमश ऋषि आज्ञा गर्नुहुन्छ । हे वेदनिधी ब्राम्हण यी पिशाचपिशाची भएका तिम्रा पुत्र र गन्धर्व कन्याहरू मेरा साथसाथै माघस्नान विधिपूर्वक गरुन् माघको अन्त्यमा श्रापको पापबाट छुटेर जानेछन् अर्को दोश्रो प्रायश्चित छैन । श्राप भनेको पापको फल हो । यस पापलाई नाश पार्न माघमा तीर्थमा स्नान गर्नुपर्छ, तीर्थ स्नानले पाप नाश अवश्य हुन्छ भन्ने मेरो पूर्णविश्वास छ । विशेष गरेर सात जन्मको पाप र वर्तमान पाप पनि माघमा पुण्य तीर्थमा स्नान गर्नाले सम्पूर्ण पापहरू नष्ट भई जान्छन् । जुन पापको प्रायश्चित्त ऋषिमहर्षिहरूले बताउन सकेका छैनन् । त्यस्ता पापहरू पनि पुण्य तीर्थमा माघस्नान गर्नाले नष्ट भई जान्छन् ।

हिमालयदेखि आएका पुण्य नदी तीर्थहरूमा स्नान गर्नाले जानी नजानी गरेको पाप नाश भई मोक्षको गति प्राप्त हुन्छ । वेद वेदान्तवादी महात्माले बताएको छ । स्वच्छ पवित्र नदीमा माघस्नान गर्नाले इन्द्रलोक प्राप्त हुन्छ । बद्रीका श्रममा स्नान गर्नाले सम्पूर्ण पापहरू नष्ट भई जान्छन् । नर्भदा नदीमा स्नान गर्नले पापहरू नष्ट भई कैलाशलोकको गति प्राप्त हुन्छ ।

यमुनामा माघस्नान गर्नाले पापहरू नाश भई सूर्यलोक प्राप्त गर्दछन् । सरस्वती नदीमा माघस्नान गर्नाले पाप जति ध्वस्त भई ब्रम्हलोकको गति मिल्छ । विशालामा माघस्नान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नाले ठूलो पुण्य मिल्छ । गर्भवासमा जानुपर्दैन । जान्हवीमा स्नान गर्नाले पापहरू नाश भई बैकुण्ठलोक प्राप्त हुन्छ । अरु नदीहरू सरयु, गण्डकी सिन्धु, चन्द्रभागा, कैशिकी तापी, रेखा गोदावरी, भीमा, पयोष्णी कृष्णा, वेणी, कावेरी, तु□भद्रा यी नदीहरू समुन्द्रगामी हुन् । यी नदीमा स्नान गर्नाले मानिस निष्पाप भई स्वर्गलोक प्राप्त गर्दछन् । नैमीषारण्यमा स्नान गर्नाले विष्णु भगवान्मा सायुजप गति प्राप्त हुन्छ । पुष्कर क्षेत्रमा स्नान गर्नाले ब्रम्हाजीको सामिप्प प्राप्त हुन्छ । कुरुक्षेत्रमा स्नान गर्नाले इन्द्रलोक मिल्छ ।

देव सरोवरमा स्नान गर्नाले योगसिद्धि पाउने गति प्राप्त हुन्छ । प्रभास क्षेत्रमा स्नान गर्नाले शिवजीको पार्षद गण हुन पाइन्छ । देव नदीमा स्नान गर्नाले देवस्वरूप बन्दछ । गौतमी नदीमा स्नान गर्नाले फेरि जन्म लिन मर्न पर्दैन । नीलकष्ठ अबुर्दमा स्नान गर्नाले रुद्र लोक प्राप्ती हुन्छ । अरु जुनसुकै नदीहरूको संगममहाँ स्नान गर्नाले मनुष्यहरूको पापनाश भई समस्त कामना सिद्ध हुन्छन् । तीर्थराज प्रयाग भाग्यमानीले मात्र पाउँदछन् । जो प्रयाग गङ्गायमुना संगम श्वेतर कृष्ण जलमिश्रित वेणी महाँ नदीमा स्नान गर्नाले मनुष्यहरूले फेरि संसारमा जन्म लिन आउन पर्दैन । स्वर्गका देवताहरूले यो भन्दछन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गैमा रहने ती देव गणहरू भन्छन् निरन्तर यही
ठूलो भाग्य नभै कठिन् छ मिलनु प्रयागमा जानलाई

जसले गर्दछ स्नान् प्रयाग जलमा पर्दैन फेर्गर्भ वास
बैकुण्ठ पुरीमा सारासी गई गर्छन सधैँ भर निबास

पापै पाप महाँ सधैँ जनम भर्चुलुम्म गाढिएका
प्रयागमा तीन दिन स्नान् यदी गरे पर्दैन है नर्कता

पापको नाश भएर सुन्दर स्वरूप द्यौता समान्को भई
स्वर्गैको सुखभोग गरे रहनन् आनन्दमा मग्न भई

ब्रम्हाले पहिले विचार गरी खुब् प्रयाग राज् तीर्थको
तुलो राखेर तौलना गरनु भो सम्पूर्ण धर्मादिको

एकापट्टि सबै ती तीर्थ ब्रत दान राखी तराजु महाँ
अर्का पट्टी प्रयाग तीर्थ माघस्नान राखेर हेर्दा त्यहाँ

भारी बोझ भएर गैकन गयो प्रयागराज तीर्थ फल
संसारमा सब पुण्यमा अधिक भै उत्र्यो प्रयाग तीर्थ जल

हावा पात र जल् पिएर जनले शोषी शरीर यो अति
धेरै काल तलक् कठोर तपगर्‍या मिल्दैन माघस्नान् जति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै योग समाधिमा निरत भै मिल्नेछ है जो गति
तीर्थराज प्रयाग स्नान सरिता मिल्दैछ योगले त्यति

राजसूय र अश्वमेघ गरी जो मिल्नेछ फल् स्वर्गको
माघस्नान प्रयागमा गरी लिए बैकुण्ठमा गै गयो

हुन्छन् पापहरु विलीन सब ती प्रयागको शक्तिले
गर्नै पर्दछ जन्म मानिस भई प्रयाग स्नान् भक्तिले

लोमश ऋषि आज्ञा गर्नुहुन्छ, हे वदेनिधी ब्राम्हण यसै विषयमा म एक पुरानो इतिहास बताउँछु सुन्नुहोस् अवन्ति नाम गरेको शहरमा वीरसेन नाम गरेका राजा थिए । ती राजाले नर्मदा नदीको तटमा रजासूय यज्ञ गरे सोह्र पटक अश्वमेघ यज्ञ पनि गरे, यज्ञस्थल जाने मार्गमा सुवर्णले सजिएको थियो ।

यज्ञमा वरण गरेका आचार्य अरु ऋत्विज ब्राम्हणहरू र अरु हर्ताकर्ता पनि सुवर्णादि नाना रत्नादि आभूषण पैरेर रहेका थिए । सो यज्ञ अत्यन्त सुशोभित थियो राजा वीरसेनले पर्वतसमान धान्य राशी ब्राम्हणहरूलाई दान दिनुभयो । गाई दान, सुवर्ण दान, बस्त्र दान धेरै अरु वस्तुहरू पनि दान दिनुभयो ।

धर्मपूर्वक प्रजा पालना गरेर राज्य गर्नुहुन्थ्यो । त्यसै शरदका एक भद्रक नाम गरेका ब्राम्हण हिनकुलमा जन्म भएका मूर्ख, अपडित, कृषि कर्म गर्ने गर्थे । तिनको आचार विचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रष्ट थियो, सम्पूर्ण धर्मबाट बहिष्कृत थिए, कृषि कर्ममा मात्र व्यस्त थिए, तिनको नराम्रो नीतिले गर्दा बन्धु बान्धवहरूले निकालाबास गरी दिए । त्यसपछि ती भद्रक ब्राम्हण यत्रतत्र भोकभोकै हिँडडुल गर्दथे । कुनै एक दिन ज्योतिषीसँग भेट भएर ज्योतिषीको साथ लागि तीर्थराज प्रयाग गएर अरुहरूको संसर्गमा तीन दिन माघमासमा तीर्थराज प्रयाग स्नान गरे । त्यस्ता पापी ती ब्राम्हण स्नान गर्नाले मात्र सम्पूर्ण पाप नष्ट भई फिर्ता भए । केही कालपछि ती भद्रक ब्राम्हण र विरसेन राजाको देहावसान भयो र स्वर्गलोक ती दुवै जाँदा भए स्वर्गलोकमा ती वीरसेन राजालाई र ती कुकर्मी भद्रक ब्राम्हणलाई स्वर्गको सुख भोग बराबर मिल्दो भयो ।

लोमश ऋषि आज्ञा गर्नुहुन्छ, हे वेदनिधी ब्राम्हण मैले त्यो सबै देखे स्वरूप तेजस्वी बराबरको भयो । बल पत्नी विमान वस्त्र आभूषण सरसमान कल्पवृक्ष पारिजात पुष्पमाला अरू नाचगान गर्ने जो जति हो वीरसेन राजालाई र ती भ्रदक ब्राम्हणलाई बराबर स्वर्गमा उपलब्ध भयो भने प्रयाग स्नान महिमा कसरी वर्णन गर्न सकिन्छ ।

राजसूय यज्ञ अश्वमेघ यज्ञको पुण्यफल र तीन दिन प्रयाग स्नान गरेको फल बराबर देखियो । जहाँ निलश्वेतजल मिश्रित गङ्गा यमुना संगम त्यसको प्रमाण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीन सय धनु अर्थात् बाह सय हातभित्र स्नान डुबुल्की गर्नाले मनुष्य अपुनःर्भव हुन्छन् तर राजसूय यज्ञ गर्नेहरू पुनःर्भव हुन्छन् । गङ्गा यमुना संगम तीर्थराज प्रयागको जलस्पर्श गरेर बहेर आएको वायुले शरीरलाई स्पर्श गरेपनि पापहरू र महापातकलाई समेत नाश गर्छ । धेरै यस्तो पुण्यदायक पापनाशक भनेर कति बयान गरुँ । जति जहाँ भएका पापहरू तीर्थराज प्रयाग स्नानले निर्मूल हुन्छन् । लोमश ऋषि आज्ञा गर्नुहुन्छ, हे वेदनिधी ब्राम्हण हे ब्रम्हचारी ब्राम्हण पुत्र हे अप्सरा गन्धर्व कन्या यसै विषयमा म पिशाच विमोचिनी पुरानो इतिहास कथा बताउँछु सावधानपूवर्क सुनः मेरो कृपाले तिमीहरूको पूर्वको स्मृति भई पैशाचत्त्वबाट छुटकारा पाउनेछौ । पूर्वकालमा देवद्यूति नाम गरेका वैष्णव ब्राम्हण वेदवेदान्तमा निपुण हुनुहुन्थ्यो । उहाँले करुणा राखेर पिशाचलाई छुटाउनुभयो । सोही कथा इतिहास सुनः

इति श्रीपद्मपुराणे माघमासमहात्मे उत्तरखण्डे वशिष्ठ दिलीप सम्वादे ज्ञानसागरेसप्त दशोऽध्याय ॥

१७॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥

हरि ॐ तत्सत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अष्टादशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज यस्ता प्रकारले लोमश ऋषिले पिशाचमोचनी इतिहास कथा सुन भनेपछि वेदनिधी ब्राम्हण लोमश ऋषिलाई बिन्ती चढाउनु हुन्छ ।। हे गुरु ती महामुनी देवद्यूति नाम गरेका ब्राम्हणको ब्राम्हणका पुत्र हुन् । कुन जग्गा तीर्थमा वाहाँको आश्रम निवास थियो । कस्तो नियममा रहनु हुन्थ्यो, कुन देवता भगवान्को जपतप आराधना गर्नुहुन्थ्यो, उहाँ कसरी वैष्णव हुनुभयो, पिशाचलाई कसरी उद्धार गर्नुभयो ।

हे ऋषिश्वर यो ठूलो पुण्यदायक इतिहास कथा विस्तारपूर्वक हामीहरूलाई हर्ष, उल्लास र पिशाचहरूको मोक्षको लागि कृपा राखी बताई बक्सियोस् भनेर वेदनिधि ब्राम्हणले बिन्ती चढाउनु भएपछि लोमश ऋषि आज्ञा गर्नुहुन्छ, हे वेदनिधी ब्राम्हण सुन्नुहोस्, पल्क्षश्रवण नाम गरेको सरस्वती नदीको किनार तट काख, पहाडको फेदी, शुभ पत्रिव स्थलमा उहाँको आश्रम थियो । त्यसै आश्रम पर्वतमा धेरै थरिथरिका वृक्ष फल फूलहरू थिए ।

साल, ताल, तमाल, बेल, बकुल, पाटल, तित्तिरि, बिल्व, चाँप, करंज, केविदार, केस, कुंजर, तिलक, कर्णिकार, कुंभ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खयर, तिदु, पंनिर, साल्व, जामुना, डुम्री, बेत, साखोट, रटरूप, करहाट, वटवृक्ष, कटुश, पनस, अशोक, शोकहरक, जामुना, निप, कदम, दुधिया, करमर्दन, विजोरा, नारंगी, पनम, नारीकेला इत्यादि वृक्ष, फल, रस, भरिपूर्ण भएका थिए एवं पुष्पहरू सतपत्रिका, त्रिपत्रिका, अमला, वयर, लकुवर, परिभद्र, केतकी, शिशुमार, कटहर, कुन्द, मल्लिका, कमलनाल, कमल, फुंदार, मालती, यूथिका, भोगर, जाति, पुन्नाग, नाग, किशुक, बाबरी, तुलसी पुष्पहरू र धेरैथरीका फल वृक्षहरूले भरिपूर्ण भएर त्यो आश्रम वन विराजमान थियो ।। त्यस वन पहाड फेदीबाट पवित्र स्वच्छ जल बाहिनी सरस्वती नदी बहथिइन् । त्यस वनआश्रममा सारस, कोइली, सुगा, मैनाचरी आदि गरिएका पंक्षीहरूले आ-आफ्नो स्वरले गाउने नाच्ने गर्दामा त्यो वन आश्रम गुञ्जायमान हुन्थ्यो ।। एवं भमराहरू फल पुष्पको रस लिन आई भुँ भुँ शब्द गर्दा मानु ब्राम्हणहरूले वेदपाठ गरेको समान भान पर्दथ्यो तथा अन्य जनावरहरू पनि त्यस वनमा आहार विहार गरी आ-आफ्नो शब्दले गर्जना गर्दथे ।। त्यस वन आश्रममा ६ ऋतु बाह्रै महिनामा हुने फल पुष्पले भरिपूर्ण थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलपुष्पको गन्ध लिएर मन्दमन्द वायु सर्वत्र फैलिएर बहन्थ्यो सर्वत्र वन आश्रम शितल छायाँ छहारीले ढाकिएको थियो । फलपुष्पको नयाँ कोमल पल्लभले गर्दा अत्यन्त राम्रो शोभा देखिन्थ्यो ।। वृक्षहरूमा लताहरूले लपेटेर फेदिमा झाँडी गुफा समान बनेको थियो । त्यस वन आश्रममा ऋषिदेखि भयभित भई वायु पनि मन्द मन्द गतिले मात्र बहन्थे । मेघले पनि यथायोग्य वर्षा गर्थे, दुङ्गा वर्षा गर्दैन थिए । सूर्यले पनि आफ्नो ताप मतापले मात्र फैलाउने गर्थे, त्यस वन आश्रममा उपद्रव कहिले पनि हुँदैन थियो ।। सदाकाल सिद्धहरू निवास गर्ने गर्थे दोश्रो चैत्ररथ वन समान थियो । त्यसै वन आश्रममा सुमित्र नाम ब्राम्हणका सुपुत्र योगी देवद्यूति नाम ब्राम्हण धर्मात्मा भगवान् विष्णुदेखि वर पाएर त्यही वनमा आश्रम गरेर रहनुभएको थियो । उहाँ ठूलो तपस्याको नियममा रहनुहुन्थ्यो ।। लोमश ऋषि बताउनुहुन्छ-

हे ब्राम्हण सुन भन्दछु, म अहिले तिन्को नियम हो जति
ग्रिष्मै ऋतु महा चारै तरफमा बालेर अग्नी अति

माझमा आसन बाँधी सूर्य तिरमा दृष्टि लगाइकन
पञ्चाग्नी कन तापि ध्यान गरथे एकाग्र भै चित्तमा

Prof. Madhav Prasad Varmchhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष कालमहाँ विना छपरमा मैदानमा बस्दथे ।
मेघले वर्षा जति गर्‍यो उति सबै आनन्द भै खप्दथे ।

वायु चल्न गएपछि ती ऋषिजी छाडेर बस्त्र सबै
हिमाल पर्वतकै सरी अचल भै ध्यान गर्दथे मग्न भै

हेमन्त ऋतुमा पसेर नदीमा घाटी समै जल भरी
ध्यान गर्थे दिन् दिन् त्रिकाल जलमा भक्ति प्रभुमा धरी

सारा इन्द्रियहेरू थे वशमाहा वाक्यै सधैं सत्य थे
देवर्षी पितृहेरुको दिन दिनै तर्पणपूजा गर्दथे

पूजा श्री हरिको सकेर भूमिमा विश्राम एक क्षण गरी
अहोरात्र सधैं न्यतित् गरदथे । भक्ति प्रभुमा धरी

लोशम ऋषि आज्ञा गर्नुहुन्छ, हे वेदनिधी ब्राम्हण यस्ता प्रकारले भगवान् विष्णुको ध्यानमा रहेर वनका कन्दमूल फलफूल बोटबाट स्वयं पाकेर झरेको ल्याएर अग्नीहोत्र श्रद्धा अतिथी सेवा सत्कार गर्नुहुन्थ्यो ।। वेदवेदान्तमा निपुण हुनुहुन्थ्यो । मनमा केही उद्वेग अर्थात् चिन्ता चाहना थिएन तपस्यामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्ठ भई रहनुहुन्थ्यो । यसरी तपस्या गर्दा गर्दा उहाँको शरीर जर्जर भई केवल हाड र छाला मात्र रह्यो ।।

ठूलो नियममा बसेर तपस्या गर्दा एक हजार वर्ष बित्न गयो । ऋषिको तपस्या तेजको प्रभावले गर्दा त्यो शैल पहाड



(भगवान हरिले देवद्यूति ऋषिलाई दर्शन दिनुभई बरदान दिएको)

ज्वल ज्वालाकार प्रकाश देखिन लाग्यो ।। ती देवद्यूति ऋषिको तेजलाई रोक्न कुनै प्राणीहरूको पनि शक्ति थिएन । ती ऋषि तपस्याले गर्दा बलेको अग्नी समान प्रकाश देखिनुहुन्थ्यो ।। त्यो वन पहाडमा रहने सम्पूर्ण प्राणीहरूमा कसैको कसैसित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि वैर, शत्रूता भएन ।। बाघ र मृगसँगसँगै बस्ने खेल्ने गर्दथे । त्यस्तै मूसा बिरलासँगसँगै बस्ने, खेल्ने गर्थे । अरु पशुपंक्षीहरूमा पनि सबैमा मित्रता थियो ।। ऋषिजी कठोर नियम गर्नुहुन्थ्यो । सदा दिनदिन भगवान्, नारायाणलाई सुगन्धी हजार पुष्प ल्याएर वेदका मन्त्र ऋचा पढेर भक्तिपूर्वक त्रिकाल पूजार्चना गर्नुहुन्थ्यो । जति जति कर्म गरे पनि भगवान् नारायाण प्रशन्न हुनुहोस् भनेर समर्पण गर्नुहुन्थ्यो । दधीचि ऋषिको वरदान पाएर वैष्णमा उत्तम हुनुभएको हो ।।

कुनै एक दिन वैशाखमासको एकादशीको दिन हर्षपूर्वक हरि भगवान्को पूजा गरेर विचित्र स्तुती गर्नु भयो । ती ऋषिको स्तुतिले प्रशन्न भएर वैकुण्ठ नाथ भगवान् हरि गडुर मासवारी भई ऋषिको अगाडि पाल्नुभयो । गडुरमाथि सवार हुन भएको मेघको समान निल श्याम वर्ण हुनुभएका, चार बाहुमा शंख चक्र गदा पद्म, लिनु भएका, वनमाला आभुषणले विभुषित हुनु भएका, लामा लामा नयन हुनुभएका यस्ता श्री हरि भगवान्लाई आफ्नो अगाडि दर्शन पाएर ऋषि हर्षले गद्गद् भई रोमाञ्चित भई हर्षाश्रुले भरिएर शीर भूमि उपर राखी प्रणाम गर्नुभयो ।।

देवद्यूति ऋषि यस्तो अवस्थामा परिणत हुनुभयो कि यो ब्रम्हाण्डमा त्यति हर्ष आउने वस्तु अरु कुनै पनि भएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो देहको केही ख्याल रहने ब्रम्हमा नै तत्लिन हुनुभयो । त्यसपछि भगवान् हरिले प्रेमपूर्वकले ती वैष्णव ऋषिलाई भन्नुभयो, हे देवद्यूति मेरो परमभक्त तिमीलाई जान्दछु । तिमी मैमा निरन्तर आश्रय लिएर रहेका हौ । हे ऋषिश्वर तिमीले सम्पूर्ण कर्महरू त्यागेर मैमा समर्पित भएर लागेका तिम्रो यो स्तोत्र पाठले म प्रशन्न भए ।

हे निष्पाप ऋषिश्वर वर माग भनेर भगवान्ले आज्ञा गरेपछि ऋषि बिन्ती चढाउनुहुन्छ ।। हे देव, देव हे अरविन्दाक्ष आफ्नो मायाले गरि देह धारण गर्ने भएका हे प्रभो हजुरको दर्शन पाउनुभन्दा अर्को ठूलो वर म केही पनि देख्दिन् । ब्रम्हादि सम्पूर्ण देवताहरू र सनकादि योगीहरू एवं कपिल आदि गरेका सिद्धमहात्माहरू पनि प्रभुको दर्शन गर्न इच्छा राख्दछन् ।। हे प्रभो अहं मम भन्ने जती लोभ, मोह हुन् ती सबै प्रभुको दर्शनले जरो किलो भई निर्मूल हुन्छन् ।

हे जगन्नाथ मैले जन्म लिएको, कर्म गरेको बुद्धिले जो हुनुपर्ने पाउन पर्ने फल हो, त्यो फल प्रभु नै होइबक्सिन्छ । यस्ता प्रभुको दर्शन पाएपछि मलाई अब अरु इच्छा बाँकी छैन ।। हे देवदेवेश, हे प्रभो हजुरको पाऊ कमलको हृदय अन्तरआत्मामा भक्ति गर्न पाऊँ । म यही वरदान माग्दछु । अरु कुनै विषयादी सुख चाहिँदैन भनेर देवद्यूति ऋषिले वर माग्नु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि भगवान् हरि प्रशन्न भई आज्ञा गर्नुहुन्छ ।। हे ब्राम्हणदेव जो तपाईंले माग्नु भएको वरदान तथास्तु होस् तपाईलाई तपस्या जप पूजादिमा कुनै बाधा पर्नेछैन । फेरि जो यो तपाईले स्तुति गर्नु भएको स्त्रोत्र जो जनहरुले पढ्दछन्, पाठ गर्दछन्, सुन्दछन्, सुनाउँदछन्, ती जनहरुलाई मेरो निश्चल भक्ति हुनेछ, गरेको धर्मकर्म अङ्गन्यास जति हो सफल हुनेछ, हृदयमा अचल भक्ति ज्ञान रहनेछ भनेर यस्तो वरदान दिएर त्यहाँबाट श्री हरि भगवान् गडुरमा सवार भई बैकुण्ठ धाम पाल्नुभयो । त्यसपछि देवद्यूति ऋषि नारायाणमा परायण भइरहँदा भए ।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सवांदे देवद्यूति वर प्रदानं नामाष्टदशोऽध्याय ॥ १८॥६॥६॥

अथ एकोन विंशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ । हे महाराज दिलीप लोमश ऋषिदेखि देवद्यूति ऋषिले हरि भगवान्लाई स्त्रोत्रले स्तुति गरेर वरदान पाउनुभयो भन्ने कथा सुनेर वेदनिधी ब्राम्हण लोमश ऋषिलाई यो प्रश्न बिन्ती गर्नुहुन्छ ।। हे महर्षि हे गुरु हजुरले कृपा राखेर भगवान विष्णुको पवित्र कथा सुनाएर मलाई गङ्गा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जल समान स्वच्छ गराउनुभयो । हे गुरु ती निष्पाप भएका देवद्यूति ऋषिले कुन स्त्रोत्र स्तुतीले भगावन् विष्णु प्रशन्न हुनुभएको हो । गुरुको कृपा भए सो स्त्रोत्र स्तुती सुन्न पाए मनोरथ पूर्ण हुने थियो भनेर वेदनिधी ब्राम्हणले बिन्ती चढाएपछि लोमश ऋषि आज्ञा गर्नुहुन्छ ।

हे वेदनिधी ब्राम्हण यो स्त्रोत्र मैले भगवान् विष्णुको वाहन गडुरबाट सुनेको थिए । यो स्त्रोत्र अध्यात्मज्ञान गर्भ सार छ सर्वपाप नाश गर्ने स्त्रोत्रको शक्ति छ । यसबाट अध्यात्मज्ञान मिल्छ । देवद्यूति ऋषि स्तुती गर्नुहुन्छ ।। ॐ नमो भगवते वासुदेवाय नमो विष्वाय चक्रिणे ।।

यो संसार जागत् स्वरूप भएका सम्पूर्ण चर अचर प्राणीहरूमा व्याप्त भइरहेका सुदर्शन चक्र शारङ्ग धनु धारण गर्ने भएका भक्तजनहरूको प्रिय भएका जगत् स्वामी भगवान वासुदेवमा मेरो नमस्कार प्रणाम छ ।। स्तुती गर्नेले योग्य स्तुती गर्दा यो सम्पूर्ण जगत् विष्णु स्वरूप छ । यसकारण मनुष्यहरूले कसरी कसको स्तुतीले आनन्द दिने भक्ति प्राप्त हुन्छ ।। भगवान्को स्वासबाट साङ्गसूत्रसहित वेद उत्पत्ति भए त्यस्ता भगवान्को कुन स्तुतीले प्रशन्न गराउन सकौंला केवल भक्ति मात्रमा भरभरोसा छु ।। हे प्रभु हे चक्रपाणे प्रभुमा यो तीनलोक चौध भुवन चक्र घुमेझैं गरी घुम्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अर्थले प्रभुलाई चक्रपाणी भनि कविहरू भन्दछन् । यसकारण प्रभुको लिला महात्मा ऋषि महर्षिहरूले गाउँदछन् ।। जो परात्मा प्रभुलाई वेदले पनि जान्न सक्तैनन् । वचनले पनि भन्न सक्तैनन् मनले पनि चिताउनै सक्तैन भने म जस्तो क्षुद्रवुद्धि भएकोले कसरी स्तुती गर्न सकुँ, कसरी भक्ति गर्न सकुँ ।। हे विभो, ब्रम्हा, विष्णु, महेश्वर स्वरूप हजुर नै हुनुहुन्छ । प्रभुमा नै सम्पूर्ण ब्रम्हादिदेखि स्थावर पर्यन्त आश्रय लिई अडिक भइरहेको छ । ब्रम्हा आदि उत्पत्ति गराउने शुद्ध परब्रम्ह प्रभु नै होइबक्सिन्छ ।

हे विभो प्रभुको यो शरीर के कस्तो हो, यसबाट स्फुट भई शरीरादिमा स्पर्श गर्छ तर शरीरादि दोषले बध्व हुनुहुन्न । यस्ता योगेश्वर प्रभु परमात्मामा मेरो नमस्कार ।। हे विष्णो देवस्वरूपले यो संसारलाई जागृत पार्नु हुन्छ । आत्मस्वरूपले निद्रा हटाउनुहुन्छ । जो सुख सन्तोष दिने बुद्धि हो सो प्रभु नै हुनुहुन्छ । हे नाथ अनाथका नाथ प्रभु महत्त्वादि गरिएका जति पंचमहाभुत इन्द्रियादि चौबीस तत्त्व हो ती सबै प्रभु नै हुनुहुन्छ । अरु यो मूढताले मात्र कल्पना गरेको हो । हे भगवान् ॐकारले तीन प्रकार सत्व, रज, तम, गुण सृजना गरी यसबाट धेरै थरिथरि नामाकरण भएको प्रभु स्वयं हुनुहुन्छ । जस्तै पिताले पुत्रादिहरूको नामाकरण गरेको भैं ।। हे प्रभो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चैतन्य स्वरूप हजुरबाट यो सम्पूर्ण जगत्लाई दोषरहित, गुणरहित, शुद्ध निर्माण गर्नुभएको भनेर कवि विद्वान्हरुले प्रकाशित गरेका छन् ।

यो संसारको रचना गर्ने चिन्मूर्ति निर्मल विष्णु स्वरूप भगावानलाई नमस्कार प्रमाण गर्दछु ।। जसबाट चैतन्य स्वरूप ज्ञान पाएर मनुष्यहरू वेदले बताएको कर्म गर्दछ ।। यो संसारभित्र गुप्त अवस्थित रहेका शुद्ध परब्रम्हलाई नमस्कार प्रणाम गर्दछु ।। यो संसार नष्ट भएपछि चैतन्य स्वरूप प्रभुको वेदहरुले जागृतको लागि उपाशना गर्दछन् । सम्पूर्ण प्राणीहरूमा चैतन्य दिने भएका सत्य स्वरूप भगवान् हरिलाई नमस्कार प्रणाम गर्दछु, जोद्वारा ब्रम्हा उत्पत्ति हुनुभयो र प्रभुको मायाले गर्दा मै ब्रम्ह हुँ भन्ने घमण्ड भयो । यस्ता मायावी माधव भगवान्लाई नमस्कार प्रमाण गर्दछु ।। हे भगवान् प्रभुको मायाले गर्दा मनुष्यहरूको विचित्र अहं भन्ने अज्ञानको जड पापलाई नाश गर्ने यस्ता भगवान चिदात्मनी स्वरूपलाई नमस्कार प्रणाम गर्दछु ।। अन्त्य अवस्थामा वा सामान्य अवस्थामा जुनसुकै अवस्थामा भए पनि प्रभुको नाम स्मरण भजन किर्तन गर्नाले मनुष्यहरूको पाप राशी विनाश भइजान्छन् । यस्ता पापहरूबाट छुटाउने भगवान् चिदात्मक स्वरूपलाई नमस्कार प्रमाण गर्दछु ।। संसारका मनुष्यहरूको ठूलो तृष्णा लोभ, मोह रूपी ज्वालालाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वायुले प्रेरित गरेर सखाप भएको पनि प्रभुको चरण कमलको छहारीमा आश्रित लिए ।

त्यो डढेलोबाट छुटकारा हुन्छ जो भगवान्को सम्झना गर्नाले शोक, मोह, रोग दुर्गती हुँदैन । यस्ता परमात्मा परमेश्वर अनन्ततलाई नमस्कार प्रणाम गर्दछु ।। जसलाई इन्द्रियदेखि उत्पत्ति हुने तृष्णा, लोभ, मोह आदिको चाहना हुँदैन, जो संसारका प्राणीहरूमा आत्मभाव राख्दछ । त्यस्ता जनहरू आत्मज्ञानी मानिन्छन् । जो जनहरू भगवान्मा तत्पर भई प्रभुको महिना सुन्नमा जान्नमा अनुरक्त हुन्छन् । त्यस्ता सत्य जनहरूलाई संसारका विषयादिले बाध्य पार्न कहिले पनि सक्तैन ।।

वेदले मानिएको जो नारायाण स्वरूप भगवान् हो । जसले यो चराचरा जगत्लाई व्याप्त पारेको छ । त्यस्ता सत्य स्वरूपले मेरो विष्णुमा भक्ति निर्वघ्नता पूर्वक गराउन् ।। जो भगावन् हो उहाँलाई केही विजनबाट उत्पत्ति गराइएको होइन । यो संसारको विजस्वरूप उहाँ नै होइबक्सिन्छ । यस्ता विजस्वरूप भगवान् विष्णुले मेरो अज्ञान संसारको बन्धनलाई विद्यारूपी खड्गले काटुन् ।। जो भगवान् नटकी समान भई ब्रम्हा, विष्णु महेश्वर स्वरूप भई सत्व, रज, तम, गुण विभाग गरी सृष्टि स्थिति संहार गर्ने भएका हरि भगवान् मेरा उपरमा प्रशन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहोस् ।। देवतादिहरूले प्रार्थना गर्दा धर्मको रक्षा गर्नका निमित्त दश अवतार मत्स्य, कच्छ, वराह, नारसिंह, वामन, पर्शुराम, रामचन्द्र, कृष्ण, बौद्ध, कल्की अवतार भई धर्म पालन गर्ने भएका यस्ता भगवान् हरि मेरा उपमा प्रशन्न हुनुहोस् । सोही भगवान हरि पहिले एक हुनुहुन्थ्यो ।

धेरै हुँ भन्ने इच्छा हुँदा प्रकृतिको मायाजाल फिजाएर देव मनुष्य पशुपंक्षी तिर्यक्स्थावर वृक्षलता पतादि सारा सृष्टि गरी भगवान् परमात्मा जिवात्मा भई प्रवेश गरेर यो सारा चराचर जगत् सृष्टि गर्ने भगवान् मेरा उपरमा प्रशन्न हुनुहोस् ।। हृदयमा आकाश समान शून्य अदृष्य भई विहार गर्ने भएका आकाश समान फैलिएका तर शून्य अदृष्य स्वरूप भएका परापूर्वककालमा आकाश समान उदार स्वरूप भएका जति जति कर्म हुन्छन् ती सबै आकाश समान भई व्यतित भएका आकाश समान क्रियाकलाप भएका आकाश समान शून्य उदार स्वरूप भएका आकाशकै समान शून्य स्वरूपले यज्ञको भोक्ता भएका यस्ता खंब्रम्ह वेदस्वरूपी भगवान् मेरो उपरमा प्रशन्न हुनुहोस् ।। जो भगवान्को आभास प्रकासले गरी यो सारा जगत् मोहित भई मनुष्यहरू मूर्ख बनी असत्य बन्छ । यस्तो प्रपञ्च मायाजाल फिजाउने भगवान् परमेश्वर मेरा उपरमा प्रशन्न हुनुहोस् ।। हे प्रभो हजुरले सृष्टि गरेको यो संसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनन्ददायी हर्षित बन्दछ । हजुरले छाडेमा असँची बन्छ । यस न्यवहारमा प्रभु संलग्न हुनुहुन्छ तापनि आसक्त हुनुहुन्न । तसर्थ प्रभु निर्विकार हुनुहुन्छ ।। पंचमहाभुतको संयोगले यो चैतन्य जीवन उत्पत्ति भएको हो भनेर मान्ने जनहरू पनि आदि स्वरूप प्रभुलाई उपाशना गर्दछन् ।

बुद्धिले स्वयं चिन्तन विमर्श गरेर यस्तो तर्क गर्दछन् कि यो संसार जीवात्मा क्षणमा नै नाशवान् छ भन्दछ्न ।। देवताहरू यो ब्रहमाण्डलाई प्रभुको विराट शरीर हो भन्ने परिमाण गरी उपाशना गर्दछन् । सांख्याचार्यहरूले प्रकृतिदेखि पर रहेको परमात्मा पुरुष भनेर उपाशना ध्यान गर्दछन् । जो पूर्वज उपनिषद्वादी ऋषि महर्षिहरूले जन्मादि रहित आनन्द स्वरूप उपनिषद् ब्रम्ह भनेर परस्परमा ध्यान चिन्तन गर्दछन् । पृथ्वी, अप, तेज, वायु, आकाश यी पंचमहाभूत देह मन बुद्धि दश इन्द्रियहरू विद्या अविद्या यी आदि गरिएका प्रभु नै हुनुहुन्छ ।

प्रभु बाहेक अरु कुनै वस्तु छैन ।। हे प्रभो सम्पूर्ण प्राणीहरूको विधाता हजुर नै हुनुहुन्छ । अग्नी स्वरूप पनि प्रभु नै हुनुहुन्छ एवं हवि, होता, मन्त्र, कर्म, फल प्रभु नै हुनुहुन्छ । मेरो शरण लिने प्रभु परमात्मा मात्र हो ।। हे बैकुण्ठनाथ कर्मको फल दिने हजुर नै हुनुहुन्छ । दीक्षाको फल दिने पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजुर नै हुनुहन्छ । प्रभु बाहेक मेरो शरण लिने अरु कोही पनि छैन ।। प्रभुको शरणमा आएको छु । सम्पूर्ण भूत प्राणीको फल दिने कारण भएका प्रभु परमात्मा मैले शरण लिएको छु । जस्तै युवतीहरूको युवा, युवाहरूको युवतीमा विश्वास हुन्छ । त्यस्तै प्रभुमा म आत्मसमर्पण गर्दछु ।

हे प्रभो युवा युवतीहरूको समान प्रभुमा मेरो भक्ति प्रेम रहोस् । यदि पापी, दुराचारी भएता पनि प्रभुलाई नमस्कार प्रणाम गर्दछ भने त्यसलाई यमराजको दूतहरूले देख्न सक्तैनन् । जस्तै लाटो कोसेरोले सूर्यलाई देख्न सक्तैन । त्यस्तै यमदूतहरूले देख्न सक्तैनन् ।। हे नाथ संसारमा मुनष्यहरूलाई अध्यात्म आदि दैविक आदि भौतिक तीनतापले पीडित भएका छन् तिनीहरू कहाँ सम्म पीडित हुन्छन् भने जहाँसम्म प्रभुको चरण कमलमा भक्तिपूर्वक सम्झना गर्दैनन् । त्यहाँसम्म पीडित भई संसारमा घुम्दछन् ।।

जसलाई गुण, कर्म, धर्महरूले दश इन्द्रियै ले पनि
देख्न सुन्न र जान्नलाई प्रभुको सक्तैन कैल्यै पनि

सारा सङ्गहरू त्यजेर हरिको भक्ति सदा गर्छ जो
त्यस्ता योगी महात्मा जान्दछन् प्रभु मेरो नमस्कार यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो यो विश्व प्रपंच स्थूल् स्वरूपको निर्माण कर्ता भई
आफै नै त्यसमा प्रवेश गरीली सृष्टि गरे जुन्धरी

त्यस्ता श्री हरिलाई जो ऋषि मुनि सेवा सदा गर्दछन्
सोही श्री भगवान् हरि चरणमा मेरो नमस्कार प्रणाम

जसले इन्द्रिय वश् गरेर हरिको ध्यान गर्दछन् चित्तमा
सारा वैभव लक्ष्मी प्राप्त हुन् गै आनन्द भोग्छन् यहाँ

आखिर मुक्ति पनि हुनेछ तिनको संसार देखि तरी
बारम्बार प्रणाम गर्छु महिले त्रैलोकनाथ हरि

जस्मा दृढ भए ध्यान गरदछन् एकाग्र भै चित्तमा
संसारका जति काम क्रोधहरूले गर्दैन बाधा यहाँ

आत्मा शान्ति भएर जान्छ तिनको भक्ति प्रभुमा बढी
साक्षत् श्री वासुदेवको चरणमा गर्छु प्रणाम शिरधरी

जसको संगत ध्यानले गरी लिए अज्ञानको जड् सबै
सारा नष्ट भएर जान्छ दिन दिन् पर्दैन चिन्ता कवै

ध्यानैले गरि यो जगत् पनि सबै देख्नेछ नाशवानको
ध्यानैको तरबारले गरी सबै नाश गर्दछन् शत्रूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारका सब प्राणीहेरू बीचमा चैतन्य भै बस्छ जो
सारा दुःख विनाश पार्छ जसले त्यसलाई नमस्कार यो ।

यो चराचर संसारका सम्पूर्ण प्राणीहरूको गति जो भगवान् हरिदेखि चल्दछ । त्यस्ता सत्य स्वरूप भगवान् जहाँ रहनुभएको छ । मेरो अगाडी आएर दर्शन दिनुहोस् ।। जो परमात्मा परमेश्वर भगवान् नारायाण सर्वत्र स्थावर जङ्गम चल अचल जीव प्राणीहरूमा व्याप्त भईरहनु भएको हुनुहुन्छ ।

सो सत्य सर्वत्र व्यापक भगवान् केशवले मलाई दर्शन दिनुहोस् ।। यदि मेरो भगवान् हरिमा र गुरुमा सत्यभक्ति छ भने भगवान् केशवले मलाई दर्शन दिनुहोस् ।। यस्ता प्रकारले देवद्यूति ब्राम्हणले सपथ खाएर योगसार स्त्रोत्रले स्तुति गर्नुभएपछि भगवान् पुराणपुरुषोत्तम प्रशन्न भई दर्शन दिनुभई वरदान दिएर ब्राम्हणको इच्छा पूर्ण गराई लक्ष्मी कान्त हरि भगवान् बैकुण्ठ सवार भईजानुभयो । देवद्यूति ब्राम्हण पनि कृत कृत्य आत्मपूर्ण भई भगवानमा परायण भएर शिष्यहरूले सहित भई त्यसै तपोवन आश्रममा रहनुभयो ।।

जो मनुष्यले यो योगसार स्त्रोत्र पढ्दछ अथवा सुन्दछ भने अंश्वमेघ यज्ञ गरेको पुण्यफल मिल्दछ । ब्राम्हणहरूले पढेसुनेमा आत्मविद्यामा निपुण हुन जान्छ, कहिले पनि बुद्धिले पापकर्ममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दैन । अशुभ, अमूल देख्न बेहोर्न पर्दैन ।। यो स्त्रोत्र पाठ गर्नाले मनुष्यको बुद्धि स्वच्छ, मन स्वच्छ सम्पूर्ण इन्द्रियहरू स्वच्छ हुन्छन् । भक्ति श्रद्धाले अर्थसहित विचार गरेर जसले पढ्दछ, त्यसको सबै पापहरू नाश भई बैकुण्ठ लोक प्राप्ति हुन्छ ।। दिन दिन पाठ गर्नाले मनोरथ पूर्ण हुन्छ छोरा, नाति, पशु, धन, सम्पत्ति, दीर्घायु, बल, पराक्रम प्राप्त हुन्छ ।

हजार तिलपात्र, हजार गाई, दान गरेको पुण्यफल जति हुन्छ । त्यति पुण्यफल यो स्तोत्र पाठ गर्नाले मिल्छ ।। धर्म, अर्थ, काम, मोक्ष जे को कामना राखेर यो स्तोत्र पाठ गर्नाले थोरै समयमा नै अवश्य फल मिल्छ । यो स्तोत्र सुनेमा आचार, विनय, धर्म, ज्ञान, तपस्या, नीतिहरूमा मनुष्यको बुद्धि स्थिर हुन्छ । महापातकी भए पनि अथवा उपपातकी भएपनि यो स्तोत्र पाठ गर्नाले शुद्ध हुन्छ ।। बुद्धि, लक्ष्मी, पशु, कीर्ति, ज्ञान, धर्म बढ्नेछ । अरिष्ठ ग्रहहरूको बाधा शान्ति हुनेछ ।

सम्पूर्ण अशुभ अमूल विनाश हुनेछन् ।। सर्वन्याधिहरू हट्नेछन् । अरिष्ठ संकटकालबाट पारहुनेछ विशेष गरेर ब्राम्हणहरूले पढ्न आवश्यक छ ।। नक्षत्रको पीडा, ग्रह दशाको पीडा, राजभय, चोरभय, जलभय, वायु भय यी भयहरूबाट यो स्तोत्र पाठ गर्नाले तत्काल मुक्त हुनेछ ।। एवं सिंह व्याघ्र, भूत,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेत, पिशाच, राक्षस, डाङकिनी, सांकिनी, पूतना, जुंभक यी विघ्नकर्ताहरूको यो स्तोत्र पाठ गर्नाले भय हुँदैन ।

भगवान् वासुदेवको पूजामा यो स्तोत्र पाठ गर्नाले पापले युक्त छता पनि कमलको पातलाई जलले नभिजाए झैं पापले भिजाउन सक्दैन ।। पुण्य गंगा तीर्थहरूमा स्नान गर्नाले जो पुण्यगति मिल्छ । त्यो पुण्यफल यो स्तोत्र पाठ गर्नाले मिल्छ ।। दिनमा एकपटक दुईपटक तीनपटक जो जसले पाठ गर्दछन् । तिनीहरूलाई अक्षरय सुख सम्पत्ति हुन्छ ।। चार वेद त्रिआवृत्ति पाठ गर्नाले जो पुण्यफल मिल्छ । त्यो पुण्यफल एककाल पाठ गर्नाले मिल्छ भक्ति श्रद्धापूर्वक पाठ गर्नाले अक्षरय धन प्राप्त हुन्छ । स्त्रीको प्यारो हुन्छ, लोकले पुज्ने मान्ने हुन्छ, नित्यपाठ गर्नाले सम्पूर्ण वैभवले परिपूर्ण हुन्छ । आपत्ति विपत्ति कहिले पनि पर्दैन, इन्द्रियहरूले कुमार्गमा लान सक्तैनन्, अलक्ष्मी कालकर्णी, दुस्वन, कुतर्क, कुबुद्धिहरू तत्कालमा नै नाश भई जान्छन् ।।

भगवान् विष्णुमा परायण भई प्रातः कालमा उठेर पवित्र भएर यो स्तोत्र पाठ गर्नाले यस लोकमा र परलोकमा पनि अक्षरय सुख प्राप्त हुन्छ । यो स्तोत्र पाठ देवद्यूति ब्राम्हणले गर्नुभएको विष्णु भगवान् प्रशन्न हुनुभएर दर्शन दिनुभई वरदान दिएको योगसार नाम स्तोत्र परंपवित्र छ, जो मनुष्यहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिपूर्वक निरन्तर पाठ गर्दछन् भने ती जनहरू सरारसी बैकुण्ठ लोकमा जान्छन् । वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज मैले तपाईलाई यो योगसार स्तोत्र परंगुह्य पवित्र पापलाई नाश गर्ने भएको बताएँ । अब उप्रान्त पिशाच विमोचिनी कथा बताउनेछु ।।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादें योगसार स्तोत्र कथनं नामैकोन विंशोध्याय ॥ १९

अर्थ विंशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज यस्ता प्रकारले लोमश ऋषिले वेदनिधी ब्राम्हणलाई बताएर भन्नुहुन्छ हे वेदनिधी ब्राम्हण अब म पिचाश विमोचिनी कथा सुनाउँदछु । हे पिशाच हो स्थिर भई सुन, जो देवद्यूति ब्राम्हणले पिशाचलाई पिशाचत्त्वबाट छुटाउनु भएको थियो सो इतिहास हो ।। पहिले कालमा द्रविण देशमा सोम वंशका चित्ररथ नाम गरेका राजा पराक्रमी शस्त्र-अस्त्रमा निपुण भएका हात्ती घोडा रथ सेना एवं सुन, चाँदी, हिरा, मोती मणि, माणिक्य धेरै रत्न, धन, सम्पत्तीले परिपूर्ण भएका थिए ।। स्त्रीमा अति आशक्ति भएका राजा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं सुन्दरी युवतीका साथ क्रिडा गर्दथे । कडा क्रोधी थिए । मन्त्री भाइ भारदारहरूले भनेको धर्मपालना गर्न विरोध गर्थे, भगवान् विष्णुलाई निन्दा गर्दथे । विष्णुभक्त वैष्णवहरूलाई हकार्दै भन्थे को हो त्यो विष्णु भनेको ?, के तिमीहरूले देखेका छौ ?, किन त्यसको गुणगान गर्दछौ ?, भनेर भगवान्का भक्तहरूलाई हकारेर तर्साउने गर्थे ।।

दैववशले मोहित भएका राजा जति जति धर्म कर्म गर्ने नारायण भक्त थिए । तिनीहरूलाई क्रोधले दण्ड दिने काम गर्दथे । ब्राम्हणहरूलाई वैदिक धर्म, कर्म, यज्ञ, अनुष्ठान ब्रत, दान कुनै कर्म पनि गर्न दिएनन् । निष्ठुरी निर्दयी, क्रोधी, पुण्य, कर्मदेखि पराङ्मुख भएका राजाले यस्तो नीति लिएर कालरूप समान भई राज्य शासन गर्दथे ।। यसरी राज्य शासन गरेर धेरै दिनपछि मरण भएर गए । वैदिक विधानले दशक्रिया पनि भएन, यमराजका दूतहरू आएर पक्रिएर बाँधेर लाँदा भए ।

बाटोमा फलामका किला अग्नीले जलेर रहेको बाटोमा टेक्दै हिँड्नुपर्थ्यो । जुन मार्गमा सूर्यको किरणले अत्यन्तै तपित भएको थियो वृक्षहरूको छायाँ शीतल भने कतै थिएन । बल्दो अग्नीको ज्वालाले ढाकिएको थियो । बज्र समान चुच्चा भएका काक, गिद्ध, लाटाकोसेरा पंक्षीहरूले ठुङ्दथे । अरु ब्वाँसा, स्याल र कँत्ताहरूले टोक्दथे । त्यो भयावह मार्गमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापीहरुले रुने कराउने गरेको शब्द मात्र सुनिन्थ्यो । यस्तो मार्गको दुःख याताना न्यहोर्दै ती राजा यमलोक पुग्दा भए । यमलोकमा यमराज र चित्र गुप्तको आदेशले कठोर नरकको यातना भोग्दै एक नरकबाट अर्को नरक, अर्को नरकदेखि अर्को नरकको याताना भोग्दा भए ।

कठोर धेरै अति दुःख दिने ।। पापीहरुको सब सातो लिने
तामिश्रमाँहा पहिले लगेर ।। राख्दा भए शासन घेरदिएर

भिकेर तिनलाई तमिश्र नर्क ।। लाँदा भए अन्ध तामिश्र तर्फ
शासन बहुत् दि तीनलाई त्यहाँ । लाँदा भए रौरव नर्क महाँ

त्यसमा पनि शासन दण्ड दिई ।। कालसूत्र नामको नर्क माँहा लगि
शासन पिटाइ गरी धेर बन्धन राख्दा भए धेरदिन काल सूत्रमा
तापन् र सन्तापन नर्कमा फेर ।। लाँदा भए शासन दण्ड दी धेर

क्षणमै ती मूर्छा परी चेत जान्थ्यो ।। क्षणमै फिरी चेत
कन फेरी हुन्थ्यो ।
यस्तै गरी धेर अरु नर्क सारा ।। भोग्दा भए दुःख कठोर राजा

वशिष्ठ गुरु आज्ञा गर्नु हुन्छ, हे दिलीप महाराज यस्ता प्रकारले अरु नर्क प्रताप संताप काकोल, कुड्मल, पूतिमृतिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोहशङ्कु, मृगीयन्त्र, शाल्मलिमार्ग दुर्गम, भयङ्करपंन्थ एवं असिपत्र वन लोहचरक इत्यादि नाम गरेका नरकहरू माहाँ राजलाई लगेर घोर यातना दिने काम भयो ।। भगवान् विष्णुको द्वेश गरेको र कुशासन गरेको हुँदा एकाई युगसम्म नरकको यातना भोगाई नरकबाट निकालेर गिरिराज पर्वतमा पिशाच स्वरूप गराएर पठाइयो । त्यस पर्वतमा त्यो पिशाच भोक प्यासले आकुलब्याकुल भएर हिँड्न डुल्न लागे ।

कतै पनि आहार जल पाएनन्, यस्ता प्रकारले हिड्दा डुल्दा कुनै एक दिन पूर्वको केही सत्पुण्य फलले गरी ल्पक्षप्रस्रवण नाम गरेको वनमा पुगेर वयरको वृक्षको छाहारीमा बसेर दुःखित् भई हाहतोस्मी मरेनी भनेर ठूलो शब्द गरेर रुन कराउन लाग्दा भए रुँदै कराएर भन्दछन् । मैले यो दुःख, भोक, प्यास सहन परेको कारण सम्पूर्ण भूत प्राणीहरूलाई द्रोह गरेको फल भोग्नुपर्‍यो । मैले यो पिशाचत्त्व कसरी पार गर्न सकौंला । यो पापरूपी ठूलो समुन्द्रमा डुबेको मलाई हातमा समातेर कसले उद्धार गरीदेला भनेर पिशाचले अलाप विलाप गर्दा भए ।।

इति श्री पद्मपुराणे उत्तरखण्डे माघामासमाहात्मे ज्ञान सागरे वशिष्ठ दिलीप सम्वादें पिशाचाख्यानं नाम विंशोऽध्याय ॥ २०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ एक विंशोध्याय

श्री वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराजा वेदनिधी ब्राम्हणलाई र पिशाचहरूलाई लोमश ऋषि बताउनुहुन्छ । यसरी साह्रै दुःखित् भई पिशाचले अलाप विलाप गरेको देवद्यूति ऋषिले सुनेर करुणा लागेर को यसरी रुने कराउने गर्छ भनि त्यस जग्गामा गई हेर्दामा पिशाचलाई देख्नुभयो ।।

विकराल मुख भएको, पहेला आँखा भएको, डरलाग्दो ठाडा रौं भएको, मुख अनुहार कालो स्वरूपको, दोश्रो यमदूत समानको लामु जिब्रो चलाइरहेको, ओठ लामो भएको, जङ्घा विशालको शीर ठूलो, घाँटी लामो, हात गोडो लामा लामा भएको, मुख अनुहार चुच्चे, दुब्लो, आँखा गहिरो गाडिएको हाडमा छाला टाँसिएको यस्तो अद्‌भूत डरलाग्दो पिशाचलाई देखेर आश्चर्य भई देवद्यूति ऋषि सोध्नुहुन्छ यस्तो भिषण स्वरूप तिमी को हौं ?, काहाँबाट यहाँ आएका हौ ?, किन यसरी अलाप विलाप गरेर रुने कराउने गर्छौ ?, के कारणले गर्दामा तिम्रो यो अवस्था भएको हो ?, मलाई बताऊ, तिम्रो उपकार मैले के गर्नुपर्छ भन । मेरा आश्रम यो पहाड वनमा प्रवेश गर्ने प्राणीहरूले दुःख भोग्नु पर्दैन ।। जस्तै बैकुण्ठलोकमा आनन्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुख शान्तिपूर्वक बस्दछन् । त्यस्तै यो आश्रम वनमा पनि हर्षपूर्वक बस्दछन् ।

हे भद्र तिम्रो दुःखको कारण मौकामा नचुकाउ मलाई यथाशीघ्र बताऊ भनेर देवद्युति ऋषिले भनेको वचन सुनेर पिशाच हर्ष मन भई रुन कराउन छाडेर दुःखित् भई नम्रपूर्वक ऋषिजीलाई बिन्ती गर्दा भए ।। हे ऋषिश्वर हजुरको अमृतमय वचनले गरी मेरो सम्पूर्ण अङ्ग–अङ्गमा भएका तापहरू शान्त शीतल ठण्डा भए । जस्तैः ग्रीष्म ऋतुमा डढेलाले जलाएको वन जङ्गललाई मेघले वर्षा गर्दा शीतल ठण्डा हुन्छ, त्यस्तै मलाई भयो । हे गुरु मेरो केही सुकृति रहेछ र त्यसको फलले गर्दा हजुरको दर्शन मिल्यो केही पूर्वको सुकृति नभए सज्जन सत् पुरुषको दर्शन मिल्न सक्दैन ।

हे ऋषिश्वर मैले पूर्वजन्ममा राजा भएर राज्य शासन गर्दा भगवान् विष्णुको साहै द्वेष गरे भगवान्का भक्तहरूलाई दण्ड दिए अन्याय अत्याचार गरेर राज्य शासन गरे । त्यो पाप प्रकट भई यो दशामा परेको हुँ ।। हे ऋषिश्वर जो भगवान्को नाम हो प्राण जाने समयमा स्मरण गर्नाले बैकुण्ठ लोकमा जान्छन् । त्यस्ता भगवान्हरिको मैले दुष्ट भई द्वेष गरे, जसले यो चराचर संसारका प्राणीहरूलाई पालन गर्नुहुन्छ । जो भगवान्देखि तीनलोक चौध भुवनमा धर्म प्राप्त हुन्छ । जो प्रभु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मा सम्पूर्ण प्राणीहरूमा अन्तरआत्मा भइरहनुहुन्छ । त्यस्ता भगवान्मा मैले द्रोह द्वेष गरे कर्मको जो फल दिने भगवान् हुन् भनेर वेदले बताएको छ । ब्राम्हणहरू जसको जपतप यज्ञ आदिले पूजा आराधना गर्दछन् । त्यस्ता भगवान् परमात्माको मैले निन्दा द्वेश गरे । घरपरिवार सम्पत्ती सम्पूर्ण त्यागेर निसङ्ग भई वनमा गएर कन्तमूल खाएर वेदान्तवादी योगीहरू जसको उपाशना ध्यान गर्दछन् त्यस्ता भगवान्हरिको मैले द्रोह द्वेष गरे ।। ब्रम्हादि देवताहरू र योगी सनकादी ऋषिश्वरहरूले पनि मुक्तिको लागि पूजा आराधना गर्दछन् ।

त्यस्ता भगवान्हरिलाई मैले द्वेष द्रोह गरे जो यो विश्व प्रपञ्चको सनातन पुराण पुरुषोत्तम विश्वधाता भगवान् हो, त्यो आदि कालमा पनि उहाँ नै हुनुहुन्थ्यो ।। मध्यकालमा पनि उहाँ नै रहनुभएको छ ।। अन्य कालमा पनि वाँहा नै हुनुहुन्छ ।। जो भगवान् हो, उहाँको आदि मध्य अन्त्य छैन् अर्थात् जन्म, बृद्धि, मरण छैन । त्यस्ता परमेश्वर भगवान्को मैले द्वेश द्रोह गरे जो मैले पूर्व-पूर्व जन्ममा सुकृत पुण्यकर्म गरेको पनि भगवान् विष्णुको निन्दा द्रोह गरेको हुनाले ती सुकृति सबै भष्म भई गयो । अब केही कथं यो पापको राशीबाट छुटकारा पाए भगवान् नारायणलाई छाडेर अन्यत्र कतै पनि लाग्ने थिइन ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले विष्णु भगवान्‌को निन्दा द्वेष गरेको फलले गर्दा चिरकालसम्म नरकको यातना भोगेर नरकबाट निस्किएपछि पनि यो पिशाच योनीमा आएको हुँ । अहिले कर्मतन्त्रले गरी हजुरको आश्रममा आइपुगें । यो आश्रम तपोवनमा हजुरको दर्शनरूपी सूर्यको किरणले गरी मेरा दुःख ताप अन्धकार नष्ट भई गए । जहाँ जसको जन्म, मरण, बन्धन, सुख-दुःख भोग्नु व्यर्होनुपर्छ । सो जग्गामा कर्म वशले गर्दा गलामा घोक्रेठ्याक लगाएर पुऱ्याउँछ । यसकारणले यो समयमा पिशाचत्त्वबाट छुटकारा हुने उचित कार्य बताउनुहोस् किनकी परोपकार कार्यमा ढिला सुस्थितिर गर्नुहुँदैन ।

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज यसरी पिशाचले देवद्यूति ऋषिलाई बिन्ती चढाएपछि ऋषि भन्नुहुन्छ । अहो कस्तो आश्चर्य प्रकृतिको मायाले गर्दा देवदानव, मनुष्य सम्पूर्ण जनमोहित भई परमात्मा परमेश्वर भगवान्‌लाई पनि धर्म छाडेर द्वेष द्रोह गर्नु अचम्म छ । यो चराचर जगत्‌को सृष्टि स्थिति संहार गर्ने जो महेश्वर भगवान् हो, सम्पूर्ण भूत प्राणीहरूको आत्मस्वरूपी छ, त्यस्ता प्रभु परमात्मालाई निन्दा द्वेष गर्नु अनर्थ छ । जो भगवान्‌मा समर्पण गरे जति-जति धर्मकर्म जपतप, यज्ञ, अनुष्ठान गरेको ती सबै कार्य सफल हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ता भगवान्को भक्तिदेखि विमुख भएका जनहरूको अवश्य दुर्गति हुन्छ ।। चार वर्ण छत्तिस जातले वेदले स्मृति शास्त्रले पुराणले बताएको आचार धर्म पालना गरेर नारायणमा परायण भई केवल धर्मको सधैं सेवा गर्नु परम कर्तव्य हो । यदि शास्त्रको मर्यादा छाडेर अन्यत्र मार्गमा लागेमा त्यस्ता कुकर्मी जनहरू अवश्य नरक जानुपर्छ ।। यसकारणले वेद शास्त्रको मतमा सबै जनाले चल्नुपर्छ शास्त्रले निषेध गरिएका कर्महरू त्याग्नुपर्छ । घमण्डी भई आफ्नो कपोल-कल्पित शास्त्र कल्पना गरी फैलाएर अरुहरूलाई पनि छल गर्ने यस्ता कुशास्त्र मार्गले गर्दा कल्याणको मार्ग निरोध भई संसारलाई नाश गराउँदछ । जो मनुष्यहरू कु-संगति कु-शास्त्रमा लागेर भगवान्लाई सत्पात्र ब्राम्हणलाई धर्मकर्म जपतप दान पूजा आरधनालाई निन्दा द्वेष गर्छन भने त्यस्ता कुशास्त्रमा लाग्ने जनहरू नरकमा अवश्य जान्छन् ।। अहो कस्तो अनर्थ राजा भएर सद्मार्गमा लागेको पनि दैववश कुसङ्गतले गर्दा बुद्धि विभ्रम्सित भई यस्तो दशा न्यहोर्नु पऱ्यो ।

यस अर्थले वेद स्मृति पुराणशास्त्र छाडेर कु-पुरुषको संगती गरेर आचार भ्रष्ट गर्ने जनहरूले कसले दुःख विपत्ति न्यहोर्न नपर्ला अवश्य न्यहोर्नै पर्छ ।। श्रेय कल्याणको चाहना राख्ने बुद्धिमानी जनहरूले आ-आफ्नो धर्मको पालना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछन् । मूर्ख पापीहरु आफूले बनाएको कु-शास्त्र नियमले अरुलाई पनि विश्वास दिलाएर कुमार्गमा लैजान्छन् । मूर्ख जनहरू भगवान् शंङकर र भगवान् विष्णुमा भेदभाव राख्छन् । धर्मात्मा बुद्धिमानी जनहरू विष्णु र शिवमा कहिले पनि भेदभाव राख्दैनन् । यी द्रविण देशका राजा जगत्का प्रभु परमात्मा नारायणलाई निन्दा द्वेष गर्दा नरकको यातना भोगेर पनि पिशाचत्त्वमा गए । यसकारण श्रेय कल्याण चाहना गर्ने जनहरूले भगवान्को वेदशास्त्रको देवता ब्राम्हणको निन्दा द्रोह त्याग गरोस् ।। यति उपदेश गरेर देवद्यूति ऋषि पिशाचको हित हुने उपाय कार्य बताउनुहुन्छ-

हे बाबु माघमासमा अब तिमी जाऊ प्रयाग तीर्थमा
तिम्रो नाश हुनेछ निश्चय पनि पिचाशयोनी त्यहाँ

तीर्थराज प्रयाग स्नान् गरी लिए पूर्वे जनम्का कलुष्
सारा नष्ट गराई दिन्छ सहजै हुनेछ दिव्यै स्वरूप

स्वर्गैको सुख भोग गरेर रहनन् वेदले बताएको छ है
प्रयाग स्नान समान पुण्य अरुले मिल्दैन काहीं कतै

प्रायश्चित्तर यज्ञदान जपतपक्रिया र कर्मैहरू
योगभ्यास र ध्यान आदि जति छन् सारा कहेका अरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनले दिन नसक्ने पुण्यफल सब मिल्नेछ त्यो तीर्थमा
पापाचारी पनि छुटेर सब पाप पुग्नेछ स्वर्गैमाहाँ

संसारमा एकमात्र यही ढोका स्वर्गै र मोक्षै दिने
तीर्थराज प्रयाग स्नान् गरी हुने अन्यत्र नपाइने

पापको नेलकडीले कसेर रहेको त्यसलाई काट्ना कनै
तिखो बन्चरो एक जानि लिनु है प्रयागराज् तीर्थ नै

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप माहाराजा यस्ता प्रकारले देवद्यूति ऋषिले बताएर भन्नुहुन्छ, हे पिशाच मनुष्यहरूको पापराशी नाश हुँदैन भन्ने के कुरा जस्तै संसारको अन्धकारलाई शरद्कालको एक पूर्ण चन्द्रले प्रकाश शीतल पार्दछन् । त्यस्तै गङ्गा, यमुना, संगम, वेणी, तीर्थराज प्रयाग स्नानले सम्पूर्ण पापहरू नाश भई स्वच्छ बन्दछन् ।। म तिमीलाई गङ्गा, यमुना, संगम, वेणी, तीर्थराज प्रयागको महात्म्य बताउन असमर्थ छु । जुन गङ्गा, यमुना, वेणीको एककण जलस्पर्श गर्नाले केरल देशका एक ब्राम्हण प्रेतत्त्वबाट छुटकारा भएका थिए भनेर ऋषिले बताएको सुनेर पिशाच हर्ष मन भई दुःखबाट छुटे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समान भई सोध्न लागे, हे ऋषिश्वर ती केरल देशका ब्राम्हण को हुन् ?, के कारणले प्रेत भएका थिए ?, कसरी प्रेतत्त्वबाट छुटकारा भए ?, मेरा उपमा करुणा राखेर बिस्तारपूर्वक बताई बक्सियोस् भनेर पिशाचले सोध्दा भए ।

इति श्री पद्मपुराणे माघमासमाहात्म्ये उत्तरखण्डे वशिष्ठ दिलीप सम्वादें पिशाचाख्यान नामैकविंशोऽध्याय २१

अथ द्वाविंशोध्याय

वशिष्ट गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज लोमश ऋषिले वेदनिधी ब्राम्हणलाई अगाडि राखेर पिशाचहरुलाई यो इतिहास कथा बताउनु हुन्छ । पहिलो अध्यायमा पिशाचले केरल देशका ब्राम्हण के कसरी प्रेतत्त्वबाट छुटकारा पाए बिस्तारपूर्वक बताई बक्सियोस् भनेर बिन्ती चढाएपछि देवद्यूति ऋषि विस्तारपूर्वक बताउनुहुन्छ ।। हे वेदनिधी ब्राम्हण, हे पिचाश हो यो इतिहास पवित्र पुण्यदायक छ तिमीहरुलाई बताउँछु सुन्, केरल नाम गरेको देशमा वसुनाम गरेको एक वेद पठित ब्राम्हण थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनको दाजुभाइ बन्धुबान्धवहरूले धन सम्पत्ती हरण गरिदिए ती ब्राम्हण कङ्गाल भई दाजुभाइ बन्धुान्धव जन्मभूमि त्यागेर दुःखित् भई अन्यत्र देशमा जाँदा भए ।। एक देशबाट अर्को देश



(प्रेत बाटो रोकेर पन्थ ब्राम्हणसँग जल मागेको)

अर्को देशबाट अर्को देश घुम्दा घुम्दै धेरै कालपछि कुनै एकदिन तीर्थ जान भनेर हिंड्दा ठूलो जङ्गलमा पुग्दा भए ।

भोक प्यासले बाधा गऱ्यो । व्याधी पनि लाग्यो र त्यसै जङ्गल विध्याचल पर्वतमा मरण भए । तिनको दाहसंस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

और्ध देहिक क्रिया केही पनि भएन । त्यसकारणले गर्दा त्यसै निर्जन जङ्गल पर्वतमा दिगम्बर प्रेत भएर धेरैकालसम्म रहँदा भए ।। शित धूपले पीडित भई जल आहारको बञ्चित भएर लामो लामो स्वास फेरेर हाँ दैव भनेर हाकार गर्दथे । वायु रूपले यत्रतत्र डुल्दथे, ती प्रेतले कहीं कतै कसैको शरण आधार पाएनन् । दुःख सागरमा डुबेर मनमा सोच विचार गर्दा कतैबाट पनि मुक्त हुने उपाय भएन, आफूले दान धर्म नगरेको कुकर्मको फल अवश्य भोग्नुपर्छ ।। जो मनुष्यहरू अग्नीमा देवतादिहरूलाई आहुती दिंदैनन् । भगवान् गोविन्दलाई पूजा अर्चना गर्दैनन् । जसको आत्मज्ञान हुँदैन । पवित्र तीर्थबाट जो विमुख हुन्छन्, सुवर्ण बस्त्र तांवुल मणि, माणिक्य, अन्न, जल, फल आदि दुःखी गरिब ब्राम्हणहरूलाई दान दिंदैनन् । त्यस्ता मानिसहरू कर्मबाट च्यूत मानिन्छन् ।। जो मनुष्य धूर्त भई ब्रम्हस्व, परस्व, स्त्री धन हरण गर्छन् एवं बलजफतले, छलकपटले, चोरकर्मले, भान्छेवृत्तिले धन कमाउनेहरू एवं बालवृद्ध आतुर आपत परेका स्त्रीहरूमा दया उपकार नगर्नेहरू, विष खुवाउने, झुट्टा साक्षी बक्ने, पर स्त्रीमा गमन गर्ने, गाउँको यजमान गर्ने, बाबु-आमा, दाजु-भाइ, दिदी-बहिनी, छोरा-बुहारी, पत्नीलाई त्यागनेहरू एवं ।। कदर्य ।। लोभले गरी धर्म, कर्म, दान, ब्रत केही नगर्ने, घर परिवालाई पनि खान लगाउन नदिने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काममा मात्र घोटाएर धन कमाउनेलाई ।। कदर्य ।। भनिन्छ यस्ता कदर्यहरु लोभी नास्तिक धर्मध्वजी धर्मविध्वसी युद्धमा स्वामीलाई छाडी दिने, शरणमा आएकाको शरण नलिने, गौवध गर्ने, जग्गा लुट्ने त्यस्तै सुवर्णादि अपहरण गर्ने, अर्कालाई चुक्ली लगाउने, देवताको गुरुको निन्दा गर्ने, ठूला तिर्थ क्षेत्रमा दान लिने, अर्कालाई द्रोह गर्ने, जीव प्राणीको हिंसा गर्ने, जे जस्तो पनि दान लिने यी कहिएका कर्म गर्ने मनुष्यहरूले यस लोक र परलोकमा पनि सुख सन्तोष पाउँदैनन् ।

परलोकमा नरको यातना भोगेर पुनः यसलोकमा भूत, प्रेत, पिशाच, राक्षस, पशु, कुयोनीमा पटक पटक जानुपर्छ । त्यस्तै वृक्ष, लता, पतादि भई दुःख न्यहोर्नुपर्छ ।। यसकारणले शास्त्रले निषेधित् गरेको कर्महरू छाडेर शास्त्रले बताएका कर्म, यज्ञ, दान, जप, तप, तीर्थ, ब्रत, भगवान्को पूजा, गुरुको सेवा इत्यादि कर्महरू मानिसले अनिवार्य गर्नुपर्छ । धर्मकर्म छाड्नाले कोटी अनेकौ कुयोनीमा गई दुःख न्यहोर्नुपर्छ । यस अर्थले चार वर्ण छत्तिस जात सबैले धर्मको सेवा पालना निरन्तर गर्नुपर्छ ।

ऋषिजी बताउनुहुन्छ, हेर यस्तो प्रेतको गति देखेर अथवा सुनेर कुमार्ग त्यागेर धर्म मार्गमा लाग्नुपर्छ ।। यसरी केरल देशका ब्राम्हण प्रेत भई धेरै कालसम्म त्यसै पर्वत जङ्गलमा रहँदा भए । कुनै एकदिन त्यसै पर्वतको बाटो हिड्ने एक

Prof. Madhav Prasad Lamichhane Collection; Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बटुवा ब्राम्हण तीर्थराज प्रयागको जल दुईघडा लिएर भगवान् जनार्दनको पुण्यश्लोक गाउँदै आएको देखेर ती प्रेतले बाटोमा गएर आफ्नो डर लाग्दो प्रेतस्वरूपले बाटो रोकेर भन्दा भए । हे पथिक तिमी नडराऊ । मलाई पानी खान देऊ । यदि पानी खान दिंदैनौ भने मेरो प्राण जानेछ । यस्तो प्रेतले भनेको वचन सुनेर बटुवाले हर्षपूर्वक भन्दा भए यस्तो दुब्लो मलिन स्वरूपको दिगम्बर स्वरूपको मर्नलाई ठीक परेको जस्तो प्राण मात्र बाँकी रहेको विरूपको डरलाग्दो कालो, कैलो धुवा समानको चञ्चल नेत्र भएको पाउले पृथ्वीलाई नटेकेको मांसरहित हाड र छालामात्र शेष रहेको तिमी को हौ ?, के कारणले गर्दा तिम्रो यो अवस्था भएको हो ? भनेर बटुवा ब्राम्हणले सोधेपछि प्रेत भन्दछन् मेरो पूर्वजन्मको वृतान्त सुन्नुहोस्-

हे धर्मीष्ट कहन्छु सुन्नुसवहोस् मेरो जनम् पूर्वको
पैले केही पनि गरिन उपकार मेरो गति यो भयो

ब्राम्हण भैकन ब्रमकर्म महिले छाडेर लोभी भई
अर्काको जल अन्न खाई दिन् दिन् हिँड्थे खुशी मगन भै

एक्लै खान्थे न बाँडी क्यै चीज मिले मिष्ठान्नहेरू सबै
मैले दान गरिन जन्मभर तक् दिइन भिक्षा कवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खान एक मुठी दिइन कहिल्यै ती हन्तकारी कन
बलिफालनु विश्वदेव गरनु जन्मै भरी गरिन

संसारमा घुमदा र तीर्थ पुगदा पितृ र द्यौतादिको
पूजा तर्पण श्राद्ध आदि पनि क्यै गर्दै गरिन अहो

वर्षा धूप रशित नाश गरने छाता र जूत्ता अनि
जलै पात्र र औषधि र मसला गरिन् दान् क्यै पनि

गृहस्थी भई बास गरेर घरमा सेवा अतिथी कनै
मैले केही गरिन जन्मभर तक् व्यर्थै गरे जन्म नै

दुःखी अन्ध अनाथ बृद्धहरूमा दिइन दान् अन्न जल्
गोग्रास केही गरिन रोगीहरूको गरिन सेवा टहल

ब्राम्हणलाई दिइन दान तिलको गर्दै गरिन हवन
व्यतिपात परेको योगबीचमा गरिन क्यै दान सुन

संक्रान्ति अनि चन्द्र सूर्य ग्रहणै पर्दा पनि दान क्यै
मैले दान गरिन केही सबती सित्तै गए दिन् सबै

मुख्यै कार्तिका तिथीहरू सबै निष्फल भईगै गए
पितृका तिथी आठमघाहरू पनि त्यसैउडी गै गए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युगको आदि तिथी विषे पनि कुनै गरिन दान् विप्रलाई
तिलको तेल विषे दीपावली पनि गरिन् कार्तिक मै

सारा सौख्य र भोग आदि मिलने माघस्नान गङ्गाजीमा
सिंह राशी विषे बृहस्पति हुँदा गोदावरी तीर्थमा

मैले स्नान र दान गरिन कहिल्यै बञ्चित भई कर्मले
यस्तो प्रेतस्वरूप भएर अहिले हिड्नु पर्‍यो कष्ठले

प्रेत भन्दछन्, हे धर्मिष्ठ ब्राम्हण मैले पूर्व जन्ममा संकल्प गरेर दान गरिन कन्याराशीमा बृहस्पती हुँदा त्रिशुली र काली नदी सङ्गम वेणी देवघाटमा स्नान गरिन पौष माघ मासमा स्नान गर्ने धार्मिक जनहरूको लागि अग्नी ताप्न दाउरा मुडाँ ल्याएर अग्नी बाल्ने काम गरिन ।। शित ठण्डीले गर्दा पीडित भएका दुःखी गरिब ब्राम्हणहरूलाई बस्त्र जूत्ता दान गरिन, वैशाख जेष्ठ मासमा धूप गर्मीले आत्तिएका प्राणीहरूलाई जल दान पनि गरिन, मैले वरपीपल सारेर चौतारा शीतल छाहारी विश्राम स्थल पनि बनाइन ।

बन्धनमा परेको कुनै प्राणीहरूको बन्धनबाट छुटाइन, भयभित भई शरणमा आएका प्राणीहरूको मैले रक्षा गरिन उपवास बसेर एकादशीको ब्रतले भगवान् मधुसुदनलाई सन्तोष गराइन कठोर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कठोर चन्द्रायण व्रत गरिन तथा तप्तकृच्छ संतापन अतिकृन्छ व्रतहरूले इन्द्रादि देवताहरूको सेवा गरिन ।

हे धार्मिक ब्राम्हण मैले पूर्व जन्ममा यी धर्म कर्महरु कुनै पनि नगरेकोले यो जङ्गल पर्वतमा धेरै थरीथरीका स्वादिष्ट सुगन्धले युक्त भएका रसैरसले भरिपूर्ण भएका चराहरूले रूखबाट खसालेका फलफूलहरु यत्रतत्र छन् तथा झर्नाबाट झरेर आएका स्वच्छ स्वादिष्ट जलहरू पनि सुलभ छ तर कर्मवशले गर्दा यस्ता जलफल मैले खान पाउँदिन सक्तिन जसरी सर्प, वायुको आहाराले पनि बाँच्छ त्यस्तै वायुको आहारा गरेर बाँचेको छु । फेरि अर्को कारण पनि छ । दैव वश कर्मको फल भोग्न बाँचिरहेको छु । मनुष्यहरूले अप्राप्त वस्तु प्राप्त गर्न बुद्धिले, बलले, मन्त्रले, पराक्रमले, पुरुषार्थले अरु मित्रहरूको सहायताले अप्राप्त वस्तु प्राप्त गर्न सक्तैनन् ।

दुःख आपत्ति व्यहोर्नु रोग लाग्नु आफ्नो घर परिवार मित्रसँग बिछोड हुनु यी आदि हुनु एक दैव कारण छ । अर्थात् यो पूर्व कर्ममा नै लिएर आएको पाइन्छ । जस्तै कुरूप, नराम्रो रूप अङ्ग भएका, राम्रो आचार विचार व्यवहार नभएका, कुकुलमा जन्म लिएका, मूर्ख भएका, कुकर्म गर्ने निन्दित भएका, कातर पराक्रम पुरुषार्थ केही नभएका यस्ता जनहरू दैववश कर्म प्रधान भाग्यले गर्दा राज्य भोग गर्दछन् । त्यस्तै काना, खोरुन्डा, अभान्य, उदार चित्त नभएका,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नराम्रा नीति स्थिति भएका राम्रो गुण फल नभएका, नपुंसक यस्ता जनहरू पनि कर्मभाग्यले गर्दा राज्यमा प्रतिष्ठित भइरहेका छन् ।।

जो जसले दान गरेको छ तीलगाई सुवर्ण बस्त्र गौरी कन्या शैरया तांवुल घरजग्गा द्रव्य खाने पिउने खाद्य पदार्थ अन्न जल



(बाँनरले सारसलाई खुट्टा समातेर मार्ग खोजेको)

चन्दन अगर जे जति दान गरेको छ त्यसको फल अगाडी मिल्छ ।। यो पर्वत वनजङ्गलमा अरु बलवान राक्षस पिशाच पिशाची डरलाग्दा छन् । यिनीहरू यो पर्वत जङ्गलमा आहार पानी प्राप्त गर्दछन् तर मलाई भने मिल्दैन ।। हे धार्मिक ब्राम्हण यस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षस पिशाच पिशाचीहरु छन् भन्दा तपाई डराउनु पर्दैन । किनकी तपाई भगवान् गोविन्दको पवित्र भक्त हुनुहुन्छ । तसर्थ, तपाईलाई तिनीहरुले हेर्न छुन सक्तैनन्, विष्णुमा परायण भएका भक्तहरुलाई विष्णुकवचले गर्दा भूतप्रेत, पिशाच, पिशाची, राक्षस, पूतना, बेताल, कुष्माण्ड, गन्धर्व, डाडिकनी, शाङ्किनी, ग्रह, रेवती बृद्ध रेवती, मुख मुण्ड, ग्रहमुण्ड, क्रुरग्रह, यक्षग्रह, बालग्रह, दुष्टग्रह, बृद्ध ग्रह, मातृका ग्रह, भयङ्कर ग्रह, विनायक ग्रह, कृत्या सर्प अरु दुष्ट जनावरहरूले पनि हे धार्मिक ब्राम्हण वैष्णव पवित्र ब्राम्हणलाई हेर्न छुन सक्तैनन् ।।

पवित्र धर्मात्मा जनलाई रक्षा गर्छन् । पीडा गर्दैनन्, जसको मुखले भगवान् गोविन्द नारायण हे हरि भनेर नाम जप्दछन् । जसले वेद पढेको छ । जो पवित्र दानशील छ, त्यस्ता भक्तजनहरुलाई सर्वत्र अभय हुन्छ । हे ब्राम्हण देव म यस्तो प्रकारको फल भोग गरेर बस्दछु र बारम्बार विचार विमर्श गर्दछु । शोक गर्दिन किनकी जाम्वली नदीको तटमा सारसले भनेको वचन सुनेर म दुःखीत नभईकन यो वनजङ्गल, पर्वतमा घुम्दछु ।।

इति श्री पद्मपुराणे माघमासमाहात्मे उत्तरखेण्डे ज्ञानसागरे वसिष्ठ दिलीप सम्वादे पिशाच बोधोनाम द्वाविंशोऽध्याय ॥ २२ ॥ ६॥ ६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ त्रयोविंशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज लोमश ऋषिले वेदनिधी ब्राम्हण र पिशाच पिशाचीहरूलाई बताउनुहुन्छ । देवद्यूति ऋषि पिशाचलाई बताउनुहुन्छ, पहिला अध्यायमा प्रेतले जाम्वालिनी नदीको तटमा सारसको वचन सुनेर मन बुझाएर हिँडडुल गर्दछु भनेपछि पन्था ब्राम्हण सोध्नुहुन्छ, हे प्रेत सारसले के भनेको कुरा तिमीले सुनेका थियौ । सो कुरा मलाई यथाशीघ्र बताऊ भनेर पन्था ब्राम्हणले सोध्नुभएपछि प्रेत बताउँदछन् । हे, पन्था ब्राम्हण सारसले जे भनेका थिए, मैले सुनेको कुरा वृतान्त सुनाउँदछु सुन्नुहवोस् ।। धुसरा नाम पर्वतबाट आएकी जम्वलीनदी धुसरा पर्वत कावबाट बहदथिइन् ।

जल स्वादिष्ट थियो अरु धेरै जलाशय पनि थिए । त्यस जग्गामा मत्ताहात्तीहरू पनि बस्दथे । ताल वृक्ष फल धेरै थिए । घनघोर जङ्गल चारैतर्फ फैलिएको थियो । राम्रा स्वादिष्ट जामुना फलले भरिपूर्ण थियो । कुनै एक दिन घुम्दै जाँदा म त्यो वन पर्वतमा पुग्दो भयाँ र फल जल भोजनको लागि त्यस नदीतट वनमा रह्याँ ।। एक कुनैदिन टाढादेखि उडेर सारसका दुई दम्पत्ती त्यसै नदी तटमा आउँदा भए । त्यहाँ अरु पंक्षीहरू पनि धेरै थिए । नदीको जलपान गरी फलफूल खाएर आनन्दपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भार्यासित खेलवाड गरी नदीतट वरपर घुमफिर गरेर भार्याको बाया पखेटामा शिरमुख राखेर सारस सुत्ता भए । त्यसै समयमा एक वानर रातो मुख भएको राता राता आँखा, लामा लामा रौं, लामा नङ भएको, डण्डा हातमा लिएको, लामो पुच्छर क्रुर स्वभावको, बृक्षबाट ओर्लिएर जाहाँ सारसले सुतेको थियो ।

त्यहाँ सरासर आएर सारसको चरणमा दुई हातले समात्यो । अरु पंक्षीहरूले देखेर यथाशीघ्र उडेर अन्यत्र जग्गामा जाँदा भए । सारसी भने सारैनै डराएर रुँदै त्यहीं बस्दिभइन् । सारसको निद्रा भङ्ग भएर शिर उठाएर हेर्दा आफूलाई मार्न तयार भएर खुट्टासमाति रहेको भयानक वानरलाई देखेर सारस धैर्य भई मधुर स्वर वाणीले भन्दछन्, हे शाखा मृग हे वानर विना अपराधमा मलाई तिमी किन बाधा दुःख दिन्छौ ? अपराधी मानिसलाई राजाले दण्ड दिन्छन् हे वानर तपाई जस्तो उत्तम पुरुषले हामी जस्ता अहिंशक अर्काको बृत्ति नखाने जल फल खाएर आकाशमा उड्ने जङ्गलमा वास गर्ने आफ्नी पत्नीमा मात्र निरत भइरहने अर्काको पत्नीसँग सहवास नगर्ने अर्काको अपवाद निन्दा द्वेष नगर्ने कसैको केही कुरा न्यवहार अर्कालाई चुक्ली नलगाउने पंक्षी भई वनमा वास गर्ने भएका हामीलाई विना अपराधमा हे वानर श्रेष्ठ पीडा दिन तपाई जस्ता बुद्धिमानीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन, छोडी दिनुहोस् । तपाईंको पूर्वजन्मको वृतान्त म सम्पूर्ण जान्दछु । तर तपाई जान्नुहुन्न, यस्तो वचन सारसले भनेको सुनेर समातेको हात छाडेर केही पर सरेर वानर भन्दछन्- हे पंक्षी सारस तिमीले मेरो पूर्व जन्मको इतिहास कसरी जान्दछौ ?, तिमी ज्ञानहीन पंक्षी भई वनमा उड्ने, हिँड्ने म तिर्यक् योनी वानर भई हिंडने यो कुरा कसरी जान्यौ ?, मलाई बिस्तारपूर्वक बताऊ भनेर बानरले सोधेपछि सारस भन्दछन् । हे वानर श्रेष्ठ तिम्रो पूर्वजन्मको इतिहास सुनः

हे शाख मृग भन्दछु म सब वात् तिम्रो जनम् पूर्वको
पंक्षी भै कन जन्म लि पनि मलाई सम्पर्ण ज्ञान्ता रह्यो

राज तिमी थियौ पराक्रमी अघी विन्ध्याचल देशमा
तिम्रो गुरु पुरेत भएर महिले कर्मै गराउँथ्ये त्याहाँ

सोही कारणले गरेर अहिले हे श्रेष्ठ वानर मलाई
सारा काम र कर्म जो जति भए मालुम् छदैछन् सबै

तिम्ले शाशन राज्यको गरि लियौ पीडा दिई रैतिलाई
माया प्रेम भने थिएन तिमीमा धन मात्र गर्थ्यौ कमाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता रित्सित राज्य शासन गरी क्यै कालपछि मृत्यु भै
प्रजालाई पीडा गरेको पाप फल भोग्दा भयौ नर्क गै

पैलेनै लगि अग्निकुण्ड बीचमा राखेर पोली दिए
साह्रै दुःख कठोर शासन दिई घेर्दिन राख्दा भए

त्याहाँबाट झिकेर फेरी तिमीलाई लाँदा भए कुम्भि पाक
धेरै दुःख र दण्ड शासन कठोर गर्दा भए है कराल

हाँ हाँ कार गरेर रोई दिन दिन् भोगेर दुःख् यातना
पापको शेष लिएर वानर भई जन्मै लियौ फेर्यहा

राजा थ्यौ तिमी पूर्व जन्म बीचमा मथ्यें गुरूप्रोहित
तिम्ले मार्न मलाई योग्य अहिले हुँदैन है हे नृप

सारस भन्दछन्- हे पूर्व जन्मका राजा पहिले तपाईले
ब्राम्हणको बगैंचाको पाकेको केराको फल अनुमति विना

जबर्जस्ती लुटेर खाएका थियौ । त्यस पापको फलस्वरूप वानर भएर वनवाश गर्न अहिले परेको हो, पूर्वजन्ममा शुभ या अशुभ जे-जस्तो कर्म गरेको हुन्छ, त्यसको फ़ल अवश्य भोग्नुपर्छ । देवताहरूले पनि उल्लंघन गर्न सक्दैनन् । हे वानर म सारस पंक्षी भएर पनि तिम्रो पूर्वजन्म कर्म सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जान्दछु । अज्ञानले मलाई बाधा मोह गरेको छैन भनेर सारसले आफ्नो पूर्व जन्मको इतिहास बताएको सुनेर वारन सरसलाई भन्दछन्-

हे सारस तिमी यसरी पूर्व जन्मको ज्ञान भएका कसरी के कारणले गरी पंक्षी भएको हौ ? मलाई सम्पूर्ण वृतान्त बताउ भनेर वानरले सोध्दा भए ।

इति श्री पद्मपुराणे माघमासमाहाँत्म्ये उत्तरखण्डे ज्ञानसागरे
वसिष्ठ दिलीप सम्वादे वानर पूर्वजन्मकथनम् नाम
त्रयाविशोऽध्याय ॥२३॥ ॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥६॥
हरि ॐ तत्सत्

अथ चतुर्विंशोऽध्याय

वशिष्ठ गुरु राजा दिलीपलाई बताउनुहुन्छ । लोमश ऋषि वेदनिधी ब्राम्हणलाई र पिशाच पिशाचीलाई बताउनुहुन्छ । देवद्यूति ऋषि प्रेतलाई बताउनुहुन्छ । प्रेतले पन्था ब्राम्हणलाई बताउँदछन् । पहिला अध्यायमा वानरले सारसलाई तिमीले मेरो पूर्वजन्मको वृतान्त जान्दा रहेछौ । तिमी पनि के पापको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कारणले गरी पंक्षी भएका हौ ? त्यो वृतान्त मलाई बताउ भनेर वानरले सारसलाई भने पंछी सारस भन्दछन् ।

हे वानर म पनि पंक्षी योनी भएको कारण इतिहास बताउँदछु सुनः पहिले मैले तिमी राजा म पुरोहित भएको जन्ममा तिमीले सूर्य ग्रहणमा नर्मदा नाम नदीतट किनारमा धान्य पर्व सयमुरी धानको राशी धेरै ब्राम्हणहरूलाई दान दिन ठीक गरेको थियौ । म राजाको पुरोहित भई घमण्डले र लोभले गरी अरु ब्राम्हणलाई ठगी केही थोरै मात्र दान दिएर बाँकी सबै मैले लियाँ । ब्राम्हणको दान अपहरण गरेर लिएको पापले गर्दा मरण भएपछि कालसूत्र नरक तथा रक्त कर्दम नरकमा पर्दो भयाँ ।

जो रक्त कर्दम नरक हो, त्यसमा रगत र पीपको धाप थियो, कीराहरूले भरिपूर्ण थियो, दुर्गन्धले ढाकिएको थियो । त्यस्तो दुर्गन्ध धाप कीराहरूले भरिएको नरकमा मलाई लगेर उँधो मुख गरेर त्यो रक्त पिपले भरिएको घाममा नाभीसम्म गाडी दिए । कीराहरूले निरन्तर टोक्दथे, रगत पीप खान्थे, गिद्ध, कौवाहरूले ठुङ्दथे, स्वास रोकिन्थ्यो, एक मुहूर्त पनि कल्पसमान हुन जान्थ्यो । यसरी नरकको यातना तीसहजार वर्षसम्म भोग्नुपर्‍यो । हे वानर त्यो दुःख यातना यति यस्तो हो भनेर म बयान गर्न सक्तिन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुरोहित कर्म गरेर जीविका गर्नु तथा मठ मन्दिरको पूजारी भई जिविका गर्नु महाघोर पापको कारण हो । अझ विशेष गरेर राजाको दान लिनु ता झन कठोर छ । यसले नै ब्राम्हणहरू दग्ध हुन्छन् । अझ अरु ब्राम्हणको दानसमेत हरण गर्नाले सरासर नरकको गति हुन्छ राजाले अर्थात् यजमानहरूले जे-जति पाप गरेको हुन्छ, ती सम्पूर्ण पापको संकल्प गरेर दान लिएर पूरा पाप धारणा गर्ने हुनाले पुरोधस प्रोहित भनेर नाम रहेको हो भनेर तत्त्ववादी ऋषि महर्षिहरूले बताएका हुन् ।

हे वानर मैले पूर्वजन्मको पापले गर्दा नरकको यातना भोगेर नरकबाट निस्किएर कर्मवशले गर्दा पंक्षी योनी पाञा फेरि अर्को कारण पनि थियो । मैले भगिनीको घरबाट काँसको वर्तन चोरेर जवाडेलाई बेचेको थिएँ । त्यस पापले गर्दामा म सारस पंक्षी भएको हो । यी मेरी पत्नी सहधर्मिणी पूर्वजन्ममा ब्राम्हणी थिइन् । यिनले पनि कास्यपात्र चोरेको पापको कारणले गर्दामा सारसी भई मेरी भार्या भएकी हुन् । हे वानर मैले जो तिम्रो मेरो पूर्वजन्मको भए ब्यहोरेको कर्मफल बताए ।

वर्तमान् जन्ममा ब्यहोरेर आएको ज्ञान छदैंछ । अब उप्रान्त हुने भविष्य पनि सुनः यो जन्म पार गरेर म हंश हुनेछु, यी मेरी पत्नी पनि हंश हुनेछिन्, तिमी पनि हंश हुनेछौ र हामीहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामरु देशमा सुख-दुःख व्यहोरेर बस्नेछौं, तद्पश्चात यी मेरी पत्नी योगीनी हुनेछिन्, त्यसपछि हामीहरू दुर्लभ मानिस चोला पाउनेछौं, जुन मनुष्य जन्ममा कल्याण विपरित कर्म गर्नाले यो भवसागरको चक्करमा भगवान् शिवको मायाले गरी प्राणीहरू सुख-दुःख, स्वर्ग-नर्क, पशुपंक्षी, तीर्यक् मनुष्य अनेकौं भई लोकको प्रवृत्तिको लागि मार्गको निर्माण गरेको छ ।

यो मार्गमा धर्म अधर्मले गर्दा सुख-दुःख, हर्ष-विष्मत भई चलिरहेको छ । यसकारणले सम्पूर्ण मनुष्यहरूले बारम्बार धर्म पालना गरेर भगवान्को सेवा गर्नुपर्छ । धर्म विना यो भवसागर पार गर्न देव दानव मानिस अन्य व्याघ्र पशुपंक्षी पतङ्ग सम्पूर्ण प्राणीहरू धर्मविना संसारको दुःख सङ्कट मार्ग अतिक्रमण गर्न समर्थ हुँदैन । विरक्त भएका योगी वेदवेदान्तमा पार भएका वेदान्तवादी पनि यो संसार चक्रमा घुम्दछन् ।

कसैलाई पनि छुट छैन । साक्षात् महेश्वर भगावनले अणु मात्र परिमाण होस् वा ठूलो राशी होस् पुण्य होस् वा पाप होस् त्यो सम्पूर्ण जानेर समय अनुकूल फल दिनुहुन्छ । यस्तो विधिको विधान ईश्वरको माया जानेर बुद्धिमानीहरू कहिले पनि शोक पनि गर्दैनन्, तपित पनि हुँदैनन्, व्यथित पनि हुँदैनन् । हे वानर पूर्वकर्मको फललाई बुद्धिले बलले उपायले देवताहरूले पनि उल्लङ्घन गर्न सामर्थ छैन । हे वानर पहिलो जन्ममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिमी राजा थियौ, त्यसपछि नरकमा गयौ । अहिले वानर जन्म लियौ फेरि पनि अर्को जन्म लिन जानुपर्छ ।

हे वानर यस्तो कर्म फल जानेर शोक छाडेर आनन्दपूर्वक यसै वनजनङ्जलमा आहार विहार गरेर काल पर्खिरहुँ । म पनि ईश्वरको मायाले बद्ध भएर वनजङ्गल, पहाड, पर्वत घुमीघुमी धैर्य भएर यो सारस चोला पार गर्दछु भनेर सारसले भनेको पूर्वजन्मको इतिहाससमेत सुनेर वानर सारलाई भन्दछन्- हे सारस मेरो पूर्वजन्मको सम्पूर्ण वृतान्त जान्दा रहेछौ । मैले पूर्वजन्ममा गुरु मानेर पुजित गरेको रहेछु ।

अहिले पनि नमस्कार गर्छु । हे सारस सारसीका साथ आनन्दपूर्वक आहारविहार गरेर रहुँ सधैंभर तिम्रो कल्याण होवोस् । तिम्रो बचनले गर्दा मेरो अज्ञान मोह गयो । अब आनन्द भएर सधैं भर यथेष्ट घुमफिर गर्दछु भनेर विदावादी भई गए । प्रेत भन्दछन्- हे पन्था ब्राम्हण यो विचित्र मनोहर परं पवित्र पंक्षी र वानरको सम्वाद जाम्वली नदीको तटमा जुन बखतमा सुन्दो भया, त्यस दिनपछि मलाई ज्ञान प्राप्त भयो, शोकसूर्ता नाश भयो, हे ब्राम्हण श्रेष्ठ यस समयमा जान्हवी नदी जलको परं अद्भूत महात्म्य देखेर तृष्णाले व्याकुल भई प्रेतत्त्वबाट छुट्न गंगा जल माग्दछु, हे ब्राम्हण देव यसै पर्वतमा मैले यी गङ्ग जलको आश्चर्य देखेर जलपान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न इच्छा गरेको हो । यसै विषयमा म अर्को एक इतिहास बताउँदछु सुन्नुहोस्ः कोही एक परियात्र वंशका ब्राम्हणले

(पन्थ ब्राम्हणले प्रेतलाई जल दिएर प्रेतत्वबाट छुटाएको)

यजमान गर्न अयोग्यको यजमान गर्नाले विन्ध्याचल पर्वतमा ब्रम्हराक्षस हुँदा भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो सङ्गतमा आठ वर्षतक राक्षस भइरहे त्यसपछि उनका सुपुत्रले अस्तु लगेर तीर्थराज प्रयागमा सेलाई दिए तत्क्षणमै कठोर ब्रम्हराक्षसबाट छुटेर गए । यस्तो प्रयागराज गंगाको ठूलो महत्त्व प्रत्यक्ष देखेर तपाईसँग जलको प्रार्थना गरेको हो ।। मैले पहिले तीर्थमा धेरै दान लिएको थिएँ । त्यसको प्रतिकार दान जप गरिन । त्यसकारणले गरी यो घोर प्रेत रूप भएको हो जल आहार भोजन गर्न मलाई दुर्लभ भयो विन्ध्याचल पर्वतमा प्रेत भइरहेको एक हजार वर्ष बित्यो ।

हे धार्मिक ब्राम्हण मैले आज लाज पचाएर तपाईलाई दुष्कर्मको भोग भोगेको दुःख बताएँ । यस समयमा मलाई यथाशीघ्र जलदान दिनुहोस्, मेरो प्राण कण्ठमा आइसक्यो, प्राणीहरू सबै बाँच्न इच्छा गर्दा रहेछन्, शरीरको रक्षा सधैं गर्नै पर्दोरहेछ, प्रेत भएर पनि बाँच्न पर्दोरहेछ, कुष्ठरोग लागेको मानिस पनि मर्न इच्छा गर्दा रहेछन् । प्रेतको यस्तो प्रार्थना सुनेर पान्थ ब्राम्हण ठूलो आश्चर्य भई प्रेत उपरमा दया राखी विचार गरेर भन्न लाग्दा भए, हेर यो संसारमा पाप र पुण्यको फल प्रत्यक्ष देखिने रहेछ, देवता, दानव, मनुष्य, पशुपंक्षी, किटपतङ्ग इत्यादि नाना योनीमा जन्म लिएर अन्धा, अपाङ्ग, वैरखञ्ज, नाना रोगन्याधीले पीडित भई बालवृद्ध तरुण जस्तो अवस्थामा पनि मृत्यु भई जान्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कति ऐश्वर्यवान बन्दछन्, कति दरिद्री बन्दछन्, कति पीडित बन्दछन्, कति मूर्ख बन्दछन्, यो चराचर संसारमा कर्मको भोग गर्दछन् ।।

यो कर्मभूमि मर्त्यलोकमा जसले न्यायपूर्वक अर्थआर्जन गरेर सद्पात्रलाई दान दिन्छन् भने तिनै मनुष्यहरूले आफ्नो कल्याण साधना गरे । भूमिदान, रत्नदान, सुवर्णदान, गाईदान, धान्यदान, गृहदान, हात्ती, घोडा, रथ, बस्त्र, ग्राम, सिधान्न, जल, फल, कन्या, दिव्यौषदि, छाता, जूत्ता, उत्तमआशन, तांबुल, पंखा, खाट यी वस्तुहरू उत्तम लोक चाहना गर्ने जनहरूले आफ्नो औकात अनुसार दान गरोस् ।

स्वर्गमा पनि यहाँ दान गरेको मात्र उपभोग गर्न पाइन्छ । यस लोकमा पनि उपभोग गर्ने वस्तुहरू छाता, जूत्ता, चामर, विमान, उत्तम घोडा, हात्ती महल, उत्तम शैरया, गाई, भैंसी, पशु, धन, सुन्दरी पत्नी, सुपत्रु, रत्न, भूषण, मोती, दास, दासी, उत्तम कुलको जन्म, दीर्घायु निरोग, ऐश्वर्य, विद्या, कला, कौशल, इत्यादि यस लोकमा पनि दानधर्मको प्रभावले मात्र मानिसले प्राप्त गर्दछन् ।। तसंर्थ यत्नपूर्वक दान दिनुपर्छ ।

दान विना यस लोकमा र परलोकमा पनि प्राप्त हुन सत्तैन भनेर पन्था ब्राम्हणले बताएको सुनेर प्रेत दुःखीत भई फेरी भन्दछन्- हे पन्था ब्राम्हण तपाई धर्मज्ञानी हुनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा केही सन्देह नगरी मेरो प्राण बचाउनको लागि जलदान दिनुहोस् । जस्तो तृषित भएको काका कुललाई मेघले वर्षा गरेर जल दिन्छन्, त्यस्तै गरी तृषित पीडित भएको म प्रेतलाई ढिला सुस्ती नगरी जल दानले प्राणको रक्षा गर्नुहोस् भनेर प्रेतले बिन्ती बिसाएपछि पान्थ ब्राम्हण न्यायपूर्वक भन्दछन् :

हे प्रेत सुन लौं माता पिता मेरा बस्छन् भृगु क्षेत्रमा
तिनका निम्ति प्रयागराज जललि आउँदैछु मार्गै माँहा

धर्मा पुग्न नपाउँदै बीचमहाँ माग्छौ तिमी तीर्थ जल
यसमा उचित हुन्छ के गरी यहाँ जान्दिन गर्छु विचार.

राजसूय र अश्वमेध गरि जो मिल्ने छ पुण्यै जति
प्राणीको कन प्राण रक्षण समान हुँदैन तिनले त्यति

गर्छन् देव ऋषिहरू यही बयान् सम्पूर्ण शास्त्रादिको
तिम्रो प्राण यदि बाँच्छ लौ पनि भने दिनेछु जल दान यो

फर्की जान्छ प्रयागराज जल लिनै माता पितालाइ अनि
मेरो यही अठोट् भयो अब यहाँ सत्धर्म यै हो भनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्छन् पंडितले पनि यही कुरा परोकारै सरी
छैनन् जानि लिनु अवश्य अरुले दिदैंन फल तेसरी

अर्काका उपकारलाई कतिले प्राणै समेत् अर्पिए
जलदान् दिन्छु अवश्य आज अहिल्यै उध्दारा हुने भए



(लोमश ऋषिले पिशाचहरू साथ लिएर प्रयाग जान लागेको)

पैल्है कालमाँहा दधिची ऋषिले यो मर्त्यभूमि माहाँ
गाएको यही दिब्य श्लोक छ अझै शास्त्रादिहेरु माहाँ

चारै वेद पुराण शास्त्रहरूको सारांश जो धर्म हो
ठूला ऋषि महर्षिहेरू सबको सम्मत् पनि यै भयो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस भैकन जन्मली पृथ्वीविमा धनले र प्राणले भयो
गर्नुपर्छ परोपकार सबले यै हो मतै शास्त्रको

अर्काको उपकार गर्‍यो यदि भने सौ यज्ञको फल दिने
अर्कालाई पीडा दियो पनि भने नर्कै माहाँ भासिने

यस्तो बत् गरी धर्मनिष्ठ द्विजले, गङ्गा यमुनाजी जो
प्रेतको प्राण बचाउना जलदिए प्रयागराज तीर्थको

प्रेतले खुशी भएर पान जल गरी शीर्मा अभिशेष गरे
छाडी प्रेत स्वरूप सुन्दर स्वरूप द्यौता समानका भए

यस्तो अद्‌भूत कर्मदेखि द्विजले आश्यर्चमैं मन्महा
लागे भन्न अहो प्रेत्वत्व छुटि गो प्रयाग जलैले यहाँ

ब्रम्हाको पनि शक्ति छैन जलको गुण्को बयान गर्नलाई
साक्षात् शंकरले शिरमा धारण गरे शक्ति छ गंगाजीलाई

गंगाको यति शक्ति भन्न कनता सक्दैन कोही पनि
तिल्को मात्र प्रमाण पान जल गरे सिध्यैकी द्यौता हुने

संसारको भूमरी माहाँ घुमी लिनै पर्दैन है गर्भबास
सन्सारदेखि तरेर स्वर्ग पुरीमा गर्छन् सधैं भर्निबास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गंगाजीको समान अरुहरू सबले मिल्लन सक्तैन सिद्धि
गंगाजीकै समान अरुहरू कतिले हुन सक्तैन बुद्धि

गंगाजीको समान अरुहरू कतिले मिल्न सक्तैन मुक्ति
गंगाजीको समान अरुहरू जति छन् दिन सक्तैन त्यत्ति

तस्मात् यत्नै उपायै गरिकन जनले भक्ति गंगाजीको जो
गर्छन् दिन-दिन निरत यदि भइ मोक्ष भै जादछन् सो

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराजा यस्ता प्रकारले गंगा यमुना संगम तीर्थराजप्रयागको जल पान अभिशेष गरेर प्रेतत्त्वबाट छुटकारा भई दिव्य देह भएर दिव्य पुरुष भन्छन्, हे धार्मिक पान्थ ब्राम्हण तपाईंको चिरायु होस्, धर्मले कहिले पनि नछाडोस्, तपाईंले दया राखेर गंगा जल दिएर मेरो प्रेतत्त्व छुटाउनु भयो भनेर धेरै धेरै आशिर्वाद दिएर विदा भई स्वर्गलोक जाँदा भए ।

केरल देशका पान्थ ब्राम्हण पनि हर्ष मन भई फेरि प्रयागमा गएर जल लिएर त्यही मार्गबाट आई भृगु क्षेत्रमा बसेका आफ्ना माता पितालाई तीर्थराज प्रयागको जल दिंदा भए । वशिष्ट गुरु राजा दिलीपलाई बताउनुहुन्छ, लोमश ऋषि, वेदनिधी ब्राम्हण र पिशाच पिशाचीलाई बताउनुहुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेतले देवद्युति ऋषिबाट यस्तो तीर्थराज प्रयागको महात्म्य सुनेर ऋषिजीलाई नमस्कार प्रमाण गरेर माघमासमा तीर्थराज प्रयाग स्नान गर्न यथाशीघ्र जाँदा भए गङ्गा, यमुना, संगम, श्वेत र कृष्ण जल मिश्रित वेणीमा स्नान गरे तीर्थराज प्रयाग स्नान पुण्यको प्रभावले पापजति नाश भई प्रेत, देह त्यागेर पूर्वजन्मका द्रविण देशका राजा दिव्यदेह हुँदा भए ।।

दिव्य देह पाएपछि भक्तिपूर्वक भगवान् नाराणको स्तुति गर्दा भए । त्यहाँ उप्रान्त पापदोषले रहित भएका राजाको स्वर्गका गन्धर्व अप्सरा आएर स-सम्मानपूर्वक नाचगान गर्दा भए तद्पश्चात् द्रविण देशका राजा उत्तम विमानमा बसी स्वर्गलोकको प्रस्थान गर्दा भए । लोमश ऋषि वेदनिधी ब्राम्हणलाई बताउनुहुन्छ, हे वेदनिधी ब्राम्हण मैले जो यो पूर्व वृतान्त इतिहास हर्ष उल्लास दिने सुन्नाले मात्र तत्क्षणमा नै पापनाश भई ज्ञानोदय हुने अन्तिममा मोक्षसमेत दिने दुर्गतिको नाश हुने भएको इतिहास बताएँ ।।

इती श्री पद्मपुराणे माघमासमहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे प्रेत स्वर्गलोक गमनम् नाम चतुर्विशोध्याय ॥ २४ ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पंचविंशोऽध्याय

वशिष्ठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज लोमश ऋषिले प्रयागको महात्म्य इतिहाससमेत बताएर वेदनिधी ब्राम्हणलाई फेरि भन्नुहुन्छ- हे वेदनिधी ब्राम्हण मैले यो पुरानो इतिहास बताएको सुन्नाले दुर्गति नाश हुन्छ । हर्ष आनन्द मिल्छ । अब उप्रान्त यी गन्धर्व कन्या र तपाईंका छोरा तपाईंसमेत भई मेरा साथमा सद्गति प्राप्तिका लागि तीर्थराज प्रयागमा जाऔं, जो तीर्थराज प्रयाग हो देवताहरूले पनि पाउनलाई दुर्लभ छ । सो तीर्थमा माघस्नान गरुन्, तीर्थस्नानको प्रभावले पापरूपी पिशाचत्त्वबाट छुट्नेछन् । भगवान् शङ्कर पार्वतीलाई बताउनुहुन्छ, हे पार्वती वशिष्ठको मुख कमलबाट निस्केको मधुर रस कथा लोमश ऋषिले सुनाएर ती वेदनिधी ब्राम्हण बटु औं गन्धर्व कन्यासमेत लिएर आकाश मार्गले गरी तीर्थ राज प्रयाग जानलाई प्रस्थान गर्नुभयो ।

वष्शिठ गुरु बताउनुहुन्छ, हे दिलीप महाराज जो गङ्गा, यमुना, सङ्गम, श्वेत र कृष्ण जलमिश्रित प्रयागराज तीर्थको महिमा सुन्नुहोस्, लोमश ऋषिले तिनीहरूको ठूलो काम साधना गर्न साथै लिएर यथाशीघ्र आकाश मार्गले जाँदामा तीर्थराज प्रयाग समीप पुगेपछि, सबैजना हर्षित हुंदा भए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोमश ऋषिले दयापूर्वक भन्नुभयो- हेर, तीर्थराज प्रयाग आइपुग्यो दर्शन गर यो उत्तम पावन तीर्थमा ज्ञानविना स्नान गर्नाले पनि सम्पूर्ण जिवात्माहरू मुक्ति हुन्छन् । यही प्रयाग



(गन्धर्व कन्याहरूले ब्रम्हचारीसँग बिबाह गरेको)

तीर्थमा ब्रम्हाजीले यज्ञ गरेर यज्ञको पुण्य प्रभावले सृष्टि गर्न सामर्थ भई सृष्टि गरेको हो । यही तीर्थमा पत्नीको कामनाले भगवान् नारायण विष्णुले स्नान गर्नुभयो । स्नानको पुण्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभावले गरी समुन्द्र अमृत मन्थन गर्दा उत्पत्ति भएकी लक्ष्मीलाई नारायाण विष्णुले प्राप्त गर्नुभयो । यही तीर्थमा ६ महिनासम्म निवास गरी भगवान् शिवजीले स्नान गर्नुभयो । त्यस स्नान पुण्यफलको प्रभावले गरी त्रिपुरलाई तीनवाणले दग्ध गराउनुभयो । तीन वाणका अग्नी ज्वालाले बनेको तीनवटा अग्निकुण्ड यी हुन्- यी कुण्डहरू सर्वदा प्रदीप्त रहन्छन् । यहाँ नै त्रिपुरदाह गरी अग्नितृप्त भएर पुष्ट भएका हुन् । यहाँ नै तेत्तिस थरीका देवताहरू तृप्त भएर आनन्द पाएको हो । यहाँबाट नै कपालधारी, नीलकण्ठ भगवान् महेश्वर आविर्भाव हुनुभएको हो । सो महेश्वरलाई देवदानव मनुष्य सबैले सेवा गर्छन् ।

मृकण्डका पुत्र माण्डेय ऋषि प्रलयकालमा यिनै वटु महेश्वर योगरूपी जनार्दनको स्वासले खिचिएर मुखबाट पेटभित्र पसेर बसेका थिए । यी भागीरथी गंगा, भगिरथ राजाले ठूलो तपस्या प्रार्थना गरेर मर्त्यमण्डलमा ल्याउँदा गङ्गाजीको वेगलाई साक्षात् भगवान् शीवजीले शिर जटामा राख्नुभएको हो । शिवजटाबाट झरेकी हुन् । यी गंगाजीले सम्पूर्ण दुःख विनाश गर्छिन्, भुक्ति मुक्ति दिनमा सामर्थ छिन्, ठूला सिद्ध मुनिश्वरहरू पनि सिद्धिको लागि यिनको सेवा गर्दछन् ।

यी भागिरथी गंगा निरन्तर ऐश्वर्य दात्री छिन् । यिनैद्वारा स्वर्गजाने मुख्य उत्तम मार्ग हो स्वर्गगति दिने कारणी छिन् । अर्की नदी यमुना छिन्, जसको जलमा स्नान गर्नाले पापहरू विनाश भई सम्पूर्ण प्राणीहरूले भुक्ति मुक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँदछन् । यी दुई गंगा यमुना महानदीको सङ्गम सुखदायक छ । यहाँ स्नान गर्ने ज्ञानी नरक पर्दैनन् । ज्ञानरहित जीवहरू पनि गंगा, यमुना, संगम, प्रयागमा स्नान गर्नाले मुक्ति हुन्छन् । लोमश ऋषि बताउनुहुन्छ, हे वेदनिधी ब्राम्हण म एक इतिहास बताउँछु सुन्नुहोस् : यो इतिहास सुन्नाले पाप र रोगसमेत नाश हुन्छ ।

पहिले कालमा ऋचिक ऋषिको श्रापले गरी एक गन्धर्व काक भएका थिए । यही प्रयाग तीर्थमा स्नान गरेर श्रापबाट मुक्त भई आफ्नो स्थान प्राप्त गरे । इन्द्रमहाराजको श्रापले उर्वशी अप्सरा स्वर्गदेखि भ्रष्ट भई मर्त्यलोकमा आउनुपर्‍यो । तीनले पनि यही तीर्थराज प्रयागमा स्नान गरेर स्नानको पुण्यको प्रभावले गरी थोरै कालमा स्वर्गगति प्राप्त गरिन् । पुत्रको कामनाले ययाति राजाले पनि यही प्रयागमा स्नान गरेर स्नानको पुण्यफलले कल्याणकारी छोरा पाए । पहिले इन्द्र महाराजले धन ऐश्वर्यको कामना राखी यही प्रयागमा स्नान गरे स्नानपुण्यको फलले गर्दा कुवेरको नौ निधी खानी धन सम्पत्ति अपहरण गरेर लिए । पहिले कालमा कश्यप ऋषिले यही प्रयाग तीर्थमा स्नान गरेर भगवान् शिवजीको तप आराधना गर्नु भएको थियो । यही तीर्थमा भारद्वाज ऋषिले स्नान गरेर योगसिद्धी पाएका थिए । सन्तन नाम ऋषिले पनि यही तीर्थमा स्नान गरेर योगेश्वर सिद्धि पाए ।

शौनकादि ऋषिश्वरहरूले पनि यही तीर्थमा स्नान गरेर योगको फल पाएर ठूला योगेश्वर भएका हुन् । जो जतिले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि माघमासमा यो गङ्गा, यमुना, सङ्गम, तीर्थराज, प्रयागमा स्नान गर्दछन् । ती सबै तारास्वरूप भएर यो जगतलाई प्रकाश पार्दछन् । यस लोकको कामना राखेर स्नान गर्नेलाई यसै लोकमा सुखसम्पत्ति ऐश्वर्य यथेष्ट हुन्छ । स्वर्ग मोक्षको कामना राखेर स्नान गर्नेलाई स्वर्ग मोक्ष मिल्छ । लोमश ऋषि बताउनुहुन्छ, हे वेदनिधी ब्राम्हण सिद्धि साधन गर्ने जनलाई सिद्धी मिल्छ ।

यसबखतमा तपाईका पुत्र र गन्धर्व कन्याहरू पिशाचत्त्वबाट मुक्ति हुन चाहना राखेको छन्, मेरा बचनले गरी यी गंगा यमुना, सङ्गम, श्वेत र कृष्ण जल मिश्रित वेणी प्रयागमा तपाईसमेत भई स्नान गरुन् पहिलेको पाप तीर्थराज प्रयागको शक्तिले विध्वङ्स भई अखिल लक्ष्मी प्राप्त गर्नेछन्-

यस्तो सत्य बचन तीलोमशजीको सुन्दा भए थे जसै
साह्रै चित्त प्रश्न भैकन त्यहाँ स्नान गर्न लागे तसै

दुर्लभ तीर्थ प्रयागराज जलमा गर्दा भए स्नान् जब
छाडी प्रेतस्वरूप पूर्व रूप नै हुँदा भए ती सब

देखी सुन्दर पुत्रको रूप स्वरूप कन्याको पनि
लागे गर्न स्तुती ती लोमशजीको हर्षै भई मन अनि

हे सर्वज्ञ ऋषे छुटाउनु भयो पिशाचदेखि सबै
गर्नु उचित हुन्छ के अब यहाँ बालकहरूको अबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो बिन्ती सुनेर वेदनिधीको लोमश् ऋषिले त्यहाँ
आज्ञा गर्नुभयो विचार गरी खुब न्याये उचित कार्यमा

कुमारले पढीवेद समापन गरे सुन्दर स्वरूप छन् युवा
यिन्कै साथमाहाँ कन्याहरू सबै आशक्ति भाको हुँदा

गर्नुपर्छ विवाह साथ यिनको कन्याहरूको सबै
यिन्को ब्रत जति हो समाप्त हुन गो लाग्दैन दोष क्यै अबै

लोमशको बचन सुनेर अनि फेर आज्ञा पिताको लिई
विवाहको सरजम् तयार गरी लिएँ तीर्थै प्रयागमा रहीं

सुदिन् हेरी महँर्त पारी विधव् मङ्गल बचनले गरी
विवा गरिदिए ती पाँच युवती शास्त्रै विधान्ले गरी

हर्षै हर्षै भयो मनोरथ पुग्यो कन्याहरूको सबै
बम्हाचारी पनि प्रशन्न हुनु भो पाएर कन्या कनै

कार्यै सिद्ध गरी विदावारी भई सबको नास्कार ली
आफ्नो आश्रम मेरु पर्वत महा पाल्नु भयो ऋषिजी

छोरा एक बुहारी पाँच कन साथलाई अगाडि महा
पाल्नुभो खुशी भै वेदनिधी ऋषि कुवेरको देशमा

वष्शिठ गुरु आज्ञा गर्नुहुन्छ, हे दिलीप महाराज यसरी माघमासमा विद्वान लोमश ऋषिको उपदशेले चित्त पग्लिएर गन्धर्वकन्याहरूले तीर्थराज प्रयागमा स्नान गरेर सम्पूर्ण पाप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पखाली पिशाचत्त्वबाट मुक्त भई मनोरथ सिद्ध भएर पतिका साथ जाँदा भए । यो इतिहास तीर्थ महिमाले युक्त भएको परं पवित्र छ । जो मनुष्यले नित्य सुन्छ, सुनाउँदछ ।

ती दुवै सुन्ने सुनाउनेहरूको दुःख दरिद्र नाश भईजान्छन् सम्पूर्ण कामनादीहरू सिद्ध हुन्छन् । यस लोकमा सुख सम्पत्ति उपभोग गरेर परलोकको लागि ठूला-ठूला धर्मले प्राप्त गर्न नसक्ने बैकुण्ठ लोकको गति मिल्छ । यो माघमास महात्म्य इतिहास सुनेर वाचक पंडितको पूजा गर्नु, गाई, सुवर्ण, बस्त्रादि, सिधान्नहरू यथाशक्ति दान गर्नु, वाचक पंडित विष्णु स्वरूप समान हो, वाचकको पूजा गर्नाले भगवान् विष्णुको पूजासमान हुन्छ, कामना सफल पार्न इच्छा राख्ने जनहरूले वाचक पंडितको पूजा गर्नु योग्य मानिएको छ ।

इति श्री पद्मपुराणे माघमहात्म्ये उत्तरखण्डे ज्ञानसागरे वशिष्ठ दिलीप सम्वादे पंडित रङ्गनाथ नेपाल सरलीकृत भाषा गध्य पध्यायां गन्धर्व कन्या परिणयोनाम पंचविंशोऽध्याय ॥ २५॥

ॐ पूर्ण मद पूर्णमिदं पूर्णात् पूर्णमुदच्येते पूर्णस्यपूर्णमादाय पूर्णमेवाव विशष्यते ॐ शान्ति ॐ शान्ति ॐ शान्ति श्री कृष्णार्पणमस्तु हरि ॐ तत्सत् ।

□□□

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्पाञ्जली

उपनयतु मङ्गल वाः
सकल-जगन्मङ्गलालय श्रीमान् ।
दिनकर किरण-निवोधित
नव-नलिनदलनिभेक्षणः कृष्णः ।।

काले वर्षतु पर्जन्यः पृथिवी सस्यशालिनी
देशोऽयं क्षोभरहितो ब्राम्हणाःसन्तु निर्भयाः ।
अपुत्राःपुत्रिणाःसन्तु पुत्रिणाःसन्तु पौत्रिणाः
निर्धनाः सधनाः सन्तु जीवन्तु शरदां शतम् ।।
तत्रैव गङ्गा यमुना च तत्र
गोदावरी सिन्धु सरस्वती च ।
तीर्थानि सर्वाणि वसन्ति तत्र,
यत्राच्युतोदारकथा प्रसङ्गः

या कुन्देन्दुतुषरहारधवला या शुभ्रबस्त्रावृता
या वीणा वरदण्डमण्डितकरा या श्वेतपद्मासना ।
या ब्रम्हाऽच्युतशंकर प्रभृतिभिर्देवैः सदा वन्दिता
सा. मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ।।

कायेन वाचा मनेसेन्द्रियैर्वा
बुद्ध्यात्मना वाऽनुसृतः स्वभावात् ।
करोमी यद्यत्सकलं परस्मै
नारायणायेति समर्पये तत् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

नाम : रङ्गनाथ(हरि) उपाध्याय नेपाल
जन्म : २००४ जेष्ठ शुक्ल एकादशी
ठेगाना : नुवाकोट जिल्ला
रातमाटे गाविस, वडा नं. ३
पिता : रेवती रमण नेपाल
माता : रेणुका देवी नेपाल

संख्या : १००१ प्रति
प्रकाशन मिति: पौष शुक्ल एकादशी २०६३
मुद्रण : एभरेष्ट प्रिन्टिङ प्रेस ४-४४४२०५

Prof. Madhav Prasad Lamichhane Collection